सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ मंसिर २०८२, सोमबार (8 Dec 2025, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २२८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अनियमिततामा ठुला दल र ठुला कर्मचारीकै संलग्नता

अदालत पुग्यो ८ अर्ब ३७ करोड भ्रष्टाचारको मुद्दा

लागत बढाउँदै २४ करोड ४० लाख ४० हजार डलर पुऱ्याएर विभिन्न चरणमा गरियो भ्रष्टाचार। तत्कालीन पाँच मन्त्री, १० पूर्वसचिवसहित ५५ जना र ठेकेदार कम्पनी सिएएमसीविरुद्ध मुद्दा दायर। जनही आठ अर्ब ३७ करोड बिगो दाबी। विमानस्थल बनाउन लिइएको २१ करोड ५९ लाख ६५ हजार डलर ऋण नागरिकको थाप्लोमा।



सुवास भट्ट/नयाँ पत्रिका

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा आठ अर्ब ३७ करोड भ्रष्टाचार भएको ठहर गर्दै अख्तियारले पाँच पूर्वमन्त्री र १० पूर्वसचिवसहित ५५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। अख्तियारले तत्कालीन पर्यटनमन्त्रीहरू पोष्टबहादुर बोगटी, रामकुमार श्रेष्ठ, भीम आचार्य र दीपकचन्द्र अमात्य तथा तत्कालीन अर्थमन्त्री डा. रामशरण महतको संलग्नता किटान गरेको हो।

बोगटीको निधन भइसकेकाले अख्तियारले उनकी पत्नी राममायालाई हकवाला प्रतिवादी कायम गरेको छ। चिनियाँ ठेकेदार सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडविरुद्ध पनि मुद्दा दायर भएको छ। उनीहरूले विमानस्थल निर्माणमा लागत अनुमानको तुलनामा अस्वाभाविक मूल्य बढाएर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ।

विमानस्थल निर्माणका लागि स्वीकृत तथा बोलपत्रमा समेत आह्वान भएको लागत १६ करोड ९६ लाख ९७ हजार अमेरिकी डलर थियो। तर, त्यसलाई बढाएर २४ करोड ४० लाख ४० हजार ४५० डलरमा ठेक्का सम्झौता कार्यान्वयन गरेर भ्रष्टाचार गरिएको अख्तियारको निष्कर्ष छ। यसरी अस्वाभाविक बढाइएको लागत सात करोड ४३ लाख ४३ हजार ४५० अमेरिकी डलरलाई नै हरेक प्रतिवादीलाई बिगो कायम गरेर मुद्दा दायर गरेको छ जुन तत्कालीन नेपाली विनियम ११२.५५ रुपैयाँका दरले आठ अर्ब ३६ करोड ७३

» पृष्ठ २ मा क्रमशः

यसरी बढाइयो लागत

प्राधिकरण सञ्चालक समितिको ६ असोज ०६७ को बैठकले स्वीकृत गरेको लागत अनुमान

१४ करोड ५० लाख अमेरिकी डलर

सिएएमसीले परियोजना कार्यान्वयनका लागि २६ मंसिर ०६८ मा पेस गरेको प्रस्ताव

२८ करोड ६५ लाख २६ हजार डलर

प्राधिकरण सञ्चालक समिति सदस्य मनोज कार्की संयोजकत्वको समितिले स्वीकृत गरेको लागत र बोलपत्र आह्वान भएको रकम

१६ करोड ९६ लाख ९७ हजार डलर

मन्त्रिपरिषद् निर्णयको अपव्याख्या गरी प्राधिकरणका अधिकारीसँगको मिलेमतो र सिएएमसीले नै सम्भाव्यता अध्ययन गरी तय गरेको लागत

२६ करोड ४९ लाख ५९ हजार डलर

सर्वोच्च अदालतका पूर्वरजिस्ट्रार डा. रामकृष्ण तिमिल्सिनाको संयोजकत्वमा परामर्शदाता टोलीले सिएएमसीसँग मिलेमतो गरी कायम गरेको तथा सञ्चालक समितिसमेतले वैधता दिएको लागत अंक

२१ करोड ५९ लाख ६५ हजार डलर

८ जेठ ०७१ मा प्राधिकरण र सिएएमसीबिच विमानस्थल निर्माणका लागि सम्झौता रकम

२४ करोड ४० लाख ४० हजार डलर

(प्रोभिजनल सम र भ्याटसमेत)



डा. रामशरण महत
अर्थमन्त्रीका रूपमा संलग्न

- ठेकेदार कम्पनीसँग मिलेमतो गरी संशोधित लागतमा आयोजना अघि बढाउन विभिन्न मन्त्रालयका सचिव र कर्मचारीको बैठक राखी मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्ताव पेस गर्ने निर्णय गरेको
- सम्झौता भएको रकमका लागि ऋण सहायता माग गर्न 'एक्जिम बैंक अफ चाइना'मा पत्राचार गर्ने निर्णयमा संलग्न भएको



पोष्टबहादुर बोगटी
पर्यटनमन्त्रीका रूपमा संलग्न

- प्राविधिक रूपमै अस्वीकृत भइसकेका बोलपत्रदाताको कानुनविपरीत आर्थिक प्रस्ताव खोल्ने निर्णय सञ्चालक समितिबाट गरे
- प्रभावग्राही नभएको बोलपत्रदातासँग ठेक्काबारे पुनः वार्ता गर्न नमिल्ने रायविपरीत लागत अनुमानभन्दा ८५% बढी कबोल गर्ने सिएएमसीसँग वार्ताका लागि निर्णय गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगेको



रामकुमार श्रेष्ठ
पर्यटनमन्त्रीका रूपमा संलग्न

- सिएएमसीको सम्भाव्यता अध्ययनमाथि सहमति गरेपछि परामर्शदाता टोली गठन गरेको
- परामर्शदाता टोलीले अत्यधिक बढाएर तोकेको संशोधित लागत २१५.९६५ मिलियन अमेरिकी डलरलाई सञ्चालक समितिबाट अनुमोदन गरेर त्यसैअनुसार निर्माण कार्य अघि बढाउन स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेको



भीमप्रसाद आचार्य
पर्यटनमन्त्रीका रूपमा संलग्न

- बढाइएको लागतमा ठेक्का अघि बढाउन मन्त्रीस्तरीय निर्णय गरेको
- मन्त्रिपरिषद्को निर्णय र खरिद कानुनविपरीत परियोजनाका काम अघि बढाउने निर्णय गरेको
- २१५.९६५ मिलियन डलर लागत अनुमान र बिओक्यू मोडललाई इपिसी मोडलमा परिमार्जन गर्ने निर्णय, सिएएमसीसँग सम्झौता गर्न प्राधिकरणलाई पत्र पठाउने निर्णय



दीपकचन्द्र अमात्य
पर्यटनमन्त्रीका रूपमा संलग्न

- विमानस्थल इपिसी मोडलबमोजिम प्राधिकरणबाट परिमार्जित लागत तथा डिजाइनअनुसार कार्यान्वयन स्वीकृति दिने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेको

■ मुद्दा दायर भएका पूर्वमन्त्री, सचिव र महानिर्देशकबाहेकका व्यक्ति र कम्पनीको सूची पृष्ठ २

यी हुन् मुद्दा दायर भएका १० पूर्वसचिव


सुशील घिमिरे


सुरेशमान श्रेष्ठ


सुमनप्रसाद शर्मा


भेषराज शर्मा


मोहनकृष्ण सापकोटा


सुरेश आचार्य


रञ्जनकृष्ण अर्याल


मधु मरासिनी


डा. रामकृष्ण तिमिल्सिना


सूर्यप्रसाद आचार्य

उड्डयन प्राधिकरणका तीन महानिर्देशक


त्रिरत्न मानन्धर


रतिशचन्द्रलाल सुमन


प्रदीप अधिकारी

ठेकेदार कम्पनीलाई सम्झौताविपरीत दिइएको थियो दुई अर्ब २२ करोड ४० लाख रुपैयाँ कर छुट



०७४ चैतदेखि ०७८ असोजसम्म सातपटक गरेर कर छुट दिँदा केपी ओली र शेरबहादुर देउवा प्रधानमन्त्री थिए। यी निर्णय, ३२ करोड रुपैयाँ अतिरिक्त भुक्तानी र परामर्शदाता नियुक्तिमा २८ लाख डलर भुक्तानीको तीनवटा विषयमा छुट्टै अनुसन्धान गर्ने अख्तियारले जनाएको छ।

म्यानमारमा अनलाइन स्क्यामिङ धन्दामा लगाइएका ४६ नेपाली उद्धारको पर्खाइमा



गोल्डेन ट्र्याङ्गल (म्यानमार, लाओस र कम्बोडियाको सीमाक्षेत्र)मा सयौं नेपाली रहेको अनुमान

(विस्तृत पृष्ठ ३)

बैंकमा ५१ अर्बको गैरबैंकिङ सम्पत्ति

बैंकहरूले सकार गरेको गैरबैंकिङ सम्पत्ति तीन वर्षभित्रै बिक्री गर्नुपर्ने बाध्यता हट्यो

आंशिक सञ्चालनमा आयो रसुवागढी जलविद्युत्

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उच्चपदस्थको बयान लिने जाँचबुझ आयोगको तयारी

तत्कालीन एआइजी, आइजिपी, गृहसचिव हुँदै गृहमन्त्री लेखक र प्रधानमन्त्री ओलीको पनि बयान लिने योजना

नयाँ पत्रिका

जेन-जी आन्दोलनको मानवीय तथा भौतिक क्षतिको छानबिन गर्न गठन भएको जाँचबुझ आयोगले अब उच्चपदस्थको बयान लिने तयारी गरेको छ। फिल्डमा खटिएका तथा अन्य केही उच्चपदस्थ कर्मचारीको बयान लिइसकेको आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखक र प्रधानमन्त्री केपी ओलीसम्मलाई बयानको दायरामा ल्याउने तयारी गरेको हो।

आयोगले आन्दोलनका वेला काठमाडौंका प्रमुख जिल्ला अधिकारी रहेका सहसचिव छवि रिजाल तथा काठमाडौंका प्रहरी प्रमुख रहेका विश्व अधिकारी (हाल डिआइजी)सँग चार दिनदेखि बयान लिइरहेको छ।



- **विज्ञानराज शर्मा**, प्रवक्ता, आयोग

बयानको काम तीव्र रूपमा भइरहेको छ। तत्कालीन सरकारमा रहेकालाई पनि छिट्टै बयानमा बोलाउँछौं।

गत बुधबारदेखि उनीहरूको बयान लिन थालेको हो। आयोगका एक

» पृष्ठ २ मा क्रमशः

■ चुनावमा जाने पार्टी निर्णयलाई चुनौती दिँदै कांग्रेसका आठ निवर्तमान सांसद सर्वोच्चमा

संसद् पुनर्स्थापनाका लागि रिट

■ देउवा-ओलीबिच भेटवार्तालगत्तै कांग्रेसका आठ निवर्तमान सांसद सर्वोच्चमा

■ २१ फागुनका लागि निर्वाचन घोषणा भएको तीन महिनापछि तथा केही दिनअघि मात्रै पुस अन्तिममा महाधिवेशन गर्ने पार्टी निर्णयपछि देउवा पक्षधर नेता नै संसद् ब्युँताउने मागमा



- **सुशीला थिङ**, निवर्तमान सचेतक

पार्टीले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक भनेकाले सोहीअनुसार पुनर्स्थापनाको माग गरेका हौं। सल्लाहमै रिट लिएर गएका हौं।

प्रेम गौतम/नयाँ पत्रिका

'वर्तमान राजनीतिको उचित निकास निर्वाचन रहेको ठहर गर्दै त्यसमा भाग लिने' पार्टी निर्णयलाई चुनौती दिँदै विघटित प्रतिनिधिसभाका

» पृष्ठ २ मा क्रमशः

कांग्रेसको रिटले अब निर्वाचन बिथोलिने क्रममा गयो

चुनावमा जाने पार्टी निर्णयलाई कांग्रेसका सांसदहरूले व्यक्तिगत रूपमा चुनौती दिएका होलान् कि नेतृत्वको समर्थनमा ?

सचेतक बनाउने नै संसदीय दलको नेता (शेरबहादुर देउवा)ले हो। प्रमुख सचेतक र सचेतकले नै रिट हालेपछि संसदीय दलको नेताको समर्थनमा होइन भन्न सकिँदैन। त्यसकारण अब निर्वाचन बिथोलिने क्रममा छ।

एमालेपछि कांग्रेस सांसद पनि सर्वोच्च गएपछि फागुनमा चुनाव हुँदैन भन्ने हो ?

ओली संसद् पुनर्स्थापनाकै कुरा गर्न देउवाकहाँ पुगेका हुन्। उनीहरूबिच राष्ट्रिय सभामा पनि मिलेर जाने र संसद् पुनर्स्थापनामा पनि सँगै जाने कुरा भए होला। त्यहीअनुसार कांग्रेस सर्वोच्च गयो। चुनावलाई छल्ने-पन्छाउने नीति दुई ठुला पार्टीको हो भने यो अभियान अब चल्यो भनेर बुझ्नुपर्छ। हिजो ओली-देउवा भेट्नु, आज रिट पर्नु र राष्ट्रिय सभा निर्वाचन आउनुले दुई ठुला पार्टी


अन्तर्वार्ता

पुरञ्जन आचार्य, विश्लेषक

२३ भदौभन्दा पहिलेको स्थितिमा पुग्न प्रयत्न गर्दै छन् भन्ने देखिन्छ।

महाधिवेशनका लागि कांग्रेस चुनाव सार्ने योजनामा त छैन ?

फागुनमा निर्वाचनका लागि थुप्रै ओभरल्यापिङ थिए। नेपालमा अहिलेसम्म फागुनमा चुनावै भएको छैन। १६–१७ जिल्लामा हिउँ पर्ने भएकाले चुनाव सम्भव छैन। चैतमा चुनाव हुँदा त कति ठाउँमा खाली बुथ ल्याउनुपरेको थियो। क्यालेन्डर नहेरी हचुवाको भरमा निर्णय भएको देख्छु। कांग्रेसको महाधिवेशन पनि र निर्वाचनको मिति यसै पनि सच्याउनुपर्नेजस्तो थियो। दुई ठुला पार्टी पुनर्स्थापनामा जाँदा सर्वोच्च अदालतका न्यायाधीश प्रभावित हुन्छन्। किनभने, त्यही भागबन्डाबाट न्यायाधीश भएका छन्। तिनीहरूलाई प्रभावित गर्नका लागि पनि यो रिट जरुरी थियो। यसले चुनावी माहोल बिथोल्छ।

■ एमाले महाधिवेशन आउन पाँच दिन बाँकी

ओली-पोखरेल भिडन्त तय, १४ पदाधिकारीको अझै अनिश्चय

नेतृत्वका लागि आमने-सामनेका कमान्डर तय भए, पदाधिकारीका आकांक्षीहरूको व्यवस्थापन, सम्भावित सहमति र पदाधिकारी संख्या हेरफेर हुन सक्ने देखिएकाले प्यानल निर्माणमा अलमल

सर्वसम्मतिको कोसिसपछि मात्रै अरू प्रक्रिया अघि बढ्छ



- **प्रदीप ज्ञवाली**, उपमहासचिव

अहिले व्यवस्थापकीय तयारीका काममै केन्द्रित छौं। तर, सर्वसम्मतिका लागि विधान संशोधनलगायतका विषयमा के गर्न सकिन्छ भनेर अध्यक्षले आवश्यकताअनुसार अब बस्ने केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी बैठकमा छलफल गर्नुहुन्छ। त्यसअनुसार नै प्रक्रिया अगाडि बढ्छन्।

अर्को टिम (संस्थापन)तिर हेर्छौं र हाम्रो गृहकार्य गर्छौं



- **विनोद ढकाल** (पोखरेल पक्षधर नेता)

हामीले प्यानलबारे छलफल सुरु गरेका छैनौं। ठोस गृहकार्य उम्मेदवारी मनोनयनपछि नै हुन्छ, उता (अर्को टिम)तिर पनि हेर्छौं।

पदाधिकारी संख्या अझै स्पष्ट छैन। त्यसैले ठोस निष्कर्षमा पुगेका छैनौं।



■ पुरानै नेताको व्यवस्थापन कठिन, महासचिवमा शंकर पोखरेललाई दोहोऱ्याउने कि नयाँ खोज्ने ओलीका लागि सबैभन्दा ठुलो चुनौती

■ पृथ्वीसुब्बा गुरुङलाई आफ्नो समूहमा तानेर महासचिव दिने र संस्थापनलाई कमजोर बनाउने विद्या-ईश्वरको रणनीति

■ पदाधिकारीको संख्या बढाउनेदेखि ४० मुनिका युवा समेट्नेसम्मका विकल्प दिएर ओलीलाई सर्वसम्मत अध्यक्ष बनाउने संस्थापनको गृहकार्य



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेको ११औं महाधिवेशन (२७-२९ मंसिर) मा अध्यक्ष पदका दाबेदार केपी ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबिच प्रत्यक्ष प्रतिस्पर्धा निश्चितजस्तै भएको छ। तर, महाधिवेशन सुरु हुन पाँच दिन मात्रै बाँकी रहँदा दुवै समूहले प्यानल गठन गर्न सकेका छैनन्। गत भदौको विधान महाधिवेशनबाट पारित विधानमा १५ सदस्यीय पदाधिकारी प्रस्ताव छ।

पार्टीको आगामी नेतृत्वका लागि कमान्डर तय

» पृष्ठ २ मा क्रमशः

रास्वपाले प्रत्यक्ष चुनाव लड्न इच्छुकसँग पनि माग्यो आवेदन

आवेदन शुल्क २५ हजार

समानुपातिकतर्फ शुल्क ५० हजार

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवारी दिन चाहनेलाई आवेदन पेस गर्न आह्वान गरेको छ। उम्मेदवार छनोट समिति संयोजक विपिन आचार्यले आइतबार सूचना जारी गर्दै प्रत्यक्षतर्फ पार्टीको आन्तरिक उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन इच्छुक योग्यता पुगेका पार्टी सदस्यहरूलाई उम्मेदवार छनोटको रूपरेखाबमोजिम उम्मेदवारी आवेदन खुला गरिएको जानकारी दिएका हुन्।



आचार्यका अनुसार इच्छुकले पार्टीको आधिकारिक मोबाइल एपमार्फत आवेदन दिन सक्नेछन्। आवेदन शुल्क २५ हजार तोकिएको छ। विपन्न आवेदनकर्ताका लागि भने कागजात हेरेर शुल्क मिनाहा गर्ने भनिएको छ।

रास्वपाले यसअघि १८ मंसिरमै समानुपातिकतर्फ उम्मेदवारी आह्वान गरेको थियो। उम्मेदवारीका लागि आवेदन दिने समय २५ मंसिरसम्म छ। रास्वपाले आन्तरिक रूपमा 'प्राइमेरी इलेक्सन' गरेर उम्मेदवार छनोट गर्दै आएको छ।

संसद् पुनर्स्थापनाका...

पृष्ठ १ बाट क्रमशः

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरे र सचेतक सुशीला थिङसहित आठ सांसद संसद् पुनर्स्थापनाको माग लिएर सर्वोच्च अदालत गएका छन् । विघटित प्रतिनिधिसभाको दोस्रो ठुलो दल एमालेले पहिला संस्थागत रूपमा यस्तो कमद चालेको अवस्थामा ठुलो दल कांग्रेस संसदीय दलको महत्त्वपूर्ण भूमिकामा रहेका नेताहरू सर्वोच्च जानुलाई राजनीतिक र कानुनी वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ ।

जेन-जी आन्दोलनपछि गठित अन्तरिम सरकारले संसद् विघटन गर्दै २१ फागुनका लागि प्रतिनिधिसभा निर्वाचन घोषणा गरेको तीन महिनापछि तथा केही दिनअघि मात्रै पुस अन्तिममा महाधिवेशन गर्ने पार्टी निर्णय आएकै वेला कांग्रेसका निवर्तमान सांसदहरू संसद् ब्युँताउने माग लिएर सर्वोच्च पसेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीबिच शुक्रबार भेटवार्ता भएपछि कांग्रेस सांसदहरू सर्वोच्च गएका हुन् । यद्यपि, कांग्रेसले यसलाई संस्थागत रूपमा भने स्विकारेको छैन ।

कांग्रेस निवर्तमान सचेतक सुशीला थिङले पार्टीले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक भनेकाले रिट लिएर गएको बताइन् । आफूहरूको तर्फबाट अधिवक्ताले रिट निवेदन दिएको बताइन् । उनले सल्लाहमै रिट दायर गरेको बताइन् । तर, शीर्ष तहको सल्लाहबारे भने उनले खुलाउन चाहिनन् ।

'पार्टीले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक भनेकाले हामीले सोहीअनुसार प्रतिनिधिसभा पुनर्स्थापनाको माग गरेका हौँ । रिट दायर गर्न वारेस दिएर वकिललाई जिम्मा दिएका छौँ,' थिङले भनिन्, 'अहिले हामी आठजनाले निवेदन अघि बढाएका छौँ । बाँकी थप्दै जाने भन्ने छ । सल्लाहमै रिट लिएर गएका हौँ ।'

घिमिरे (सिन्धुली- १), थिङ (सिन्धुली), नागिना यादव (महोत्तरी), शान्ति परियार विक (चितवन), जावेदा खातुन (बर्दिया), सीताकुमारी राना (दैलेख), दीपक खड्का (संखुवासभा- १) र आशा विक (बाँके) को तर्फबाट निवेदन दिइएको छ । उनले स्वस्फूर्त रूपमा अगाडि बढेको दाबी गरिन ।

कांग्रेसनिकट वरिष्ठ अधिवक्ता खम्बबहादुर खातीले कार्यसम्पादनको निर्णयसँग मेल खाने गरी रिट लिएर गएको दाबी गरे । 'कार्यसम्पादन समितिले संसद् विघटनलाई असंवैधानिक भन्यो । त्यसले अदालत जाने बाटो खोल्यो । तर, पार्टीको अख्तियारी प्राप्त भएर निवेदन गएको होइन,' वरिष्ठ अधिवक्ता खातीले भने ।

रिट अध्ययनको क्रममा रहेकाले आइतबार दर्ता भएको छैन । अध्ययनकै क्रममा रहेकाले सोमबार रिट दर्ता हुने बताए । रिट दर्ताको जिम्मा पूर्वमहान्यायाधिवक्ता एवं वरिष्ठ अधिवक्ता खातीलाई दिइएको छ । उनी कांग्रेसको निर्वाचन समितिको संयोजकसमेत हुन् ।

सर्वोच्च अदालतका सहरजिस्ट्रार एवं प्रवक्ता अर्जुनप्रसाद कोइरालाले रिट पेस भएको बताए । 'रिट आज पेस भएको छ । अध्ययनको क्रममा भएकाले दर्ता भइसकेको छैन,' उनले भने । एमालेले यसअघि नै प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्चमा रिट दर्ता गराइसकेको छ ।

२३-२४ भदौको जेन-जी आन्दोलनपछि कांग्रेस-एमालेको गठबन्धन सरकार ढलेर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा २७ भदौमा अन्तरिम सरकार बनेको छ । सोही दिन कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी २१ फागुनका लागि निर्वाचनको मिति तोकिएको छ । सरकार र निर्वाचन आयोगले निर्वाचन प्रक्रिया अघि बढाइरहेको वेला कांग्रेस सांसदहरू सर्वोच्च गएका हुन् । पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा सरकार बनाउन नमिल्ने दाबी रिटमा गरिएको छ ।

कांग्रेसका ८८ सांसदमध्ये ४५ जनाले हस्ताक्षर गरिसकेको अवस्थामा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले घिमिरेलाई हस्ताक्षर नगर्न निर्देशन दिएपछि रोकिएको थियो । त्यतिवेला सभापति देउवा उपचारका लागि सिंगापुरमा थिए । तर, सभापति देउवा सिंगापुरबाट फर्केर एमाले अध्यक्ष ओलीसँग भेटवार्ता गरेपछि कांग्रेस सांसदहरू सर्वोच्च गएका छन् ।

कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले भने निर्वाचनमा भाग लिने निर्णय गरिसकेको छ । कांग्रेसले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक भन्दै अदालतले निरूपण गर्ने निष्कर्ष निकालेको छ । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै रिट दायर गर्ने पार्टीको निर्णय नभएको बताए । 'प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्चमा रिट दायर गर्ने पार्टीको आधिकारिक निर्णय होइन । हामीले केन्द्रीय कार्यसमितिबाट निर्वाचनमा भाग लिने निर्णय गरेका छौँ' उनले भने, 'यद्यपि, प्रतिनिधिसभा विघटनलाई पार्टीले असंवैधानिक र अलोकतान्त्रिक भनेको छ । यसैलाई आधार मानेर केही साथीहरू सर्वोच्च जानुभएको हुन सक्छ ।'

निर्वाचनमा जाने पार्टी निर्णय भएकाले रिट संस्थागत नभएको सहमहामन्त्री बन्दी पाण्डे बताए । 'कार्यसम्पादन बैठकले प्रतिनिधिसभा विघटन असंवैधानिक भन्यो । लगत्तै बसेको केन्द्रीय कार्यसमिति बैठकले २१ फागुनको निर्वाचनमा जाने निर्णय गरेको छ । त्यसयता बैठक बसेको छैन । छलफल पनि भएको छैन । त्यसैले यो संस्थागत होइन, व्यक्तिगत नै होला,' उनले भने ।

उच्चपदस्थको...

पृष्ठ १ बाट क्रमशः

अधिकारीका अनुसार आइतबार पनि बयान लिइएको थियो, तर सकिएको छैन । २३ भदौमा जेन-जी आन्दोलनकारीमाथि बल प्रयोगमा मुख्य भूमिका भएकाले उनीहरूको बयान लामो भएको हो । सोमबार उनीहरूको बयान सकेर त्यसपछि तत्कालीन एआइजी र आइजिपीसँग बयान लिने आयोगको तयारी छ । आयोगका प्रवक्ता विज्ञानराज शर्माले तीव्र गतिमा काम भइरहेको बताए । 'बयानको काम तीव्र रूपमा भइरहेको छ,' उनी भन्छन्, 'तत्कालीन सरकारमा रहेकालाई पनि छिट्टै बयानमा बोलाउँछौँ ।'

आइजिपीपछि तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी हुँदै तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रधानमन्त्री केपी ओलीको बयान लिने तयारी आयोगको छ । आयोगको कार्यकाल अब करिब दुई हप्ता मात्र बाँकी रहेकाले बयानलाई तीव्रता दिएको छ । जेन-जी अगुवाले ओली र लेखकलाई पक्राउ नै गरेर बयान लिन दबाब दिँदै आएका छन् । जेन-जी अगुवा सुदन गुरुङले उनीहरूलाई कारबाहीको दायरामा नल्याए देशभर विरोध प्रदर्शन गर्ने चेतावनी दिएका छन् ।

भ्रष्टाचारको विरोधमा गत २३ भदौमा जेन-जी युवाहरूले गरेको विरोध प्रदर्शनमा नयाँ बानेश्वर क्षेत्रमा गोली प्रहार गर्दा १७ जनाको ज्यान गएको थियो । भोलिपल्ट देशव्यापी आन्दोलन भएपछि तत्कालीन ओली सरकार ढलेर सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार बनेको हो । जेन-जी अगुवाहरूले सो आन्दोलनमा दमन गर्ने कसैलाई कारबाहीको दायरामा नल्याएको भन्दै आक्रोश व्यक्त गर्दै आएका छन् । प्रहरीले आन्दोलनमा आगजनी गर्नेहरूलाई भने पक्राउ गरिरहेको छ ।

NEPAL CANCER HOSPITAL & Research Center Ltd.
"Care with Excellence"
quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No.23808/0

Invitation for Tender for Hospital Painting Works

Nepal Cancer Hospital and Research Center Ltd.
Harisiddhi, Lalitpur

Date of first Publication: 8th December, 2025 ***Reference: NCHRC/01/2082/83***

The Nepal Cancer Hospital and Research Center Ltd. (NCHRC), Harisiddhi, Lalitpur invites sealed tenders from registered construction form or painting service providers for the painting works of hospital building exterior walls that includes walls, ACP, metal surfaces within the hospital premises. A complete set of Bidding Documents may be purchased from the office of the NCHRC by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and a deposit receipt of a non-refundable fee of NRs. 2500.

S.N.	Description	Bid Security	Date for Submission of Bids
1.	Hospital Painting, walls ACP, metal surface	1% of bid price	15th December, 2025

1. Eligible bidders may obtain further information and inspect the site at NCHRC, Harisiddhi, Lalitpur.
2. Bids must be submitted in sealed envelopes to the above office of NCHRC before 5 PM on the 7th days from the date of first publication of this notice. Documents received after the last date for submission shall not be accepted.
3. Bids shall be opened in the presence of bidder's representatives who chose to attend as per given schedule above. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 1% of the quoted bid amount (inclusive of VAT) from any A Class Commercial Bank which shall be valid for 30 days beyond the bid validity period and also with updated documents as indicated in the bid document.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then, the next working day shall be considered as the last day.
5. The NCHRC reserves the right to accept or reject or negotiate, any or all the bids without assigning any reason, whatsoever.

Bank Details:
Bank Name: Everest Bank Limited
Account Holder's Name:
NEPAL CANCER HOSPITAL AND RESEARCH CENTER LTD (NCHRC)- EXP
Account No.: 05700105200166

अदालत पुग्यो...

पृष्ठ १ बाट क्रमशः

लाख ५५ हजार २९७ रुपैयाँ हुन्छ । भ्रष्टाचारमा डामिएका पूर्वसचिवहरूमा पर्यटन मन्त्रालयका सुशील घिमिरे र सुरेशमान श्रेष्ठ तथा अर्थ मन्त्रालयका सुमनप्रसाद शर्मा र कानुनका भेषराज शर्मा छन् । त्यस्तै, तत्कालीन समयमा पर्यटन मन्त्रालयमा सहसचिव रहेका मोहनकृष्ण सापकोटा, सुरेश आचार्य र रञ्जनकृष्ण अर्याल तथा अर्थ मन्त्रालयका सहसचिव मधुकुमार मरासिनी र भन्सार विभागका तत्कालीन महानिर्देशक सूर्यप्रसाद आचार्य पनि डामिएका छन् । उनीहरू सबै सचिवबाट अवकाश पाएका कर्मचारी हुन् । सचिवबाट अवकाश पाएका सर्वोच्च अदालतका पूर्वरजिस्ट्रार डा. रामकृष्ण तिमिल्सिनाविरुद्ध पनि मुद्दा दायर भएको छ ।

नागरिक उड्डयन प्राधिकरणका तीन पूर्वमहानिर्देशक पनि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भएको भ्रष्टाचारमा तानिएका छन् । तत्कालीन महानिर्देशकद्वय त्रिरत्न मानन्धर र रतिशचन्द्रलाल सुमन तथा तत्कालीन उपप्रबन्धक प्रदीप अधिकारीविरुद्ध मुद्दा दायर भएको हो । पछिल्लो समय प्राधिकरणको महानिर्देशक रहेका अधिकारी भक्तपुर नलिन्चोकमा हेलिपोर्ट निर्माणमा भ्रष्टाचार गरेको अभियोगमा पक्राउ परेपछि निलम्बित छन् । अख्तियारको पक्राउमा परेका उनी आइतबारै विशेष अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान भएका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनाउन ०६७ मा प्राधिकरणले कायम गरेको सुरुको लागत अनुमान १४ करोड ५० लाख अमेरिकी डलरलाई विभिन्न चरणमा बढाएर भ्रष्टाचार गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

यसरी भयो शृंखलाबद्ध बदमासी

जापानिज सहयोग नियोग (जाइका)ले विस्तृत अध्ययन गरी पेस गरेको निर्माण लागत अनुमानसमेतको आधारमा जोशी एसोसिएट्स कन्सल्टिङ इन्जिनियर्स एन्ड आर्किटेक्ट्सले थप अध्ययनसहित पोखरा विमानस्थल निर्माणको लागत अनुमान १४ करोड ५० लाख अमेरिकी डलर निकालेको थियो । यसैलाई प्राधिकरण सञ्चालक समितिको ६ असोज ०६७ को बैठकले स्वीकृत गरेको थियो । यसैअनुसार सार्वजनिक खरिद ऐन र नियमावलीलगायतका कानुनबमोजिम खरिद प्रक्रियाको चरणमा जानुपर्ने थियो ।

तर, चिनियाँ ठेकेदार कम्पनी सिएएमसीले मनासिव कारणविना मिलेमतोमा अस्वाभाविक रूपमा लागत अनुमान बढाएर २६ मंसिर ०६८ मा २८ करोड ६५ लाख २६ हजार डलर कायम गराउन प्राधिकरणलाई पत्राचार गर्‍यो । प्राधिकरणले तत्कालै उक्त प्रस्ताव अध्ययन गरेर लागत अनुमान पुनरावलोकनका लागि सञ्चालक समिति सदस्य मनोज कार्कीको संयोजकत्वमा उपसमिति गठन गर्‍यो । उपसमितिले राष्ट्र बैंकले निर्धारण गरेको ९.६ प्रतिशत मुद्रास्फीतिका आधारमा लागत गणना गर्दा ३ प्रतिशत कन्टिन्जेन्सी र १३ प्रतिशत भ्याटसमेत गरी १६ करोड ६४ लाख १० हजार अमेरिकी डलर लागत कायम गरेको थियो । उपसमितिले सिएएमसीद्वारा प्रस्तावित लागत १२ करोड डलर नै बढी देखिएको भन्दै त्यसको औचित्य प्रस्ट्याउन नसकिने, कानुनी अड्चन आउने, कम्पनीको डिजाइन र स्पेसिफिकेसनको आधारमा कार्य अघि बढाउँदा पुनः वातावरणीय प्रभाव मूल्यांकन (इआइए)गर्नुपर्नेलगायतका व्यहोरा उल्लेख गरेर प्रतिवेदन दिएको थियो । सिएएमसीले बदनियत राखी अस्वाभाविक मूल्यमा ठेक्का प्राप्त गर्नका लागि नै प्रस्ताव पेस गरेको देखिएको अख्तियारको पनि दाबी छ ।

उपसमितिको प्रतिवेदनसमेतका आधारमा कन्टिन्जेन्सी र भ्याटसमेत १७ करोड पाँच लाख ३० हजार डलर कुल लागत लाग्ने गरी इपिसी डकुमेन्ट स्वीकृत गरी २६ माघ ०६८ मा ठेकेदार छनोटका लागि प्राधिकरणले बोलपत्र आह्वान गरेको थियो । पछि प्राधिकरणका तत्कालीन महानिर्देशकले आयोजनाको लागत १६ करोड ९६ लाख ९७ हजार डलर स्वीकृत गरेका थिए । यसैअनुसार बोलपत्र आह्वान भएको थियो । बोलपत्रमा सिएएमसी, सिनोहाइड्रो कर्पोरेसन लिमिटेड र चाइना इन्टरनेसनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसन (सिडब्लुसी)ले ठेक्का हालेका थिए । तर, मुकुन्दप्रसाद भण्डारी अध्यक्षताको बोलपत्र मूल्यांकन समितिले प्रस्ताव हालेका कम्पनीहरूको अनुभव नपुगेकोलगायत आधार देखाउँदै बोलपत्र नै अस्वीकृत गरी नयाँ खरिद प्रक्रिया सुरु गर्नुपर्ने सुझाव प्रतिवेदन बुझायो । मूल्यांकन समितिको प्रतिवेदनका आधारमा सबै बोलपत्र अस्वीकृत गरी नयाँ खरिद प्रक्रिया सुरु गर्नुपर्ने थियो । तर, त्यसलाई नजरअन्दाज गरी तत्कालीन पर्यटनमन्त्री रहेका प्राधिकरण सञ्चालक समिति अध्यक्ष पोष्टबहादुर बोगटी र सदस्यसचिव रहेका महानिर्देशक त्रिरत्न मानन्धरसमेत आठ सदस्यीय सञ्चालक समितिले मूल्यांकन समितिको सुझावभन्दा फरक निर्णय गर्‍यो । समितिको ३१ असार ०७९ को बैठकले दर्ता हुन आएका बोलपत्रदाताको आर्थिक प्रस्ताव मूल्यांकन गरेर सबैभन्दा कम कबोल गर्ने कम्पनीको प्रस्ताव परियोजना कार्यान्वयन गर्न पर्यटन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पठाउने निर्णय गरेको देखिएको छ । सार्वजनिक खरिद नियमावलीले पहिला प्राविधिक प्रस्ताव मूल्यांकन गरेर त्यसमा योग्य भएकाको मात्र आर्थिक प्रस्ताव खोल्ने व्यवस्था गरेको छ । तर, प्राविधिक रूपमै अयोग्य कम्पनीको आर्थिक प्रस्ताव खोल्नु कानुनविपरीत रहेको अख्तियारको ठहर छ ।

प्राधिकरणका मुकुन्दप्रसाद भण्डारीको अध्यक्षतामा गठित बोलपत्र मूल्यांकन समितिले सञ्चालक समितिको कानुनविपरीतको निर्णय स्वीकार गरेर बदनियतपूर्वक १ साउन ०७९ मा आर्थिक प्रस्ताव खोल्यो । त्यसमा सबैभन्दा कम रकम कबोल गर्ने सिएएमसीको कबोल मूल्य ३० करोड ५१ लाख २३ हजार डलर थियो । जुन प्राधिकरणको लागतअनुमार १६ करोड ६४ लाख १० हजार डलरभन्दा ८५ प्रतिशत बढी भएकाले बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही नरहेको भनी ४ साउनमा प्रतिवेदन दिएको देखिएको छ । एक महिनापछि ८ भदौमा सिएएमसीले प्राधिकरणको लागत अनुमानभित्रै रहेर परियोजना सञ्चालन गर्न वार्ताका लागि लिखित प्रस्ताव गरेको थियो । तर, सार्वजनिक खरिद अनुगमन कार्यालयले सारभूत रूपमा प्रभावग्राही नभएको बोलपत्रदातासँग पुनः ठेक्काबारे वार्ता गर्न नमिल्ने राय दियो ।

तर, सिएएमसीले फेरि वार्ताका लागि प्रस्ताव गरेपछि सार्वजनिक खरिद कार्यालयको रायसमेत नजरअन्दाज गरी तत्कालीन पर्यटनमन्त्री बोगटी अध्यक्ष रहेको सञ्चालक समितिले १५ माघमा सार्वजनिक खरिद ऐन र नियमावलीविपरीत वार्ताको प्रस्ताव स्वीकृत गरी पर्यटन मन्त्रालयमा पठाउने निर्णय गर्‍यो । यही आधारमा पर्यटन मन्त्रालयले निर्णय स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्‍यो । ४ फागुन ०६९ को मन्त्रिपरिषद्ले 'परियोजना निर्माणको कुल लागत प्राधिकरणबाट स्वीकृत लागतको सीमाभित्र रहने र प्राधिकरणबाट आकार, प्रकार, संख्या, गुणस्तर र डिजाइन स्वीकृत गर्ने तथा दातृपक्षसँग परामर्श गरी ठेक्का प्रक्रिया टुंगो लगाउन सैद्धान्तिक सहमति दिने निर्णय गर्‍यो ।

तर, मन्त्रिपरिषद्को निर्णयको अपव्याख्या गरी प्राधिकरणका अधिकारी र सिएएमसीले मिलेमतो गरी विमानस्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरी २६ करोड ४९ लाख ५८ हजार डलर लागत लाग्ने निर्णय गरिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । यसअघि नै यही अंकको लागत अनुमान स्वीकृत हुनुपर्ने सर्त सिएएमसीको थियो । त्यसैवेलादेखि लागत वृद्धिको शृंखला तय भएको थियो । कानुन र मन्त्रिपरिषद्को निर्णयको मर्मविपरीत वार्तामार्फत अस्वाभाविक लागत बढाई सिएएमसीलाई ठेक्का दिने प्रपञ्च गरिएको अख्तियारको दाबी छ ।

सिएएमसीको सम्भाव्यता अध्ययनमाथि प्राधिकरणले छलफल गरेर सहमति गरेपछि त्यसलाई समेत अध्ययन गर्ने कार्यक्षेत्रगत सर्त (टिओआर) तोकी २९ भदौ ०७० मा पर्यटनमन्त्रीसमेत रहेका सञ्चालक समिति अध्यक्ष रामकुमार श्रेष्ठ र सदस्यसचिव रहेका प्राधिकरणका महानिर्देशक रतिशचन्द्रलाल सुमनसहित सम्मिलित बैठकले विमानस्थल निर्माणसम्बन्धी ठेक्का प्रक्रियाको आर्थिक, प्राविधिक, कानुनी तथा व्यावहारिक पक्षलाई समेटी राय-परामर्श दिन सर्वोच्च अदालतका पूर्वरजिस्ट्रार डा. रामकृष्ण तिमिल्सिनाको संयोजकत्वमा परामर्शदाता टोली गठन गर्‍यो । सञ्चालक समितिका पदाधिकारीले परियोजना लागत बढाई गैरकानुनी लाभको बदनियतले सार्वजनिक खरिद ऐन र नियमावलीविपरीत उक्त परामर्शदाता सञ्चालक समितिले अनुमोदन गरिदियो ।

पर्यटन मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गरी ८ जेठ ०७१ मा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण परियोजनाको कुल लागत अनुमान कन्टिजेन्सी र भ्याटबाहेक २१ करोड ५९ लाख ६५ हजार डलर र बिओक्यू मोडलमा तयार भएको टेन्डर डकुमेन्टलाई इपिसी मोडलमा परिमार्जन गर्नेसमेतका कार्य गरी सिएएमसीसँग कमर्सियल कन्ट्र्याक्ट गर्न प्राधिकरणलाई पत्र पठायो । यही आधारमा, त्यसै दिन, त्यति नै रकम कायम गरी प्राधिकरण र सिएएमसीबिच पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा ठेक्का सम्झौता भएको थियो ।

कमर्सियल कन्ट्र्याक्ट एग्रिमेन्टपछि पनि लागत अनुमानमा रकम बढ्न गएको विषयमा विश्लेषण गर्न अध्ययन आवश्यक भएको भन्दै इन्जिनियरिङ अध्ययन संस्थानबाट अध्ययन गरिएको थियो । संस्थानका प्रा.डा. रवीन्द्रनाथ श्रेष्ठ संयोजकत्वको समितिले बदनियत राखी पद तथा ओहोदाको दुरुपयोग गरी मूल्यवृद्धिसमेतका आधारमा परियोजनाको लागत भ्याटबाहेक २३ करोड ६५ हजार डलर कायम गर्न सिफारिस गरिदियो । यो प्रतिवेदन २७ भदौ ०७१ मा प्राधिकरण हुँदै २९ गते मन्त्रालयमा पुग्यो । यसबारे अर्थ मन्त्रालयले प्रश्न उठाएको थियो । अन्ततः २१ करोड ५९ लाख ६५ हजार डलरमै निर्णय गरी सम्झौता कायम भयो ।

अस्वाभाविक लागत अनुमान बढाई अस्वाभाविक मूल्य तिरेर विमानस्थल निर्माण खरिदको सम्झौता भएको अख्तियारको निष्कर्ष छ । ठेकेदार कम्पनी र नेपालका कर्मचारी तथा राजनीतिक पदाधिकारीबिच सम्झौताबमोजिमको नगद वा अन्य गैरकानुनी लाभ प्राप्त गर्न अस्वाभाविक लागत अनुमान बढाउनुका आधार, कारण र औचित्य पुष्टि गर्न कानुनविपरीतको कार्य गरी हरसम्भव प्रयास गरेको अख्तियारको दाबी छ । बढाइएको लागत अनुमानलाई जसरी पनि मन्त्रिपरिषद्बाट स्वीकृत गरी सोही आवरणमा कसुर सजायबाट बच्न पटकपटक प्रस्ताव लगे पनि मन्त्रिपरिषद्ले लागत अनुमानमा स्वीकृति दिएको नदेखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

मुद्दाका थप प्रतिवादीहरू

- लोकबहादुर खत्री
- मनरूप शाही
- ज्योति अधिकारी
- मनोज कार्की
- फुर्वाछिरिङ शेर्पा
- मदन खरेल
- मुक्तिनारायण पौडेल
- सुमनकुमार श्रेष्ठ
- हरिबहादुर खड्का
- रोशन चित्रकार
- ऋषिकेश शर्मा
- नारायण गिरी
- महेशकुमार बस्नेत
- बाबुराम पौडेल
- अशोककुमार सुवेदी
- मुरारी भण्डारी
- सुवर्णराज उपाध्याय
- प्रतावबाबु तिवारी
- रुद्रप्रसाद फुयाँल
- रामचन्द्र सुवेदी
- डा. पुरुषोत्तम डंगोल
- विनोदानन्द चौधरी
- मुकुन्दप्रसाद भण्डारी
- गंगासागरमान श्रेष्ठ
- डा. रवीन्द्रनाथ श्रेष्ठ
- सूर्य ज्ञवाली
- सन्तोषकुमार श्रेष्ठ
- हंशराज पाण्डेय
- डा. पुष्पराज शाक्य
- द्वारिकाप्रसाद श्रेष्ठ
- कुलप्रसाद सिंखडा
- लालबहादुर खत्री
- कमलप्रसाद भट्टराई
- प्रेमनाथ उपाध्याय
- यमुनादेवी श्रेष्ठ
- चाइना सिएएमसी इन्जिनियरिङ
- वाङ बो
- लिउ शेङचेन

टोली गठनको प्रपञ्च रचेको अख्तियारको दाबी छ । बदनियत राखी गठन भएको परामर्शदाता टोलीले सार्वजनिक खरिद कानुनविपरीत सिएएमसी र अन्य प्रतिवादीसँगको मिलेमतोमा उनीहरूकै चाहना तथा आसयमा प्रतिवेदन तयार गरी २९ कात्तिक ०७० मा पर्यटनमन्त्री श्रेष्ठलाई प्रतिवेदन दियो । प्रतिवेदनले लागत अनुमान १४ करोड ५० लाख डलरलाई राष्ट्रिय उपभोक्ता मूल्य सूचकांक र सिएएमसीले पेस गरेको सम्भाव्यता अध्ययनसमेतलाई मध्यनजर गरी २१ करोड ५९ लाख ६५ हजार डलर हुन आउने भएकाले त्यसको सीमाभित्र रही इपिसी ढाँचाको आधारमा परियोजना सञ्चालन गर्नका लागि ठेक्का प्रक्रिया टुंगो लगाउन उपयुक्त हुने, त्यसक्रममा त्यसवेलासम्म भएका कामकारबाहीलाई मूल्यांकन गर्दा प्रस्तुत परियोजनालाई अवरुद्ध हुन नदिई निरन्तरता दिन उपयुक्त हुने सिफारिस गर्‍यो । आफ्नो पद, योग्यता तथा अनुभव, ख्यातिको दुरुपयोग गरी बदनियत राखेर यस्तो प्रतिवेदन दिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

२९ कात्तिक ०७० मा पर्यटनमन्त्री श्रेष्ठको अध्यक्षतामा बसेको सञ्चालक समिति बैठकले तिमिल्सिना संयोजकत्वको परामर्श टोलीको सिफारिसअनुसार गर्न मनासिव हुने देखिएको भन्दै प्रतिवेदनमा उल्लेख भएबमोजिमको संशोधित लागत अनुमानअनुरूप निर्माण कार्य अघि बढाउन सरकारबाट स्वीकृतिका लागि पर्यटन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गर्‍यो । यो निर्णय कानुनविपरीत भएको अख्तियारको ठहर छ । यो निर्णय स्वीकार गरी पर्यटनमन्त्री श्रेष्ठले मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेका थिए । प्रस्ताव पेस भएको दुई दिनपछि ११ पुस ०७० को मन्त्रिपरिषद्ले 'अधिकार प्राप्त अधिकारीबाट प्रचलित कानुनबमोजिम निर्णय हुने विषयमा मन्त्रिपरिषद्बाट केही गर्नु नपर्ने' भनी निर्णय गरेको देखिएको छ ।

यसैक्रममा भीमप्रसाद आचार्य पर्यटनमन्त्री बनेर भित्रिए । उनले पनि सिएएमसीको लाइनमा निर्णय अघि बढाए । मन्त्रिपरिषद्ले गरिसकेको निर्णयका आधारमा परियोजनाको ठेक्कालगायत कार्यान्वयन प्रक्रिया अघि बढाउन पर्यटन मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गरेर प्राधिकरणलाई निर्देशन दिएको देखिएको छ । २१ चैत ०७० मा मन्त्री आचार्यले निर्णय गरेर प्राधिकरणलाई निर्देशन दिएका थिए । यस्तो पत्राचारपछि उनै अध्यक्ष रहेको प्राधिकरण सञ्चालक समितिले २४ चैतमा महानिर्देशकले परियोजनासम्बन्धी आवश्यक कार्य अघि बढाउने निर्णय गरेको थियो । जबकि यो निर्णय मन्त्रिपरिषद्को पुसको निर्णय र सार्वजनिक खरिद ऐन तथा नियमावली प्रतिकूल रहेको अख्तियारको ठहर छ ।

यसपछि प्राधिकरणको महानिर्देशकस्तरीय निर्णयबाट १४ वैशाख ०७१ मा कमर्सियल एग्रिमेन्ट डकुमेन्ट तयार गर्न उपमहानिर्देशक सुमनकुमार श्रेष्ठको संयोजकत्वमा प्राविधिक कमिटी गठन भयो । त्यस कमिटीले सिएएमसीसँग मिलेमतो गरी बोलपत्र कागजातमा भएका सर्त र मोडालिटीलाई समेतलाई बदनियतपूर्वक गैरकानुनी तवरले परिवर्तन गरी प्रतिवेदन दियो । यसलाई ठेकेदारसँगको सम्झौता कार्यान्वयन गरी गैरकानुनी लाभ प्राप्तिका लागि ३ कात्तिक ०७१ मा तत्कालीन अर्थमन्त्री डा. रामशरण महत, अर्थसचिव सुमनप्रसाद शर्मा, कानुनसचिव भेषराज शर्मा, निमित्त पर्यटनसचिव मोहनकृष्ण सापकोटा, अर्थ मन्त्रालयका सहसचिव मधुकुमार मरासिनी, नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक रतिशचन्द्रलाल सुमनसमेत विज्ञहरूको बैठक बसेको अख्तियारको अभियोगमा उल्लेख छ । उनीहरूले ओहोदाको दुरुपयोग गरी ठेकेदार सिएएमसीसँग मिलेमतो गरी गैरकानुनी रूपमा परिमार्जित लागत अनुमानअनुसार आयोजना कार्यान्वयन गर्न कारबाही अघि बढाउनका लागि मन्त्रिपरिषद्मार्फत स्वीकृतिका लागि पर्यटन मन्त्रालयले प्रस्ताव पेस गर्ने निर्णय गरेको तथ्य स्थापित भएको अख्तियारको आरोपपत्रमा छ ।

अर्थ मन्त्रालयमा भएको उक्त बैठकको निर्णय माइन्युटलाई आवश्यक कार्यार्थ पर्यटन मन्त्रालय पठाइएको थियो । यसैका आधारमा पर्यटनमन्त्री दीपकचन्द्र अमात्यले विमानस्थल इपिसी मोडलबमोजिम प्राधिकरणबाट परिमार्जित लागत तथा डिजाइनअनुसार कार्यान्वयन स्वीकृति दिने व्यहोरा ९ कात्तिक ०७१ मा मन्त्रिपरिषद्मा पेस गरेका थिए । १० गतेको मन्त्रिपरिषद् बैठकले 'चिनियाँ सहुलियतपूर्ण ऋणअन्तर्गत पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको इपिसी मोडलबाट गरिने निर्माण कार्यका लागि आवश्यक पर्ने रकमको व्यवस्था अर्थ मन्त्रालयले गर्ने' निर्णय गरेको थियो । यसपछि आयोजना अघि बढाउन 'लोन एप्लिकेसन फर्म' संलग्न गरी आवश्यक कारबाहीका लागि अर्थ मन्त्रालय पठाइयो । लगत्तै १४ कात्तिकमा अर्थले विमानस्थलका लागि सम्झौता भएको रकम चाइना एक्जिम बैंकसँग ऋण सहायता माग गर्न 'लोन एप्लिकेसन फर्म'मा अन्तर्राष्ट्रिय महाशाखाका सहसचिवले हस्ताक्षर गरी पठाउने निर्णय गरी अर्थमन्त्री महतसमेतको संलग्नतामा त्यसै दिन पत्राचार गरिएको थियो ।

प्रतिवादीहरूले सिएएमसी तथा कम्पनीका पदाधिकारीसँगको मिलेमतो तथा योजनामा स्वीकृत लागत अनुमान १६ करोड ९६ लाख ९७ हजार डलरलाई अस्वाभाविक रूपमा बढाई भ्याटसमेत २४ करोड ४० लाख ४० हजार ४५० डलर कायम गरेको अख्तियारको अभियोगमा उल्लेख छ । त्यसै मूल्यमा सम्झौता गरेर कार्यान्वयनका लागि चाइना इक्जिम बैंकसँग ऋण सहायता माग गर्न तत्कालीन अर्थमन्त्री महत र सचिव सुमनप्रसाद शर्मासमेत संलग्न भई निर्णय गरेको व्यहोरा पनि अख्तियारले उल्लेख गरेको छ । २५ साउन ०७५ देखि ८ फागुन ०८० सम्मको अवधिमा २२ करोड ४७ लाख ७२ हजार ८७ अमेरिकी डलर अर्थात् एक अर्ब ४१ करोड ९३ लाख ४५ हजार ८२६ रुपैयाँ निर्माण व्यवसायी सिएएमसीलाई भुक्तानी भएको थियो । भुक्तानी भएको रकममध्ये सात करोड ४३ लाख ४३ हजार ४५० अमेरिकी डलर अस्वाभाविक लागत अनुमान बढाई सोही आधारमा अस्वाभाविक मूल्य तिरी निर्माण खरिद गरी हिनामिना भएको अख्तियारको दाबी छ ।

ओली–पोखरेल...

पृष्ठ १ बाट क्रमशः

भए आकांक्षीहरूको व्यवस्थापन, सम्भावित सहमति र विधानमै पदाधिकारी संख्या हेरफेर गर्न सकिने विषयले प्यानल निर्माणमा दुवै पक्ष अलमलमा छन् । पूर्वराष्ट्रपति विद्या भण्डारीको सक्रियतासँगै दुवै पक्ष तटस्थ प्रतिनिधि तान्ने प्रयासमा छन् ।

संस्थापन पक्षले ओलीलाई अध्यक्ष स्विकारेर सहमति हुन सक्ने विकल्प खुला राखेको छ भने पोखरेल समूहले जेन-जी आन्दोलनपछिको परिवेशलाई आत्मसात् गरेर तथा पार्टीको आन्तरिक लोकतन्त्रक बलियो बनाउन ओलीले अध्यक्षको दाबेदारी छाड्नुपर्ने पक्षमा छ । पूर्वराष्ट्रपति भण्डारीको सदस्यता रोकेका ओलीको चाहना निर्विकल्प अध्यक्ष हुनेछ ।

प्रतिनिधि छनोट सकिएको एक हप्ता बित्दा पनि दुवै पक्ष चुनावी अंकगणित र सम्भावित तटस्थ प्रतिनिधि आकर्षण गर्नेतिरै लागिरहेका छन् । पदाधिकारीसहित आकांक्षी समेटेर प्यानल निर्माणमा देखिएको ढिलाइमा दुवै पक्षका रणनीति पनि छन् । समूह बनाउन अलमलमा परेका दुवै समूहका नेताले फरक-फरक तर्क गरेर ढिलाइको पुष्टि गर्ने कोसिस गरेका छन् ।

पदाधिकारी संख्या थपेर भए पनि सर्वसम्मतिका लागि प्रयास गर्ने र सफल नभए पोखरेललाई थकाएर मात्र अन्तिममा चुनावी प्रतिस्पर्धामा जाने संस्थापन पक्षको मनस्थिति देखिएको छ । अर्कोतिर पूर्वराष्ट्रपति भण्डारीको अग्रसरतामा वरिष्ठ उपाध्यक्ष पोखरेल संस्थापन फुटाएर बलियो प्यानल बनाउने रणनीतिमा छ ।

संस्थापन पक्षधर मानिने उपमहासचिव प्रदीप ज्ञवालीले सकभर सर्वसम्मतिकै लागि कोसिस हुने र त्यसका लागि विधान संशोधन गरेर के गर्न सकिन्छ भन्नेलगायतका विषयमा सचिवालय र केन्द्रीय कमिटी बैठकमा छलफल हुने बताए । उनका अनुसार त्यसपछि समूह निर्माणलगायतका काम अगाडि बढ्नेछन् । 'अहिले व्यवस्थापकीय तयारीका काममै केन्द्रित छौँ । तर, सर्वसम्मतिका लागि विधान संशोधनलगायतका विषयमा के गर्न सकिन्छ भनेर अध्यक्षले आवश्यकताअनुसार अब बस्ने केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी बैठकमा छलफल गर्नुहुन्छ । त्यसअनुसार नै प्रक्रिया अगाडि बढ्छन्,' ज्ञवालीले नयाँ पत्रिकासँग भने ।

ओली समूहमा आकांक्षी धेरै रहेकाले त्यहाँ व्यवस्थापन नहुने नेताको प्रतिक्रिया हेरेर सकेसम्म प्रभावशाली नेतालाई नै आफ्नो समूहमा ल्याएर मात्र टिम निर्माण गर्ने रणनीतिमा पोखरेल समूह छ । तटस्थ प्रतिनिधि तान्ने र संस्थापनमा महासचिवका आकांक्षी तानेर टिम निर्माण गर्ने पोखरेलसहितका नेताको प्राथमिकता छ ।

पोखरेल पक्षले पनि पदाधिकारीसहित टिम निर्माणमा क-कसलाई कसरी समेट्ने भन्नेबारे अहिले छलफल नै सुरु नभएको प्रतिक्रिया दिएको छ । 'हामीले प्यानलबारे छलफल नै सुरु गरेका छैनौँ । ठोस गृहकार्य नै उम्मेदवारी मनोनयनपछि नै हुन्छ, उता (अर्को टिम)तिर पनि हेर्छौँ,' पोखरेल पक्षधर नेता विनोद ढकालले नयाँ पत्रिकासँग भने, 'पदाधिकारीको संख्या घटबढ के हुन्छ भन्ने अझै स्पष्ट छैन । त्यसैले ठोस छलफल भइसकेको छैन ।'

गुन्डुस्थित निवासमा वरिष्ठ उपाध्यक्ष पोखरेलसँगको भेटवार्तामा ओलीले देश संकटमा परेका वेला मिलेर जानुपर्ने भन्दै त्यसका लागि तयार रहन प्रस्ताव गरेका थिए । तर, पोखरेलले भने अध्यक्षजस्तो अभिभावक नै सहयोद्धालाई गालीगलौज गर्ने र होच्याउनेतिर लागेकाले सहमतिको सम्भावना नदेखाएको जवाफ दिएका थिए ।

ओलीसँग नियमित सम्पर्कमा रहेका पोलिटब्युरो सदस्य महेश बस्नेतले सर्वसम्मतिकै लागि थुप्रै विकल्पसहितका सुझाव दिइएकाले अध्यक्षले उपयुक्त समयमा प्रस्ताव गर्ने दाबी गरे । 'सर्वसम्मतिका लागि फेरि वरिष्ठ उपाध्यक्ष राख्नुस्, पदाधिकारीको संख्या बढाउनुस्, स्थायी समिति पनि फेरि राख्नुस् भन्ने सुझाव दिएका छौँ र उहाँ पनि सकारात्मक नै हुनुहुन्छ,' बस्नेतले नयाँ पत्रिकासँग भने, 'पुरानै केन्द्रीय समिति संख्या कायम गर्ने, निष्क्रियलाई बिदा दिने, ३० प्रतिशतसम्म नयाँ अनुहार थप्ने र ४० वर्षमुनिका १० प्रतिशत युवा समेट्ने गरी विधान संशोधनको विकल्प पनि दिएका छौँ ।'

अहिलेको विधानमा १५ सदस्यीय पदाधिकारीलाई पुरानै १९ सदस्यीय पुर्‍याउने या त्यसभन्दा पनि बढाएर नयाँ आकांक्षीलाई समेट्ने विषयतिर ओलीले सर्वसम्मतिका लागि आन्तरिक गृहकार्य गरिरहेको उनीनिकट नेताको दाबी छ । तर, पोखरेल समूह भने सहमतिभन्दा पनि चुनावी तयारीतिरै लागेको छ ।

प्रस्तावित १५ सदस्यीय पदाधिकारीमा अध्यक्ष, तीन उपाध्यक्ष, महासचिव, तीन उपमहासचिव र सात सचिव छन् । केन्द्रीय समिति २५१ सदस्यीय हुने विधान पारित भएको छ । हाल एमालेमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, ६ उपाध्यक्ष, तीन उपमहासचिव र सात सचिवसहित १९ पदाधिकारी छन् ।

पुरानै नेताको व्यवस्थापन कठिन, शंकर दोहोर्‍याउने कि नयाँ खोज्ने ओलीका लागि चुनौती

तेस्रोपटक अध्यक्ष हुने तयारीमा रहेका ओलीलाई १९ सदस्यीय पदाधिकारीमा ११ नेताहरूले साथ दिइरहेका छन् । उनीहरूमध्ये उपाध्यक्ष विष्णु पौडेल र रामबहादुर थापाले पुरानै पदमा दोहोरिन चाहेको बताइसकेका छन् । अर्का उपाध्यक्ष गुरु बराललाई पनि व्यवस्थापन गर्नुपर्ने ओलीलाई चुनौती छ । बाँकी उपाध्यक्षहरू युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे र अष्टलक्ष्मी शाक्यले खुलेर पोखरेललाई साथ दिइरहेका छन् । उनीहरू पोखरेल प्यानलबाट उपाध्यक्षमा दोहोरिन तयार छन् ।

ओलीका लागि सबैभन्दा ठुलो चुनौती महासचिवमा शंकर पोखरेललाई दोहोर्‍याउने कि उपमहासचिवमध्येबाट नयाँ उम्मेदवार ल्याउने भन्ने छ । पोखरेलले पुनः दोहोरिन चाहेका छन् । उता, उपमहासचिव प्रदीप ज्ञवाली र पृथ्वीसुब्बा गुरुङ पनि महासचिव बन्ने जोडबलमा छन् । गुरुङले त देश दौडाहाका क्रममा नेता-कार्यकर्ताहरूबिचमा आफ्नो योजना नै सुनाइसकेका छन् । ज्ञवालीले महासचिवपछिको महत्त्वपूर्ण मानिने स्कुल विभागको जिम्मेवारी सम्हालेर स्वाभाविक दाबेदारका रूपमा उभ्याउँदै आएका छन् ।

प्रशिक्षणकै सिलसिलामा धेरै जिल्ला दौडाहामा पुग्ने नेताहरूमा अध्यक्ष र महासचिवकै हाराहारीमा ज्ञवाली अग्रपंक्तिमा छन् । गुरुङलाई उपाध्यक्ष विष्णु पौडेलको पनि साथ रहेकाले तत्कालका लागि ओली समूह बलियो छ । गुरुङलाई उम्मेदवार नबनाइए क्याम्प परिवर्तन गर्दा अध्यक्षकै नतिजामा उलटफेर हुन सक्ने खतरा ओली पक्षले देखेको छ । त्यसैले ओलीले कुनै संकेत नगरी गुरुङलाई 'इंगेज' राखेका छन् ।

जेन-जी आन्दोलनपछि सबभन्दा बढी नेतृत्वको रक्षामा उभिएर गुरुङले महासचिव बन्न चाहेको जनाउ ओलीलाई दिइसकेका छन् । अर्कोतर्फ पोखरेल पक्ष पौडेल र गुरुङलाई जुनसुकै पद दिन तयार देखिएको छ । अर्कोतिर पौडेलसँगै नजिक रहेका सचिव रघुवीर महासेठ र पद्मा अर्यालले पनि समूह परिवर्तन गर्न सक्ने पोखरेलको बुझाइ छ ।

अध्यक्ष ओली ज्ञवाली र गुरुङमध्ये एकलाई एकलाई उपाध्यक्ष र एकलाई महासचिवमा उठाएर पोखरेललाई यसपटक उपाध्यक्षमा उठाउने योजनामा रहेको स्रोतले जनाएको छ । तर, पोखरेलले मुख नखोलिसके पनि अरू पदमा उठ्न तयार नभएको जनाऊ दिइसकेका छन् । उपाध्यक्ष पौडेल पनि पोखरेललाई महासचिवमा दोहोरिन नदिएर १२औँ महाधिवेशनमा आफू अध्यक्षको बलियो प्रत्याशी बन्ने योजनामा छन् ।

निकट नेताहरूका अनुसार ओली उपमहासचिव विष्णु रिमाललाई उपाध्यक्षमा उठाउने योजनामा छन् । त्यस्तै, उपमहासचिवमा लेखराज भट्ट, पद्मा अर्याल, छविलाल विश्वकर्मा र रघुवीरमध्येबाट उठाउने सम्भावना रहे पनि जनसंगठन समन्वय संयन्त्रका संयोजक भानुभक्त ढकालले पनि रुचि राखेका छन् । सचिवमा भने स्थायी समिति र पोलिटब्युरोका झन्डै तीन दर्जन नेता संस्थापनतिरैबाट आकांक्षी छन् ।

उता, भण्डारी-पोखरेल समूहबाट सुरेन्द्र पाण्डेलाई महासचिवमा उठाउने सम्भावना पनि छ । तर, गुरुङ आफ्नो समूहमा आए भण्डारी-पोखरेलले उनलाई उठाउने रणनीति बनाएको छ । गुरुङ नआए यो समूहले योगेश भट्टराईलाई महासचिवको उम्मेदवार बनाउन चाहेको छ । त्यस्तो अवस्थामा सचिव गोकर्ण विष्टलाई उपाध्यक्ष र उपमहासचिवमध्ये कुनै एक रोजेको पदमा उठाइने पनि ती पदाधिकारीले बताए । यद्यपि, विष्टलाई महासचिवमा उठाउँदामा लुम्बिनी र गण्डकीतर्फको मत धेरै तान्न सकिने अन्तिम निष्कर्ष आए उनलाई नै पनि त्यही पदमा उठाउन सक्ने सम्भावना पनि छ ।

पोखरेलकै समूहबाट उपमहासचिवमा विन्दा पाण्डेको पनि चर्चा छ । यो समूहले सचिवमा गोकुल बाँस्कोटा, कर्ण थापा, ठाकुर गैरे, विनोद ढकाल, रचना खड्का, रमेश पौडेलसहित नयाँ अनुहार र युवा पुस्ताको प्रतिनिधित्वका रूपमा पनि चर्चा छ । उपमहासचिवमै संस्थापनबाट रघुजी पन्त तथा पोखरेल समूहबाट भीम आचार्यको पनि चर्चा छ ।

सचिवमा धेरै आकांक्षी

एमालेका स्थायी कमिटी र पोलिटब्युरोमा रहेका थुप्रै नेताहरू सचिवका आकांक्षी छन् । स्थायी कमिटीमा रहेका प्रचार विभागका प्रमुख राजेन्द्र गौतम, महेश बस्नेत, राजेन्द्र गौतम, खगराज अधिकारी, डा. राजन भट्टराई, रघुजी पन्त, गोकुल बाँस्कोटा, हिक्मत कार्की, किरण गुरुङ, लालबाबु पण्डित, पार्वत गुरुङ, अरुण नेपाल, आनन्दप्रसाद पोखरेल, काशीनाथ अधिकारी, कर्ण थापा, हिक्मत कार्की, शेरबहादुर तामाङ, शेरधन राई, यमलाल कँडेल, अग्नि खरेल, कृष्णगोपाल श्रेष्ठ, गोरखबहादुर बोगटी, सीताकुमारी पौडेल, थममाया थापा, लीलानाथ श्रेष्ठलगायत छन् । यिनीहरूमध्ये अग्नि खरेल र कृष्णगोपाल श्रेष्ठको पनि पछिल्ला दिनमा संस्थापनसँग दूरी बढेको छ । उता, नेकपा एसबाट प्रवेश गरेकी रामकुमारी झाँक्रीको नाम पनि सचिवमै चलिरहेको छ भने सचिवमा चर्चामा रहेका बस्नेतलाई ओलीले उपमहासचिवमा उठाउन सक्ने सम्भावना रहेको पनि स्रोतले दाबी गरेको छ ।

म्यानमारमा अनलाइन स्क्यामिङ धन्दामा लगाइएका ४६ नेपाली उद्धारको पर्खाइमा

गोल्डेन ट्र्यांगल (म्यानमार, लाओस र कम्बोडियाको सीमाक्षेत्र)मा सयौं नेपाली रहेको अनुमान



■ फर्केकामाथि अनुसन्धान गर्दैन प्रहरी

फर्केका कसैले पनि दिएनन् उजुरी

नेपाल प्रहरीको मानव बेचबिखन ब्युरोले म्यानमारबाट बैंकक हुँदै नेपाल फर्केका नेपालीलाई एयरपोर्टबाटै कार्यालय लैजाने र सोधखोज गरेर घर पठाउने गरेको छ। 'पीडित हो भने उसले किटानी जाहेरी दिनुपर्‍यो, होइन भने मानव तस्करीको मुद्दा चलाउनुपर्‍यो,' परराष्ट्रका एक अधिकारीले भने, 'त्यहाँ गएकाहरू कि त पीडित हुन्, नभए पीडक हुन्। तेस्रो विकल्प हुँदैन। मुद्दा नचलाएसम्म नेपालबाट जाने क्रम रोकिने सम्भावना छैन।' मानव बेचबिखन ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक विश्वराज खड्काले भने म्यानमारबाट फर्केकाले कसैको विरुद्ध उजुरी नदिएको बताए। 'उनीहरूलाई अध्यागमनबाट लगेर सोधपुछ गर्छौं र फारम भर्न लगाउँछौं। तर, अहिलेसम्म कसैले पनि उजुरी दिएका छैनन्। उजुरी नभएपछि प्रहरीले यसमा थप अनुसन्धान गर्दैन,' उनले भने। कतिपयले नेपाल ठगीको अखडा हुन सक्ने जोखिम रहेको औंल्याएका छन्। अनलाइन धन्दामा पोख्त भएर नेपाल फर्केकालाई प्रहरीले ट्र्याक गरेको छैन। उनीहरूबाटै अनलाइन ठगीधन्दा सुरु हुन सक्नेतर्फ सतर्क हुनुपर्ने अधिकारीहरूको भनाइ छ। 'हामी उनीहरूको सम्पर्क नम्बर राख्छौं। शंकास्पद गतिविधि भएको जानकारी आएमा छानबिन गर्छौं। तर, यस्तो जानकारी आएको छैन,' एसपी खड्काले भने।

● थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर ओली भन्छन्-



एउटा समूह पठायौं, फेरि अर्को समूह पठाउँदै छौं। नेपालबाटै नरोकेसम्म यो समस्या आइरहने स्थिति देखिन्छ। उद्धार भएर गएकालाई प्रहरीले सोधखोज गर्ने र आवश्यकताअनुसार कानुनी कारबाही भएमा गैरकानुनी रूपमा जाने प्रलोभनमा परेका युवाहरू रोकिन्छन्। रोक्न सकेनौं भने भविष्यमा हाम्रो इगभर्नेन्स सिस्टममाथि जोखिम आउन सक्छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

करिब तीन वर्षदेखि म्यानमारमा गैरकानुनी अनलाइन स्क्यामिङको काममा लगाइएका नेपालीमध्ये ४६ जनाको समूह उद्धारको पर्खाइमा छ। म्यानमारको विद्रोही समूह नियन्त्रित म्याओडीबाट बाहिर निस्केका नेपालीलाई म्यानमार सरकारले थाइल्यान्ड जान अनुमति दिएपछि दूतावासले समन्वय गरेर २४ मंसिरमा स्वदेश पठाउँदै छ।

म्यानमारको म्याओडी तथा म्यानमार, लाओस र कम्बोडियाको सीमा जोडिएको जंगल गोल्डन ट्र्यांगल क्षेत्रमा खुलेका गैरकानुनी अनलाइन स्क्यामिङमा कम्तीमा चार सय नेपाली रहेको अनुमान छ। म्यानमार पुगेका नेपालीमध्ये ३७ जनाको समूह गत ३ मंसिरमै स्वदेश आएको थियो। 'थाइल्यान्डस्थित नेपाली दूतावासले ४६ जना नेपालीको समूहलाई स्वदेश फर्काउन थाई अधिकारीहरू र नेपाल एयरलाइन्ससँग समन्वय गरिरहेको जानकारी छ,' परराष्ट्र मन्त्रालय स्रोतले भन्यो, 'अरू नेपाली रहेको यकिन गर्न र उद्धारका लागि समन्वय गर्न थाइल्यान्ड र म्यानमारस्थित दूतावासलाई भनिएको छ।'

थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर ओलीले नेपालीको उद्धार निरन्तर भइरहेको बताए। 'एउटा समूह पठायौं, फेरि अर्को समूह पठाउँदै छौं। नेपालबाटै नरोकेसम्म यो समस्या आइरहने स्थिति देखिन्छ,' ओलीले टेलिफोनमा नयाँ पत्रिकासँग भने, 'उद्धार भएर गएकालाई प्रहरीले सोधखोज गर्ने र आवश्यकअनुसार कानुनी कारबाही भएमा गैरकानुनी रूपमा जाने प्रलोभनमा परेका युवाहरू रोकिन्छन्।' उद्धारले मात्रै समस्या समाधान नहुने बरु उनीहरूलाई त्यहीं रोक्नुपर्ने उल्लेख गर्दै उनले भने, 'रोक्न सकेनौं भने भविष्यमा हाम्रो इगभर्नेन्स सिस्टममाथि जोखिम आउन सक्छ।'

नेपालबाट कतिपयले व्यक्तिगत श्रम स्वीकृति लिएर म्यानमार पुगेको, तर दूतावासलाई श्रम मन्त्रालयले नसोधेको एक परराष्ट्र अधिकारीले बताए। 'कानुनी रूपमा अस्तित्वमा नआएको वा गैरकानुनी कम्पनीमा जाने नेपालीलाई श्रम स्वीकृति दिने कुरामा गम्भीर हुनुपर्छ,' उनले भने। भारत र दुबई हुँदै बैंकक पुग्ने र त्यहाँबाट पानीजहाजबाट उक्त क्षेत्रमा नेपालीलाई गिरोहले लैजाने गरेको छ।

म्यानमारका लागि नेपाली राजदूत हरिश्चन्द्र घिमिरेका अनुसार म्यानमार सरकारले म्याओडी क्षेत्रमा गैरकानुनी अनलाइन स्क्यामिङ ६ सय घरमा सञ्चालित रहेको र डेढ सय घर भत्काइएको जानकारी दिएको छ। म्यानमार सरकारले सबै घर भत्काउने जानकारी दिएको छ। 'त्यस क्रममा केही सयको संख्यामा रहेका नेपालीलाई उद्धार गर्नुपर्ने हुन सक्छ,' घिमिरेले टेलिफोनमा नयाँ पत्रिकासँग भने, 'तर, सरकारको पहुँचमा त्यो क्षेत्र नभएको र कानुनी रूपमा नपुगेको हुनाले नेपाली के कति छन् भन्ने अनुमान नै गर्न सकिएको छैन।'

बैंककबाट हजार किलोमिटरभन्दा टाढा म्यानमारको सीमाक्षेत्रबाट नेपालीलाई उद्धार गर्नुपर्ने अवस्था छ। ०७९ मंसिरयता करिब ३५० नेपालीको उद्धार भइसकेको छ। 'त्यहाँ अझै चार सय नेपाली रहेको अनुमान छ,' परराष्ट्रका एक अधिकारीले भने। कतिपय व्यक्ति दोहोरिएर गएका छन्, एउटै मानिसलाई पटक-पटक उद्धार गर्नुपरेको अवस्था छ। वैदेशिक रोजगार विभागका अनुसार म्यानपावरमार्फत १०४ देशमा नेपालीहरू श्रमका लागि जान पाउँछन् भने व्यक्तिगत श्रम स्वीकृति लिएर १८४ देशमा जान पाउँछन्।

म्यानमारको विद्रोही नियन्त्रित र थाइल्यान्डसँग सीमावर्ती क्षेत्रमा सञ्चालित गैरकानुनी अनलाइन स्क्यामिङ धन्दामा ३७ देशका मानिसले काम गरिरहेका छन्। 'चिनियाँ र भारतीय नागरिकको संख्या ठुलो छ। क्रिप्टोकरेन्सी, अनलाइन गेम, जुआ, अनलाइन डेटिङ, अनलाइन चिट्ठा खेलाउने गरिएको छ। चिनियाँ नागरिक त्यसको सञ्चालक छन्,' नेपाली दूतावास बैंककका एक अधिकारीले भने, 'त्यहाँ गएका नेपालीमध्ये अधिकांश सूचना प्रविधिमा पोख्त र अंग्रेजी भाषामा दख्खल भएकाहरू भेटेका छौं। अनलाइनबाट हुने सबै अपराध त्यहाँ हुने गरेको छ।' त्यहाँबाट फर्केर आएका नेपालीले बैंककस्थित नेपाली दूतावासका अधिकारीलाई बताएअनुसार सरकारी पँहुच नभएको अनलाइन धन्दा हुने ठाउँ 'स्वर्गको टुक्राजस्तो' बनाइएको छ।

यस वर्ष आसियानको सम्मेलनमा पनि त्यस क्षेत्रको अनलाइन स्क्यामिङबारे छलफल भएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले म्यानमार, लाओस र कम्बोडियाबारे चासो राखेका छन्। थाइल्यान्डले यही विषयमा छलफल गर्न १७ र १८ डिसेम्बरमा बैंककमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्न लागेको नेपाली राजदूत ओलीले बताए। म्यानमार, कम्बोडिया र लाओस जोडिएको गोल्डेन ट्र्यांगलमा खुलेका गैरकानुनी अनलाइन धन्दाको कारोबार करिब ६० अर्ब डलरबराबरको रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

१३ वर्षीया अंशुको बलात्कारपछि हत्या आरोपमा ५९ वर्षीय अधिकारी पक्राउ

विराटनगरमा **गणेश लम्साल**



पदमबहादुर अधिकारी

मोरङको लेटाङकी १३ वर्षीया बालिका अंशु गौतमको हत्या आरोपमा प्रहरीले ५९ वर्षीय पदमबहादुर अधिकारीलाई पक्राउ गरेको छ। कुनै सुरागविनै शून्यबाट अपराध अनुसन्धान सुरु गरेर प्रहरीले दुई महिनापछि आइतबार हत्या आरोपीलाई सार्वजनिक गरेको हो। मोरङका एसपी कवित कटुवालका अनुसार अधिकारीले अंशुको बलात्कारपछि घाँस काट्ने हँसियाले हत्या गरेको स्वीकार गरिसकेका छन्। मोरङ प्रहरीले अधिकारीलाई जबर्जस्ती करणी र कर्तव्य ज्यान कसुरमा अदालतबाट म्याद थप गराएर अनुसन्धान थालेको छ।

गत २१ असोजमा साथीसँग खेल्न जान्छु भनेर घरबाट निस्किएकी मोरङको लेटाङ नगरपालिका- २, बुधबारेकी गौतमको शव १८ दिनपछि ७ कात्तिकमा घरबाट साढे चार किलोमिटर टाढा जंगलमा फेला परेको थियो। अंशु हराएपछि उनका अभिभावकले २२ असोजमा हुलियासहित इलाका प्रहरी लेटाङमा जानकारी गराएका थिए। त्यसपछि प्रहरीले बलात्कार वा हत्या भएको आशंकामा नेपाली सेना र स्थानीयको सहयोगमा जंगलमा अंशुको खोजी गरे पनि फेला पार्न सकेको थिएन। ७ कात्तिकमा टाउको अलग भएको सडिसकेको शव घाँस-दाउरा गर्न गएका स्थानीयले फेला पारेका थिए। आफन्तले दिएको हुलियाअनुसार फेला परेको शव अंशुकै भएको यकिन भएको थियो। प्रहरीले घटनालाई संवेदनशील मानेर अंशुको शवको डिएनए परीक्षण गराउन धरानस्थित बिपी स्वास्थ्य प्रतिष्ठान पठाएको थियो। डिएनए परीक्षणले पनि शव अंशुकै भएको र उनको हत्या भएको पक्का भएको थियो।

तर, हत्या किन भयो र हत्या गर्ने को हो भन्ने पत्ता लगाउन अपराधको कुनै सुराग नहुँदा प्रहरीलाई अंशुको हत्या रहस्य पत्ता लगाउन सकस भएको थियो। अंशुको हत्यालाई 'ब्लाइन्ड क्राइम इन्भेस्टिगेसन' मानेर प्रहरीले 'जस्टिस फर अंशु गौतम (जग)' अपरेसन सञ्चालन गरेको थियो। अपरेसनमा प्रहरीको अनुसन्धान समिति, कोशी प्रदेश प्रहरीको विशेष अनुसन्धान ब्युरो र सिआइबीसहित १६ जनाको अनुसन्धान टोली निरन्तर अनुसन्धानमा खटिएको थियो। मोरङका एसपी कवित कटुवालका अनुसार अपरेसनका क्रममा प्रहरीले तीन सयजनासँग सोधपुछ गरेको थियो। ५४ जनाको लिखित कागज गराएको थियो। जसमा घाँस-दाउरा जाने, गाउँ-समाजमा बस्ने र पहिले अपराधमा संलग्न रहेका व्यक्तिदेखि विद्यालयका शिक्षक, साथीभाइ र आफन्तहरू सामेल थिए। प्रहरीले हत्या रहस्य पत्ता लगाउन एक दर्जनको पोलिग्राफसमेत गराएको थियो।

■ तास खेल्नेहरूसँगको सोधपुछबाट खुल्यो रहस्य

अंशुको हत्याको अनुसन्धान गर्न मोरङका एसपी कवित कटुवालको नेतृत्वमा डिएसपी कोपिला चुँडालसहितको १६ जना टोली लेटाङमा खटिएको थियो। तर, सुराग पाउन नसक्दा प्रहरीमाथि दबाब परेको थियो। अंशुका आफन्तले दोषी पक्राउ नपरेसम्म शव नबुझ्ने अडान लिएका थिए। जघन्य अपराधबाट स्तब्ध बनेका लेटाङवासीले पनि कसैले अपहरण गरेर बलात्कार गरेर कञ्चनपुरकी बालिका निर्मला पन्तको जस्तै बीभत्स हत्या गरेको दाबी गर्दै चाँडो अनुसन्धान सक्न भनेपछि प्रहरी चर्को दबाबमा थियो।

अंशु हराएपछि शव भेटिएको नौ दिनसम्म छिमेकी पदमबहादुर अधिकारी घरमै थिए। उनले प्रहरी र स्थानीयसँगै अंशुको खोजी गर्न सहयोग गरेका थिए। छिमेकी भएको नाताले अंशुका आफन्तलाई सान्त्वना दिन पनि पुगिरहन्थे। यसैले प्रहरीको अनुसन्धान टोलीले उनीमाथि शंका गरेको थिएन। तर, अंशुको शव जंगलमा भेटिएपछि पदमबहादुर भारतको आसाम गएका थिए। प्रहरीले सोधपुछ गर्ने क्रममा अंशु हराएपछि पदमबहादुर साथीभाइसँग साँझ तास खेल्न आउन छाडेको पत्ता लाग्यो। त्यसपछि प्रहरीले उनको हिस्ट्री खोजी गर्दा उनीमाथि पहिले पनि पटक-पटक यौन दुर्व्यवहार आरोप लागेको र छोराले समेत जेल सजाय भोगेको रहस्य खुल्यो।

केही स्थानीयले अंशुको हत्या पदमबहादुरले गरेको हुनुपर्छ भन्ने किटानी शंका गर्दै फोन नम्बरसमेत उपलब्ध गराएका थिए। त्यसपछि प्रहरीले उनको घरपरिवार र स्थानीय जनप्रतिनिधिमार्फत उनलाई आसामको मेघालयमा फोन गरेर १८ मंसिरमा घर फर्काएको थियो। त्यसपछि प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गर्ने क्रममा उनले अंशुको हत्या आफैंले बाबुआमासँगको पुरानो रिसइबीको बदला लिन गरेको स्वीकार गरे। यौन प्यास मेटाउन फकाएर जंगलमा लगेर बलात्कार गरी घाँस काट्ने हँसियाले टाउको रेटेर हत्या गरेको बयान प्रहरीलाई दिए। प्रहरीलाई पदमबहादुरले दिएको बयानअनुसार २१ असोजमा ५ बजेतिर उनले साथीलाई पाँच रुपैयाँ दिएर खेल्दै गरेकी अंशुलाई बोलाउन लगाएका थिए। अंशु आएपछि घाँस काट्न सहयोग गर्छु हिँड भनेर साइकलमा राखेर एकान्तमा लगी बलात्कार गरेर हत्या गरेका थिए। आफन्त र प्रहरीले खोजतलास गर्न थालेपछि फेरि उनले अंशुको शव बोरामा हालेर घरदेखि दक्षिण लेटाङ र बेलबारी नगरपालिकाको सिमाना पर्ने घना चारकोसे साझेदारी वनमा लगेर फ्याँकिदिएका थिए। 'मैले छिमकी नातिनीको हत्या गरेर ठुलो पाप गरेको छु, मलाई कानुनले कडा सजाय देओस्,' प्रहरीसँगको बयानमा उनले भनेका छन्।

■ आफन्तले मंगलबार अंशुको शव बुझ्ने

अंशुको बलात्कार गरेर हत्या गर्ने पदमबहादुर नै भएको खुलेपछि उनका आफन्तले शव बुझेर दाहसंस्कार गर्ने भएका छन्। अंशुका ठुलोबुवा दामोदर गौतमले प्रहरीले कठिन अनुसन्धान गरेर दोषी पत्ता लगाइसकेकाले मंगलबार बिपी अस्पतालमा रहेको अंशुको शव बुझेर दाहसंस्कार गर्ने बताए। 'नहुनु घटना भइसक्यो, दोषी पनि पक्राउ परिसक्यो। अब अदालतले जन्मकैद गरोस्। हामी छोरीको शव बुझेर दाहसंस्कार गर्छौं,' उनले भने। हजुरबुवा समानको भएर पनि छिमेकी नातिनीको हत्या गरेको खुलेपछि गाउँ-समाजले पदमबहादुरको परिवारलाई गाउँ छाड्न दबाब दिएको छ।

संक्षेप

विष खुवाएर सासूको हत्या आरोपमा बुहारी पक्राउ

विराटनगर/ सासू-ससुराको हत्या गर्न खानामा विष खुवाएको आरोपमा एक महिला पक्राउ परेकी छिन्। मोरङको बेलबारी नगरपालिका- २ सिंहदेवी टोलमा सासू-ससुरालाई खानामा विष खुवाएर हत्या गरेको आरोपमा ३२ वर्षीया सुनिता कार्की पक्राउ परेकी हुन्। प्रहरीका अनुसार कार्कीले खानामा विष मिसाएर खुवाउँदा ७७ वर्षीया सासू इन्द्रमाया राईको मृत्यु भएको छ। ७० वर्षीय ससुरा भक्तबहादुर राईको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। मोरङ प्रहरीका अनुसार शनिबार बिहान बुहारी सुनिताले सासू-ससुरालाई खानामा विष खुवाएर हत्या प्रयास गरेकी थिइन्। विष मिसाएको खाना खाएपछि भक्तबहादुर र इन्द्रमाया बेहोस भएका थिए। विष भएको खानाले घरका तीनवटा कुखुरासमेत मरेका थिए। छिमेकीले देखेर प्रहरीलाई खबर गरेपछि उनीहरूलाई शनिबार नै उपचारका लागि विराटनगरको नोबेल अस्पताल लगिएको थियो। उपचारकै क्रममा शनिबार राति इन्द्रमायाको मृत्यु भएको थियो। तर, खानामा कुन विष किन मिसाइएको थियो भन्नेबारे फरेन्सिक जाँचपछि मात्र खुल्ने र विष खुवाएको कारण पत्ता लाग्ने प्रहरीले जनाएको छ। सुनिता कार्कीलाई इलाका प्रहरी बेलबारीले हिरासतमा राखेर कर्तव्य ज्यान कसुरमा आइतबारदेखि अनुसन्धान थालेको छ।

रुख र माटो चोरी गर्ने गिरोहलाई प्रहरीमा बुझाइयो

रुपन्देही/ सिद्धार्थनगर नगरपालिकाले रुख र माटो चोरी गर्ने गिरोहलाई समातेको छ। नगरपालिकाको स्वामित्वमा रहेको ओमसतिया गाउँपालिका- ५ पटखौलीको जाग्गाबाट माटो चोरी गर्ने र रुख कटान गरी गैरकानुनी रूपमा काम गरिरहेको गिरोहलाई समातेर नगरपालिकाले थप कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रुपन्देहीलाई बुझाएको छ। नगरपालिकाको नाममा दर्ता रहेको ६ बिघा जग्गाबाट अवैध रूपमा ठुल्ठुला रुख कटान गरी माटो ओसारपसार गर्दै गर्दा नगर प्रहरीले नेपाल प्रहरीको सहयोगमा दुईजनालाई नियन्त्रणमा लिएको थियो। गिरोहका एकजना फरार रहेको नगरपालिकाले जनाएको छ। नगरपालिकाका अनुसार शुक्रबार साँझ करिब ५ बजेतिर लु.१त १६६ नम्बरको ट्र्याक्टर प्रयोग गरी रुख कटान तथा माटो निकासी भइरहेको अवस्थामा नियन्त्रणमा लिइएको थियो। ओमसतिया- ५, गौरी बस्ने अन्दाजी २७ वर्षीय छोटु भन्ने जयप्रकाश यादव, अन्दाजी ५३ वर्षीय जगदीश कोइरी पक्राउ परेका थिए। सिद्धार्थनगर नगरपालिका- ८ बस्ने अन्दाजी ३७ वर्षीय अनिलकुमार सराफ भने फरार छन्। ट्र्याक्टरसहित उनीहरूलाई सोही दिन जिल्ला प्रहरी कार्यालय रुपन्देही बुझाइएको थियो। त्यसलगत्तै सिद्धार्थनगर नगरपालिकाले उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरीलाई पत्राचार गरेको नगरपालिकाका सूचना अधिकारी देव ज्ञवालीले बताए ।

महिला स्वयंसेविकालाई गाउँपालिकाले दियो मोबाइल फोन

बागलुङ/ निसीखोला गाउँपालिकाका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई मोबाइल फोन वितरण गरिएको छ। निसीखोला गाउँपालिका-२ को कार्यालयले २३औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसका अवसरमा सम्मानसहित मोबाइल फोन वितरण गरेको हो। समुदायमा नागरिकको स्वास्थ्य सेवामा सहजता होस् भन्ने उद्देश्यका साथ वडाभित्र रहेका १० जना स्वयंसेविकालाई मोबाइल फोन वितरण गरिएको वडाध्यक्ष कुबिर विश्वकर्माले जानकारी दिए। 'महिला स्वास्थ्य स्वयंसेविका समाजका धरोहर हुन्। स्वस्थ समाज निर्माणमा उनीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। उनीहरूलाई उत्प्रेरणा जगाउन मोबाइल फोन वितरण गरिएको हो,' उनले भने, 'हातहातमा मोबाइल फोन भएपछि गर्भवती महिला र बालबालिकाको खोप लगाउन फलोअपका काम पनि हुन्छ। यसले आमनागरिकलाई नै सहज बनाउनेछ।' उनले महिला स्वयंसेविकालाई राज्यबाट प्रदान हुने सेवा न्यूनतम मात्र रहेको हुँदा वडा तहबाट थप प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिएको बताए। स्वयंसेविकाको हात-हातमा मोबाइल फोन भएपछि गण्डकी प्रदेशमा सञ्चालन भएको गर्भवती दर्ता तथा अनुगमन कार्यक्रममा गर्भवती दर्ता गर्न र नियमित फलोअपका साथै बालबालिकाको खोपमा पनि थप सहयोग पुग्ने टारीफाँट आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रमुख विमला परियार बताउँछिन्। आमा र बालबालिकाको स्वास्थ्य सुरक्षा अभियानमा मेडिक मोबाइलको सहयोगमा गण्डकी प्रदेशमा सञ्चालन भएको गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम थप प्रभावकारिता बनाएसँगै नियमित गर्भजाँच गर्ने गर्भवती महिलाको संख्या पनि बढ्दै गएको छ।

मधेशमा तत्कालीन कामचलाउ सरकारले गरेका सबै निर्णय बदर

महोत्तरीमा **रञ्जन भण्डारी**

मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले निवर्तमान कामचलाउ सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले गरेका चार नीतिगत निर्णय बदर गरेका छन्। आइतबार पदभार ग्रहण गरेका मुख्यमन्त्री यादवले तत्कालीन मुख्यमन्त्रीले गरेका सरुवा, काज, जिम्मेवारी हेरफेर र थप जिम्मेवारी तोक्नेलगायतका निर्णय बदर गरिदिएका हुन्।



मुख्यमन्त्री यादव

तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संवैधानिक प्रक्रिया मिचेर नियुक्त गरी होटेलमा शपथ खुवाएपछि विवादित निवर्तमान मुख्यमन्त्री यादवलाई सर्वोच्चले दीर्घकालीन र नीतिगत निर्णय नगर्न आदेश दिएको थियो। पछि सर्वोच्चले उनलाई विश्वासको मत लिन आदेश दिएको थियो।

तर, यादवले विश्वासको मत नपाउने भएपछि १७ मंसिरमा राजीनामा दिनुअघि नीतिगत निर्णय गरेका थिए। तर, विपक्षी दलहरूको समर्थनमा नयाँ मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादवले ती निर्णय बदर गरेका हुन्। मुख्यमन्त्री यादवले सर्वोच्च अदालतको आदेशविपरीत दैनिक र प्रशासनिक कामकाज प्रभावित हुने गरी भएका निर्णय बदर गरिएको बताए। 'समयावधि नपुग्दै बलजफ्ती कामकाज नै प्रभावित हुने गरी सरुवा, नियुक्ति तथा जिम्मेवारी हेरफेर भएको रहेछ, ती सबै निर्णय बदर भएका छन्,' उनले भने।

मुख्यमन्त्री यादवले आइतबारै तीनजना मन्त्री नियुक्त गरेका छन्। उनले जनमत संसदीय दलका नेता महेशप्रसाद यादवलाई अर्थमन्त्री नियुक्त गरेका छन्। कांग्रेसका जंगीलाल राय यादव र एकीकृत समाजवादीका कनिस पटेललाई विनाविभागीय मन्त्रीको शपथ खुवाएका छन्। मधेश प्रदेश मन्त्रिपरिषद्को बैठकले दीर्घरोग (क्यान्सर, मिर्गौला, मुटुरोग आदि) का बिरामीलाई प्रदान गरिँदै आएको औषधोपचार आर्थिक सहायतालाई निरन्तरता दिने निर्णय गरेको छ। साथै, चालू आर्थिक वर्षमा विनियोजित रकम अपुग भए आवश्यक पर्ने थप बजेट व्यवस्थापन गरेर प्राथमिकताका साथ उपलब्ध गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ।

त्यस्तै, मधेश सरकारको अधिकार क्षेत्रभित्रका विषयमा कार्य सम्पादनलाई थप प्रभावकारी, नतिजामुखी र जनउत्तरदायी बनाउन अपरिहार्य बनाउने भनिएको छ।

पाँच सयभन्दा बढी संरचना भत्काएपछि रोकिए हेटौंडा बजारमा चलाइएका डोजर

नभत्काउन सर्वोच्चको उत्प्रेषण आदेशको पत्र तीन दिनपछि पुग्यो, चौकीटोलमा स्थानीयले आफैं भत्काउन थाले संरचना

● **गुरुप्रसाद अधिकारी**, प्रमुख सडक डिभिजन, हेटौंडा



सर्वोच्चको आदेशको पालना गर्नु हाम्रो दायित्व हो। २६ मंसिरमा हुने सुनुवाइपछि मात्र आगामी प्रक्रिया तय हुन्छ।

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडा बजार सडक किनारका पाँच सयभन्दा बढी घरटहरा भत्किएपछि सडक विस्तार तत्कालका लागि रोकिएको छ। हेटौंडा बजार क्षेत्रको २५-२५ गज सडक विस्तार अभियान सर्वोच्च अदालतको उत्प्रेषण (स्टे) आदेशपछि तत्कालका लागि रोकिएको हो।

शुक्रबार सर्वोच्च अदालतले जारी गरेको आदेश आइतबार दिउँसो १२:४६ बजे सडक डिभिजन कार्यालय, हेटौंडामा तामेल भएपछि विस्तार तथा संरचना भत्काउने सबै कार्य स्थगित भएको कार्यालय प्रमुख गुरुप्रसाद अधिकारीले जानकारी दिए। सडक विस्तारको प्रक्रिया कानुनी भए पनि सर्वोच्चको आदेशको सम्मानस्वरूप डोजर तथा मेसिनरी प्रयोग गरेर गरिँदै आएको भौतिक संरचना भत्काउने काम रोकिएको उनले बताए। अदालतको आदेशबारे शुक्रबार नै सार्वजनिक सूचनामार्फत थाहा भए पनि आधिकारिक पत्र नआएकाले



शनिबारदेखि सडक विस्तार अघि बढाइएको प्रमुख अधिकारीको भनाइ छ।

शनिबार बिहान ५ बजेदेखि १२ घण्टासम्म हेटौंडाको राप्ती रोड, बुद्धचोक, मेन रोड, रातोमाटे, पीपलबोट हुँदै चौकीटोल ओरालोसम्मका पाँच सयभन्दा बढी संरचना भत्काइएका थिए। केही घरधनीले स्टे अर्डर आदेश देखाए पनि डिभिजनले पत्र नआएको कारण दिएर भत्काउने काम जारी राखेको थियो। १० वटा मेसिन प्रयोग गरेर करिब पाँच सय सुरक्षाकर्मीको उपस्थितिमा प्राविधिक रूपमा अधिकांश घरका ढोका, झ्याल, सटर तथा माथिल्लो भाग भत्काइएका थिए। संरचनाहरू पूर्ण रूपमा नहटाइए पनि पाँच सयभन्दा बढी घर-टहरा क्षतिग्रस्त बनाइएका छन्।

सडक डिभिजनले ९.५ किलोमिटर क्षेत्रमा सडक विस्तार गर्ने योजना बनाए पनि शनिबार करिब २.५ किलोमिटर क्षेत्र मात्र बाँकी थियो। आइतबार बिहानदेखि पुनः काम सुरु गर्ने तयारी भए पनि सर्वोच्चको आदेश कार्यालय पुग्नेबित्तिकै काम रोकिएको प्रमुख अधिकारीले बताए। 'सर्वोच्चको आदेशको पालना गर्नु हाम्रो दायित्व हो। २६ मंसिरमा हुने सुनुवाइपछि मात्र आगामी प्रक्रिया तय हुन्छ,' उनले भने। अधिकारीका अनुसार सडक डिभिजनले आइतबार भत्काइएका संरचनाको व्यवस्थापनमा स्थानीयलाई सहयोग गरेको छ। केही दिन घरधनीको मागअनुसार समय दिइने र त्यसपछि स्क्याब तथा अवशेष हटाउन डिभिजनले पुनः प्रक्रिया अघि बढाउने उनले बताए। सडक विस्तारलाई 'एसियन हाइवे'को मापदण्डअनुसार पुनर्निर्माण गर्ने लक्ष्यसहित २५ गजबाहिरका जग्गाधनीलाई मुआब्जा वितरण, सेट-ब्याक निर्धारण तथा सडक स्तरोन्नतिसम्बन्धी डिपिआर तयार गर्ने कार्यसमेत अघि बढाइने अधिकारीले बताए। बजेट उपलब्ध भएसँगै चालू आर्थिक वर्षमै टेन्डर प्रक्रियामा जाने तयारी रहेको उनको भनाइ छ।

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र सडक डिभिजन कार्यालयले सुरु गरेको राजमार्ग विस्तार अभियानअन्तर्गत यस क्षेत्रमा पर्ने ५३१ मध्ये पाँच सयभन्दा बढी संरचना भत्काइएका छन्। १९ मंसिर (शुक्रबार) १५ दिने अल्टिमेटम सकिएसँगै सडक डिभिजन कार्यालयले शनिबारैदेखि डोजर र एक्स्काभेटर प्रयोग गरी संरचना हटाउने काम अगाडि बढाएको थियो।

वर्तमान भूराजनीति र नयाँ समाजवादको खोज

नेपाल 'भूराजनीतिक खेलाडी' बन्न खोजेर कुनै एक ध्रुवमा ढल्कियो भने त्यसले निम्त्याउने आर्थिक र सुरक्षाको जोखिम कल्पनातीत हुनेछ



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

विचार आफ्नो युगको बौद्धिक सार तत्त्व हो। कुनै कालखण्डको समय, स्थान, समाजको विकासक्रम, विज्ञान र प्रविधिको प्रगति तथा विविध ज्ञानका शृंखलाको एकीकृत र संश्लेषित रूप नै मानवीय सामाजिक व्यवहार हो। आदिम साम्यवाददेखि आजको डिजिटल युगसम्म आइपुग्दा मानिसले बाँच्नका लागि प्रकृतिसँग गरेको संघर्ष, उत्पादनमा गरेको संघर्ष र वर्गसंघर्ष नै ज्ञान प्राप्तिका आधारभूत स्रोत हुन्। सही ज्ञान र विज्ञानको आधारमा संसारलाई बदल्नु नै विचारको सही संश्लेषण हो। विचारले व्यवहारलाई र व्यवहारले विचारलाई निरन्तर दिशानिर्देश गरिरहेको हुन्छ। आजको विश्वमा मार्क्सवाद वा समाजवादी विचारधारा सतहमा हेर्दा रक्षात्मक वा कमजोर देखिए पनि अन्तर्निहित रूपमा यो पुँजीवादी संकटको एक मात्र सशक्त विकल्पका रूपमा पुनः अगाडि आइरहेको छ।

आजको पुँजीवादी विचारले आफ्नो परम्परागत चरित्र गुमाएर पूर्णतः साम्राज्यवादी र ध्वंसात्मक स्वरूप ग्रहण गरेको छ। यसको वास्तविक आत्मा अब 'युद्ध पुँजीवाद'मा परिणत भएको छ। हिजोको उदारवाद र नवउदारवाद हुँदै आज यो वित्तीय पुँजीवाद र दलाल पुँजीवादको चरणमा प्रवेश गरेको छ। आफ्नो आयु लम्ब्याउन यसले उत्तरआधुनिकतावादको सहारा लिइरहेको छ, जसले सत्यलाई सापेक्षताका नाममा खण्डित गर्छ। सन् १९९१ मा सोभियत संघको विघटनसँगै फ्रान्सिस फुकुयामाजस्ता विद्वान्ले 'इतिहासको अन्त्य' र समाजवादको एकतर्फी अन्त्य भएको घोषणा गरेका थिए। तर, त्यो एकध्रुवीय अमेरिकी विश्व व्यवस्था आज तीन दशक नबित्दै बहुध्रुवीय संक्रमणको कालगतिमा फसेको छ।

शक्ति राष्ट्र आज आणविक हतियार, स्वचालित युद्ध प्रणाली र अन्तरिक्ष कब्जा गर्ने होडबाजीमा छन्। पुँजीवादले आफ्नो संकट टार्न उत्तरआधुनिकतावादी विचारमार्फत वर्गीय आन्दोलनलाई 'लोकप्रियतावादी' आन्दोलनमा बदल्ने रणनीति लिएको छ। विज्ञान र प्रविधिको दुरुपयोग गर्दै युवाको सपना मार्ने, उनीहरूलाई निराश बनाउने र सामाजिक असन्तुष्टिलाई वर्गीय दृष्टिकोणबाट होइन, 'जेनेरेसनल'को कोणबाट विघटन गर्ने खतरनाक खेल भइरहेको छ। 'जेन-जी'का नाममा युवाको आक्रोशलाई पुँजीवादले आफ्नो स्वार्थसिद्ध गर्न प्रयोग गरिरहेको छ।


सन् ०२४/२५ को छोटो अवधिमै बंगलादेश, केन्या, इन्डोनेसिया, मोरक्को, मडागास्कर, नेपाल, पेरु, फिलिपिन्सजस्ता दर्जनौं राष्ट्रमा देखिएका जेन-जी विद्रोहहरू स्वस्फूर्त मात्र छैनन्, यसमा भूराजनीतिक खेलको गन्ध पनि छ। अमेरिकाले आफ्नो खस्कँदो साख जोगाउन करका दर वृद्धिमार्फत व्यापार युद्ध, रुस र चीनलाई घेराबन्दी गर्न युक्रेन र मध्यपूर्वमा प्रोक्सी युद्ध र साना देशमा गृहयुद्ध, सैनिक कु वा 'कलर रिभोलुसन'मार्फत सरकार परिवर्तन गर्ने रणनीति अपनाएको छ। इन्डो-प्यासिफिक रणनीति र मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) जस्ता रणनीतिक परियोजना यही रणनीतिका हिस्सा हुन्।

दक्षिणपूर्व एसिया, दक्षिण एसिया र समग्र एसिया आज शक्ति राष्ट्रहरूको भूराजनीतिक क्रिडास्थल बनेको छ। भारतको रणनीतिक तटस्थतालाई यो साता पुटिनको आगमनले थप पुष्टि मात्र गरेको छैन, यसले विश्वको भूराजनीतिमा ठुलो तरंग पैदा गरेको छ। चीनविरुद्ध अमेरिकी अस्थिरताको प्रयासले दक्षिण एसिया नयाँ शीतयुद्धको केन्द्र बन्दै छ। यद्यपि, आणविक हतियारको त्रासले शक्ति राष्ट्रहरूले प्रत्यक्ष तेस्रो विश्वयुद्ध रोकेका छन्, तर अप्रत्यक्ष विश्वयुद्ध भने सुरु भइसकेको छ। संयुक्त राष्ट्र संघ, युरोपियन युनियन, आइएमएफ, विश्व बैंकजस्ता पश्चिमा नेतृत्वका संस्था कमजोर र औचित्यहीन बन्दै जाँदा ब्रिक्स, सांघाई सहयोग संगठन, युरेसियन आर्थिक संघ, न्यू डेभलपमेन्ट बैंकजस्ता 'ग्लोबल साउथ'का संस्थाको सामूहिक आवाज बलियो बन्दै गएको छ।

तथ्यांक हेर्दा विश्व उत्पादनमा अमेरिकाको हिस्सा २५ प्रतिशतबाट घटेर १६ प्रतिशतभन्दा तल झरेको छ भने चीनको हिस्सा १८.६ प्रतिशतभन्दा माथि पुगेको छ। यसले स्पष्ट रूपमा पश्चिमको पतन र पूर्व-दक्षिणको उदयलाई संकेत गर्छ। यसले एसियालाई पुनः विश्वको उत्पादन र शीतयुद्धको केन्द्र बनाएको छ। अमेरिका र पश्चिमी गठबन्धनले आफ्नो गुम्दै गरेको विश्व नियन्त्रण कायम राख्न युद्ध र द्वन्द्वको सहारा लिइरहेका वेला चीनले समानता, संवाद र साझा विकासलाई जोड दिई बहुध्रुवीय विश्वको आधार तयार पारिरहेको छ।

चीनका तीन प्रमुख पहल- ग्लोबल डेभलपमेन्ट इनिसिएटिभले ८० भन्दा बढी देशमा दिगो विकास, ग्लोबल सेक्युरिटी इनिसिएटिभले संवादबाट द्वन्द्व समाधान र ग्लोबल सिभिलाइजेसन इनिसिएटिभले सांस्कृतिक सद्भावको वकालत गर्दा विश्वलाई नयाँ विकल्प दिएका छन्। नेपालले यी पहलबाट लाभ लिँदै आफ्नो कूटनीतिक रणनीतिलाई सुदृढ र सन्तुलित बनाउन आवश्यक छ।

आजको पुँजीवाद केवल उद्योगमा सीमित छैन, यो 'भूमण्डलीकृत वित्तीय पुँजीवाद' र 'डाटा साम्राज्यवाद'मा बदलिएको छ। जहाँ सूचना, एल्गोरिदम र वित्तीय पुँजीको प्रभुत्व छ। प्रत्यक्ष वैदेशिक लगानी र ऋणको



जालोमार्फत नवऔपनिवेशिक प्रभुत्व जमाउने प्रतिस्पर्धा चलिरहेको छ।

नेपालजस्ता देशमा 'दलाल पुँजीवाद' नामक एक नयाँ परजीवी वर्गको जन्म भएको छ। यो वर्ग न त पुँजी लगाउँछ, न त श्रम गर्छ। यसले केवल बिचौलियाको भूमिका खेल्दै राज्यसत्ता कब्जा गरेर कमिसनबाट अकुत सम्पत्ति जम्मा गर्छ। दलाल पुँजीवादी राज्यसत्तासँग सञ्चित पुँजीलाई उत्पादनमा लाग्न नदिई कसरी पलायन र शोषण गर्छ भन्ने कुराको गहिरो अध्ययन आजको मार्क्सवादले गर्नुपर्छ। पुँजी लगाउने र श्रम गर्ने वर्गबिचको अन्तरसंघर्षले नै समाजवाद जन्माउँछ, तर दलाल पुँजीवादले यो प्रक्रियालाई अवरुद्ध पारेको छ।

> आजको विश्वमा मार्क्सवाद वा समाजवादी विचारधारा सतहमा हेर्दा रक्षात्मक वा कमजोर देखिए पनि अन्तरनिहित रूपमा यो पुँजीवादी संकटको एक मात्र सशक्त विकल्पका रूपमा पुनः अगाडि आइरहेको छ

यतिखेर चीनले अमेरिकालाई पश्चिम एसियामा अल्झाउने रणनीतिअन्तर्गत इरानलाई गोप्य सहयोग गर्दै क्षेत्रीय शक्तिका रूपमा स्थापित गर्न मद्दत गरिरहेको छ। चीनका लागि इरान मध्य एसिया र युरोप जोड्ने महत्त्वपूर्ण 'ट्रान्जिट' हो। उता, हिन्द प्रशान्त क्षेत्रमा 'फ्री तिब्बत मुभमेन्ट' र ताइवानको मुद्दा उचालेर अमेरिकाले चीनलाई घेराबन्दी गर्न खोज्दै छ। जापानले आफ्नो सैन्य सामर्थ्य बढाउँदै चीनमाथि आक्रामक मुद्रा देखाउनु र 'रेल गन'जस्ता आधुनिक हतियारको विकासले हिन्द-प्रशान्त क्षेत्रको शक्ति सन्तुलन उल्टिने खतरा बढेको छ।

अर्कातर्फ, 'दुर्लभ पृथ्वी तत्त्वहरू'को युद्ध पेचिलो बन्दै छ। आधुनिक प्रविधि, मिसाइल र विद्युतीय सवारीका लागि नभई नहुने यी १७ विशेष धातुको ७० प्रतिशत उत्पादन र ८५ प्रतिशत प्रशोधन चीनको नियन्त्रणमा छ। अमेरिका ८० प्रतिशत आयातमा निर्भर छ। चीनले यसलाई भूराजनीतिक हतियार बनाउँदा पश्चिमा प्रविधि संकटमा पर्न सक्छ। अमेरिकाको 'जी-२' (अमेरिका-चीन द्वैध शासन) को प्रस्तावलाई चीनले अस्वीकार गर्दै बहुध्रुवीयता रोज्नुले अमेरिका चिढिएको छ।

सन् १९९० को दशकमा १५ टुक्रामा विभाजित र ४० प्रतिशत अर्थतन्त्र गुमाएको रुसलाई भ्लादिमिर पुटिनले पुनः महाशक्ति बनाएका छन्। रुसले 'टोबोल'जस्ता इलेक्ट्रोनिक युद्ध प्रणाली विकास गरेको छ, जसले स्याटेलाइट र रडारलाई अवरुद्ध गर्न सक्छ। युक्रेन युद्धमा यसको सफल प्रयोगले आणविक हतियारभन्दा सूचना प्रविधि कति घातक हुन सक्छ भन्ने पुष्टि गरेको छ।

जापान अमेरिकाको प्रमुख सहयोगीका रूपमा क्षेत्रीय प्रहरीको भूमिकामा छ भने भारत 'रणनीतिक स्वायत्तता'को नीतिमा छ। भारत एकैपटक 'क्वाड'मार्फत अमेरिकासँग र 'ब्रिक्स'मार्फत रुस-चीनसँग सहकार्य गर्दै आफ्नो राष्ट्रिय हित साधना गरिरहेको छ। विश्व भूराजनीति बहुध्रुवीय बन्दै जाँदा नेपालजस्ता साना राष्ट्र शक्ति संघर्षको केन्द्रमा परेका छन्। चीनको बिआरआई र अमेरिकाको एमसिसी/आइपिएसको चेपुवामा नेपाल छ। नेपाल कुनै एक ध्रुवमा ढल्कियो भने त्यसले निम्त्याउने आर्थिक र सुरक्षाको जोखिम कल्पनातीत हुनेछ। नेपाल 'भूराजनीतिक खेलाडी' बन्न खोज्नु आत्मघाती हुनेछ। त्यसैले, नेपालले भूराजनीतिक प्रतिस्पर्धालाई 'भू-आर्थिक' अवसरमा बदल्नुपर्छ।

नेपालले भारत र चीनबिचको 'व्यापारिक पुल' वा 'बफर जोन'का रूपमा आफूलाई विकास गर्दै दुई विशाल अर्थतन्त्रबाट कृषि, पर्यटन, जलविद्युत् र आइटी क्षेत्रमा लाभ लिनुपर्छ। यसका लागि नेपालले आफ्नो ऐतिहासिक 'शान्ति क्षेत्र' प्रस्तावलाई पुनः अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्नुपर्छ। तर, यसका लागि आन्तरिक राजनीति बलियो हुन आवश्यक छ। विद्यमान अस्थिरता अन्त्य गर्न केन्द्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र प्रदेशमा पहिचानसहितको प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुने शासकीय स्वरूप आजको आवश्यकता हो।

जेनोम सिक्वेन्सिङ र डिएनए सम्पादनले 'सुपरह्युमन' बनाउने सम्भावना देखाएको छ, जसले वर्गीय खाडललाई 'जैविक खाडल'मा बदल्न सक्छ। एआईले अर्बौंको रोजगारी खोस्दै छ, जसले उत्पादक शक्ति र सम्बन्धमा फेरबदल ल्याउँदै छ। यो प्रविधिको स्वामित्व कसको हातमा हुने ? एक प्रतिशत खर्बपतिको वा ९९प्रतिशत आमजनताको ? यही प्रश्नले अबको क्रान्तिको स्वरूप निर्धारण गर्नेछ।

सिलिकन भ्यालीको डाटा साम्राज्यवादले समुदायलाई कमजोर बनाएको छ। पुँजीवादले व्यक्तिलाई बलियो बनाउने नाममा समाजलाई विघटन गऱ्यो। यसको विकल्प अब पुरानो मोडेलको समाजवाद होइन, आजको चेतना र प्रविधिमा आधारित 'नयाँ वैज्ञानिक समाजवाद' हो।

नयाँ समाजवादले 'म र हामी' अर्थात् 'निजी सम्पत्ति र सामूहिक सम्पत्ति'को द्वन्द्वात्मक समायोजन गर्नुपर्छ। पूर्ण निजीकरणले असमानता ल्याउँछ भने पूर्ण सरकारीकरणले निरंकुशता र प्रेरणाको कमी ल्याउन सक्छ। त्यसैले, निजी पहलकदमी र सामुदायिक स्वामित्वको प्रतिस्पर्धात्मक र पूरक मोडेल नै वैज्ञानिक बाटो हो। मार्क्सले परिकल्पना गरेको साम्यवाद–स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको समाज आजको प्रविधिले सम्भव बनाएको छ। जहाँ मानिसको जीवनशैलीमै समाजवाद झल्किन्छ।

नेपालले बाह्य हस्तक्षेप र जेन-जी विद्रोहको गलत प्रयोगबाट बच्न १४२ जातजातिलाई एकीकृत गर्दै बलियो राष्ट्रिय एकता कायम गर्नुपर्छ। श्रम शक्ति पलायन रोक्न र बिदेसिएकालाई फर्काउन दोहोरो नागरिकताको प्रावधान र स्वदेशमै सम्मानजनक श्रम मूल्यको ग्यारेन्टी गरिनुपर्छ।

अन्त्यमा, राजनीतिको फोहोर सफा गर्न संगठनको ढाँचा बदल्नुपर्छ। २१औँ शताब्दीको जनवादको विकासका लागि दुईवटा विधि आदर्श बन्नुपर्छ- १. निरन्तर सर्वहारा सांस्कृतिक क्रान्ति : विचारको शुद्धीकरणका लागि अति आवश्यक छ। २. नेतृत्वको पृथकीकरण : पार्टीको मूल नेतृत्व सरकारमा नजाने र सरकारमा जानेहरू आलोपालो विधिबाट जाने। यसले सत्ताको उन्माद र भ्रष्टीकरणबाट नेतालाई बचाउँछ।

पार्टी र सेना (कार्यकर्ता)लाई बन्दुक वा भाषणमा मात्र होइन, श्रम र उत्पादनसँग जोड्नुपर्छ। जब समुदाय नै उत्पादक र उपभोक्ता बन्छ, तब दलाल पुँजीवाद परास्त हुन्छ। पुष्पलालको नयाँ जनवाद, मदन भण्डारीको जनताको बहुदलीय जनवाद र माओवादीको २१औँ शताब्दीको जनवादलाई निषेध होइन, संश्लेषण गरेर मात्र हामी नयाँ वैज्ञानिक समाजवादी क्रान्ति पूरा गर्न सक्छौं। समाजवादलाई केवल राजनीतिक नारा होइन, आमजनताको जीवनशैली, संस्कृति र खुसीसँग जोड्न सके मात्र मानव सभ्यता अर्को सौर्यमण्डलसम्म फैलिने आधार तयार हुनेछ।

---

३ प्रश्न

जनता समाजवादी पार्टी नेपालका प्रवक्ता **मनीष सुमन**लाई



■ मधेशी दलहरूबिच भइरहेको भनिएको एकता प्रगति कहाँ पुग्यो ?

एकता प्रयास प्रगतिमै छ। निर्वाचन आयोगको 'कट अफ डेट' गुज्रिसकेको भए पनि त्यो ठुलो कुरो होइन, 'टेक्निकल' मात्र हो। दलहरू मिलेमा यो चिह्न लिएर हामी चुनाव लड्छौं भनेपछि मिलिहाल्छ। यतिखेर जसपा र लोसपा एकताका लागि गहिरो संवादमा छन्। दुवै पार्टीका अध्यक्षको तहमै संवाद चलिरहेको छ। दुवैको विचार एउटै छ। उद्देश्य पनि मिल्छ। खालि नाम, झन्डा र अध्यक्ष मात्र फरक भएको अवस्था छ। मधेशी दलहरूबिचको एकता समयको माग पनि हो र मधेशका जनताको चाहना पनि हो।

■ सत्ता पाउँदा विभाजन र संकट पर्दा एकता गर्ने दौडले जनतामाझ कस्तो सन्देश जाला ?

पछिल्लो समयमा मधेशी दलहरूमा पनि लोभीपापी नभएका होइनन्। बाढीमा सबै कुरा मिसिने र बग्ने काम हुँदो रहेछ। मधेश आन्दोलनको बाढीमा पनि त्यस्तै लोभीपापीहरू मिसिए। तिनैका कारण मधेशी दलहरू पटकपटक फुटे। फुट मधेशको राजनीतिको गम्भीर रोग बन्यो। तर, समय क्रममा जनताले पार्टी फुटाएर जानेहरूको हुर्मत लिए। जसले गर्दा त्यस्ता लोभीपापीहरू किनारातिर धकेलिए। यतिखेर हामी सत्ताका लागि होइन, निर्वाचनबाट जनताको मतादेश प्राप्तिका लागि बलियो शक्ति बनाउन एकताको पहल गर्दै छौं।

■ ठुला र नयाँ दलहरूबाट डराएर यस्तो प्रयास थाल्नुभएको हो ?

नयाँ दलहरूबाट डराउनुपर्ने कुनै कारण नै छैन। उनीहरूले हामीलाई लक्षित गरेका छैनन्। उनीहरूका 'टार्गेट' त देउवा, ओली र ठुला दल मात्र हुन्। नयाँमध्ये अधिकांश दलका माग र मुद्दा हामीसँग मिल्छन्। बरु निर्वाचनपछि देश र जनताको हितका लागि नयाँ दलहरूसित सहकार्य गरेर जान सकिने सम्भावना देखिन्छ। पुरानालाई त जनताले नै तह लगाउनेछन्। त्यसैले, उनीहरूबाट किन डराउनु ?

प्रेरक प्रसंग

सिंह र ब्राह्मणको कथा

उहिल्यै नेपालको चारकोसे झाडीमा जहिल्यै हराभरा रहने घना जंगल थियो। जंगलभित्र अनेकौं सानाठुला नदी, खोला र खहरे बग्थे। जंगलमा अनेकौं जीवजन्तु बस्थे। एउटा सुबुद्धि नामको सिंह जंगलको राजा थियो। सम्बुद्धि नामको नीतिवान् राजहंस उसको मुख्यमन्त्री थियो।



जंगलबाहिर एउटा गाउँ थियो। गाउँमा खान-लाउनसमेत धौ-धौ पर्ने एउटा अति गरिब ब्राह्मण परिवार थियो। एक दिन ऊ काठमाडौं गई धन कमाएर ल्याउने विचारसाथ घरबाट हिँड्यो। काठमाडौं पुग्न चारकोसे झाडी पार गर्नुपर्थ्यो। ऊ झाडीको प्रवेशद्वारमा पुग्यो। उसले त्यहाँ मुख्यमन्त्री सम्बुद्धिलाई भेटेपछि आफ्नो सम्पूर्ण दुःखको कहानी सुनायो। सम्बुद्धिले राजा सुबुद्धिलाई सबै कुरा सुनाएर ब्राह्मणको भेट गराइदियो। राजाले ब्राह्मणलाई सुनका केही गहना दिए। गहना पाएपछि ब्राह्मण खुसी हुँदै त्यहींबाट फर्किए। उनले सितैमा पाएको सम्पत्ति हुरलदुरल गर्दागर्दै केही समयमा सिध्याए।

सम्पत्ति सिद्धिएपछि उनी फेरि जंगलका राजालाई भेट्न गए। तर, यतिखेरसम्ममा मुख्यमन्त्री सम्बुद्धिको मृत्यु भइसकेको थियो। एउटा दुर्मुख नामको काग मुख्यमन्त्री बनेको थियो। उसले ब्राह्मणलाई देख्नासाथ 'काँ-काँ' गरेर राजालाई सूचना दियो। सूचना पाउनासाथ सुबुद्धि पनि गर्जिँदै त्यहीं आइपुग्यो। प्रवेशद्वारमा ब्राह्मणलाई देख्नासाथ राजा सुबुद्धिले भन्यो- ब्राह्मणराज, तिमी पक्कै फेरि पनि केही सहयोग पाउने आशाले आएका हौला। तर, कसैले पनि सधैं सहयोग गर्न सक्दैन। आफ्नो आवश्यकता आफ्नै परिश्रमले पूरा गर्नुपर्छ। फेरि अहिले यहाँ सम्बुद्धि होइन, दुर्मुख मुख्यमन्त्री छ। त्यसैले आफ्नै गाउँघर फर्केर परिश्रम गर, पक्कै सुख पाउनेछौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

छानबिन गर्ने नहुने हो र ?

यदि यो समाचार साँचो हो भने सुशीला कार्की सरकारलाई लाख लाख धन्यवाद ! केपी ओलीलाई मात्र होइन, रमेश लेखकलगायतलाई पनि सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउनुपर्छ।

● **डिल्ली फेजोङ**

राम्रो कार्य, कम्तीमा नागरिक समाजबाट बनेको सरकारले यत्ति गर्न खुट्टा कमाउनुहुन्न, चाँडो गरियोस्।

● **बाबुराम शर्मा**

मुद्दा चलाउँदैमा किन तर्सेको त ? आफू चोखो भए केको डर ? कि आफैंमाथि विश्वास छैन ?

● **लक्ष्मण अधिकारी**

'कुटी'का नाममा चन्दा भन्दै भव्य दरबार बनाउनेहरूका अदृश्य सम्पत्ति छानबिन हुनैपर्छ।

● **शिव न्यौपाने**

रविलाई चाहिँ सहकारीको मुद्दा भनेर अरू पनि थपेर मुद्दा चलाउन हुने, अनि तपाईंचाहिँ अरू नै ग्रहका हुनुहुन्छ र, मुद्दा लगाउनै नहुने ?

● **मेघराज केसी**

रविलाई चलाउन मिल्ने तपाईंलाई नमिल्ने भन्ने छ ? कि अन्तै देशको नगरिक हुनुहुन्छ तपाईं ?

● **सुन्दरकुमार राई**

अरूलाई मुद्दा लगाए, आरोप लागे स्वतः अपराधीजस्तै पूरै पार्टी परिचालन गरेर गालीगलौज गराउनेलाई अहिले आफ्नै छायाले तर्साएछ !

● **हरि पन्थी**

गल्ती छैन भने किन डराएको ? छानबिन गर्छन् भने गर्न दिनुपर्छ, सहयोग गर्नुपर्छ, तर आफूबाट कसैलाई अनाहकमा दुःख दिने काम भएको छ भने बदलाचाहिँ मजाले लिन सक्छन्। त्यसो भयो भने आफ्नै कर्मको दोष हो, फल पाइन्छ। काग्रेसका पनि होलान्, कोही बोलेका छैनन्, कसैले होहल्ला गरेका छैनन्।

● **नारायण आचार्य**

मुद्दादेखि डराउने किन ? यदि तपाईं निर्दोष हुनुहुन्छ भने मुद्दाको सामना गर्नुस्, सफाइ पाएर आउनुस्, जनताले थप सम्मान गर्नेछन्। होइन भने आमजनता र रविमाथि झुटा मुद्दा लाग्न हुने तपाईंमाथि मुद्दा लाग्नै नहुने किन ? के तपाईं संविधानभन्दा माथि हो र ?

● **अब्दुल करिम**

रविले त पहिले नै भनेका थिए- 'मलाई मात्रै भनेर बनाएको खाल्डोमा एक दिन यिनीहरू आफैं जाकिनेछन्।'

● **विशाल लामिछाने**

गल्ती भएपछि त डर कति आउँदो रहेछ है ? यता महाधिवेशनमा हारिएला भन्ने पिर, उता सरकारले वेलामा जेलमा कोच्ला भन्ने पिर, गाह्रो छ बा !

● **नेत्रकुमार लामा**

मुद्दा चल्दा के भो त ? छानबिन हुन्छ दोषी भए जेल जाने, निर्दोष भए 'क्लिनचिट' पाउने। आफूलाई अनुसन्धान हुने समय आउँदा ज्वरो आउन थालिसक्यो होला। अरूलाई मुद्दा लाउँदा पो मजा हुन्छ त !

● **हिरा शाही**


तपाईं महामानव हो र ? तपाईंले पेसा, व्यवसायविनै राजसी जीवन प्रत्यक्ष वा परोक्ष अवैधानिक धनबाटै चलाउनु भाको त हो नि !

● **प्रकाशदत्त सुवेदी**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

नयाँ विद्रोह, पुराना दल र समाधानको साझा बाटो

खुला प्राथमिक चुनाव, समयबद्ध नेतृत्व परिवर्तन, कार्यदक्षतामा आधारित उन्नतिका माध्यमबाट नयाँ र पुराना पुस्ताको दूरी घट्न सक्छ



● विष्णुहरि ढकाल

नेपालमा पछिल्लो समय देखिएको राजनीतिक अस्थिरता, असमानता, बेरोजगारी र संस्थागत विफलताप्रति चर्को असन्तुष्टिले नयाँ पुस्ता विद्रोही धारमा उभिन बाध्य भएको छ। पुराना दलप्रति विश्वास घट्दै गएको, युवालाई भविष्य देखाउन नसकेको र राज्य संयन्त्रले जनताको न्याय र विकासका अपेक्षा पूरा गर्न नसकेकै कारण आज राजनीतिक भूदृश्य पुनर्संरचनाको मोडमा छ। अब देशलाई स्थायित्वतर्फ डोऱ्याउने जिम्मेवारी मुख्यतः वामपन्थी र लोकतान्त्रिक शक्तिमाथि छ, जसले इतिहासमा परिवर्तनका प्रमुख चालकको भूमिका निभाएका थिए।

१. **आत्मनिर्भर अर्थतन्त्रतर्फ ठोस मोड** : नीति होइन, कार्यान्वयन केन्द्रमा नेपालको राजनीतिक परिवर्तनहरू- ०४६, ०६२/६३, गणतन्त्र सबैको एउटा साझा लक्ष्य थियो- स्वाधीन, आत्मनिर्भर र उत्पादक राष्ट्र निर्माण। तर, तीन दशकमा निर्यात घट्दै गयो, आयातमा निर्भरता अस्वाभाविक रूपमा बढ्यो र अर्थतन्त्र रेमिट्यान्स आश्रित बन्यो।

वामपन्थी र लोकतान्त्रिक दलले अब निम्न काममा साझा सहमति गर्नु आवश्यक छ :

(क) **कृषि र उद्योगमा राष्ट्रिय प्राथमिकता** : भूमिहीनता समाधान, सहकारी-कृषि मोडेल, कृषि मेसिनरीकरण र कच्चापदार्थलाई नेपालमै प्रशोधन गर्ने उद्योग स्थापनामा राज्य-निजी-सहकारी साझेदारी अनिवार्य बनाइनुपर्छ।

(ख) **प्रदेश-आधारित उत्पादन केन्द्र** : प्रत्येक प्रदेशमा 'एक प्रदेश-एक नेतृत्वकारी उद्योग' अभियान चलाएर आयात प्रतिस्थापन उद्योग स्थापना गरिनुपर्छ।

(ग) **प्रविधि र ऊर्जा अपग्रेड** : जलविद्युत्, सौर्य र बायो-इनर्जीमा लगानी वृद्धि गर्दै ऊर्जा-आधारित उद्योग चक्र विस्तार गर्नुपर्छ।

चीनले १९७८ पछि गरेको आर्थिक रूपान्तरण र भियतनामको सुधार कार्यक्रमले प्रमाणित गरिदिन्छ- राजनीतिक इच्छाशक्ति, प्रशासनिक दक्षता र उत्पादनमुखी नीतिको संयोजनले मात्र आत्मनिर्भरता सम्भव हुन्छ।

२. **पर्याप्त रोजगारी सिर्जना** : युवालाई देशभित्रै भविष्य देखाउनैपर्छ। नेपालका दलहरू विकासको भाषणमा सीमित रहे, रोजगारी सिर्जनाको ठोस संरचना निर्माण गर्न सकेनन्। बामपन्थीहरूको 'राज्यको सक्रिय भूमिका' र लोकतान्त्रिक दलहरूको 'उद्यमशीलताको स्वतन्त्रता', दुवै दर्शनलाई मिलाएर अब उत्पादन-आधारित रोजगार कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

(क) **पाँच लाख युवा-कौशल मिसन** : जापान, कोरिया र जर्मनीमा लागू 'द्वैध तालिम प्रणाली' जस्तै- उद्योग-कलेज सहकार्यमा सीप विकास गर्न सकिन्छ।

(ख) **पूर्वाधारमा स्थानीय रोजगारी कोटा** : सडक, पुल, सिँचाइ, प्रसारण लाइनजस्ता परियोजनामा कम्तीमा ३०-४० प्रतिशत स्थानीय रोजगारी अनिवार्य गरिनुपर्छ।

(ग) **सहकारी उद्यम प्रोत्साहन** : लेनिनले 'अन कोअपरेसन' मा सहकारीलाई समाजवादी अर्थतन्त्रको 'संस्कारात्मक विद्यालय' मानेका थिए। यही आधारमा हजारौं युवा-सहकारी उद्योग नेपालमा पनि सम्भव छ। भारतीय अर्थशास्त्री अमर्त्य सेनले भनेका छन्- 'विकास भनेको आमाबाबुको आम्दानी होइन, युवालाई अवसर दिने प्रक्रियाको नाम हो।' नेपालले यही मूल मन्त्र अनुपालन गर्नुपर्छ।

३. **दिगो शान्तिका लागि राजनीतिक सह-अस्तित्व र विश्वसनीयता** : शान्ति प्रक्रिया संस्थागत भएको धेरै वर्ष भइसक्यो, तर न्याय, समावेशीकरण र सामाजिक



सुरक्षा कमजोर भएकै कारण जनतामा विमुखता बढ्यो। शान्तिको आधार भनेको न्याय, अवसर र राज्यप्रतिको विश्वास नै हो। वामपन्थी दलहरूले सामाजिक न्याय र समता सुनिश्चित गर्न निर्णायक भूमिका खेल्नुपर्छ, लोकतान्त्रिक दलले संस्थागत सुदृढीकरण र नागरिक स्वतन्त्रताको ग्यारेन्टी गर्नुपर्छ। दुवैले संविधानको मूल्य-लोकतान्त्रिक शासन, मानव अधिकार, सामाजिक न्यायलाई व्यवहारमा उतार्नैपर्छ।

नोरबर्ट एलियासले राजनीतिक रूपान्तरणलाई 'स्टेट सोसाइटी इक्विलिब्रिअम' भन्छन्। उनका अनुसार राज्य र समाजबिच विश्वासको सन्तुलन कायम हुँदा मात्र दिगो शान्ति सम्भव हुन्छ।

४. विद्रोही युवा र पुराना दलका समर्थक कसरी एउटै राजनीतिक प्लेटफर्ममा आउन सक्छन् ? नेपालमा अहिले नयाँ राजनीतिक विद्रोह र पुराना दलभित्रै असन्तुष्ट धारा दुवै उपस्थित छन्। फरक विचार भएकालाई एउटै मञ्चमा ल्याउन तीन सूत्र आवश्यक छन् :

(क) **साझा न्यूनतम राजनीतिक कार्यक्रम** : एक-दुई मुख्य विषयमा सहमति-रोजगारी, भ्रष्टाचार नियन्त्रण, उत्पादनमूलक अर्थतन्त्र, जनसेवामा डिजिटल पारदर्शिता आवश्यक छ। वामपन्थी-लोकतान्त्रिक मूल्यलाई समेट्ने 'आर्थिक राष्ट्रियता + लोकतान्त्रिक उत्तरदायित्व' मोडेल उपयुक्त हुन्छ।

(ख) **आन्तरिक लोकतन्त्र र पारदर्शी नेतृत्व छनोट** : युवा विद्रोहको मूल कारण नेतृत्वको बन्द ढोका हो। खुला प्राथमिक चुनाव, समयबद्ध नेतृत्व परिवर्तन, कार्यदक्षतामा आधारित उन्नति यही माध्यमले नयाँ र पुराना पुस्ताको दूरी घट्छ।

(ग) **नीतिगत बहसको संस्थागत प्लेटफर्म** : दलभित्र 'पोलिसी ल्याब' जस्तै- संरचना-जहाँ युवा, विशेषज्ञ, आन्दोलनकारी, किसान, श्रमिक सबैको प्रतिनिधित्व सुनिश्चित होस्। बहसलाई सहकार्यको संस्कृतिले प्रतिस्थापन गर्नुपर्छ। दक्षिण अफ्रिकामा अफ्रिकन नेसनल काग्रेसले र स्पेनको पोडेमसबिचको सहकार्यले विविध पृष्ठभूमिका समूहलाई साझा राजनीतिक परियोजनामा कसरी एकीकृत गर्न सकिन्छ भन्ने उदाहरण पनि दिन्छ।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारत–चीन सीमा विवादका उत्तारचढाव

सीमा अब दुई राज्यबिचको रेखा मात्र रहेन, यो रणनीतिक अंश पनि हो, जहाँ एकातर्फको हरेक गतिविधिले अर्कोतर्फ असर गर्छ



● निरुपमा राव
राव भारतीय पूर्वविदेशसचिव हुन्



अरुणाचल प्रदेशमा जन्मिएको कथित आरोपमा सांघाईमा एक भारतीय नागरिकलाई हालै पक्राउ गरिएको घटना ब्युरोक्रेसीमा सानो घटना भए पनि सभ्यताका हिसाबले यो उजागर गर्नैपर्ने खालको छ। यो कुनै संकट थिएन। यो एउटा संकेत थियो। यसले भारत-चीन सम्बन्धमा जारी तनावलाई उजागर गऱ्यो, जहाँ सामान्य घटनाले पनि अचानक रणनीतिक अर्थ दिन्छ र पहिचान स्वयं द्वन्द्वको कारण बन्छ। सतहमा आप्रवासनको मामिलाको रूपमा देखा परेको कुरा वास्तवमा लामो सम्बन्ध बिग्रिएको प्रतिध्वनि थियो, जुन कुनै पनि पक्षले निर्णायक रूपमा समाधान गर्न भाषा फेला पारेको छैन। हिमालयले आफ्नो आधुनिक जीवन सशस्त्र टकरावको 'फल्ट लाइन'को रूपमा सुरु गरेको थिएन। शताब्दीयौँदेखि यसले गतिविधि र आदानप्रदानको क्षेत्रको रूपमा काम गऱ्यो। आज हामी जुन कुरालाई कडा सीमाको रूपमा देख्छौँ, त्यो इतिहासको धेरैजसो भागका लागि बरफको पर्खालभन्दा पनि सभ्यताको कोरिडोर थियो।

सम्बन्धको त्यो पुरानो परिदृश्यले गर्दा समकालीन भारत-चीन असमझदारीलाई सामान्य बनाउन यति गाह्रो भएको छ। अरुणाचल प्रदेश र अक्साई चीन अब केवल जमिनका भूभाग मात्र रहेनन्। तिनीहरू शंका, असुरक्षा र गर्वका भण्डार बनेका छन्। सीमा जीवित छ, केवल सीमांकन गरिएको छैन। प्रत्येक गस्ती, सडक, नयाँ प्रशासनिक दाबी सैन्य गणनामा मात्र होइन, बरु ऐतिहासिक चेतनामा पनि प्रतिध्वनित हुन्छ। सन् १९६२ को आघातले अझै पनि वर्तमानलाई आकार दिन्छ। द्वन्द्वले चीनको लागि क्षमता र पहुँचलाई पुष्टि गऱ्यो भने भारतका लागि यसले जोखिम उजागर गऱ्यो। त्यो क्षणले मात्र कुनै पनि देश परिवर्तन भएन, दुवैलाई पुनर्लेखन गरिएको थियो। त्यसपछिको कुरा निष्कर्ष थिएन, बरु संयम र अविश्वासको विस्तृत कोरियोग्राफी थियो, जुन आजसम्म पनि जारी छ।

त्यसैले, सिमाना अब घाउको सट्टा ट्याटुजस्तो देखिन्छ। यो सम्बन्धको मांसपेशीमा कुँदिएको स्थायी छाप हो। राजनीतिक मौसम परिवर्तन हुँदा यो झनझनाउँछ, छुँदा चिलाउँछ र समय-समयमा यसले दुवै पक्षलाई पीडाको सम्झना गराउँछ। सतही अध्ययनमा प्रायः छुटेको कुरा के हो भने कुनै पनि पक्षले आफूलाई आक्रमणकारीको रूपमा अनुभव गर्दैन। प्रत्येकले बचाउको दृढ विश्वासमा कदम चाल्छ। चीनका लागि अक्साई चीन (चीन र भारतबिचको विवादित भूमि) माथिको नियन्त्रण आन्तरिक एकता र रणनीतिक निरन्तरताको विषयको रूपमा अनुभव गरिन्छ। भारतका लागि अरुणाचल प्रदेशको रक्षा राजनीतिक अखण्डता र राष्ट्रिय सार्वभौमिकताको प्रश्नको रूपमा अनुभव गरिन्छ। पहिले नै कमजोर यो समीकरणमा तेस्रो संरचनात्मक वास्तविकता प्रवेश गर्छ, चीन-पाकिस्तान सम्बन्ध। यो बन्धन भावनात्मक छैन। यो वास्तुकला हो। पाकिस्तानले चीनको पश्चिमी अभिमुखीकरणमा रणनीतिक पुल र दबाब बिन्दुको रूपमा काम गरेको छ भने चीनले पाकिस्तानलाई एक्लो पार्नेविरुद्धको ग्यारेन्टीको रूपमा काम गरेको छ। पूर्वाधार, रक्षा सहयोग र कूटनीतिक समर्थनद्वारा बलियो बनाइएको यो सम्बन्धले हिमालयको भंगमा ज्यामितीय जटिलता थप्छ।

सीमा अब दुई राज्यबिचको रेखा मात्र रहेन, यो रणनीतिक अंश पनि हो, जहाँ एकातर्फको हरेक गतिविधिले अर्कोतर्फ छाया पार्छ। जब सम्बन्ध त्रिपक्षीय हुन्छ, अस्थिरता दोब्बर हुन्छ। एक मोर्चामा गलत गणना अर्कोतर्फ प्रतिध्वनित हुन्छ। शंका तहबद्ध हुन्छ। संकेत अस्पष्ट हुन्छ। अबको खतरा भनेको नियतले युद्ध होइन, बरु गलत बुझाइले युद्ध हुनु हो। इतिहासले यहाँ एउटा पाठ सिकाउँछ। टिकेका सिमानाहरू केवल संकल्पले मात्र होइन, व्यवस्थापनको बानीले गर्दा नै यो सम्भव भएको हो।

> दुई देशबिचको सिमाना शरीरमा खोपिएको ट्याटुजस्तो देखिन्छ। यो सम्बन्धको मांसपेशीमा कुँदिएको स्थायी छाप हो। राजनीतिक मौसम परिवर्तन हुँदा यो झनझनाउँछ, छुँदा चिलाउँछ र समय-समयमा यसले दुवै पक्षलाई पीडाबोध गराउँछ।

एक समय हिमाली संसार आफैँमा आवास र गतिशीलताको अभ्यासद्वारा शासित थियो, जहाँ सांस्कृतिक सीमा राजनीतिक सीमाभन्दा धेरै थिए र सहअस्तित्व सैद्धान्तिकभन्दा बढी व्यावहारिक थियो। आधुनिक कार्य त्यो संसारलाई पुनः सिर्जना गर्नु होइन, बरु व्यावहारिकताका लागि यसको प्रवृत्तिलाई पुनः प्राप्ति गर्नु र यसलाई समकालीन राज्यकलामा रूपान्तरण गर्नु हो। अगाडि बढ्ने बाटो भव्य सौदाबाजी वा मेलमिलापको नाटकीय संस्कारमा निहित छैन। यो दिनचर्याको कम देखिने वास्तुकलामा निहित छ। लाइन अफ एक्चुअल कन्ट्रोलले स्थायी उत्तेजनाको रूपमा होइन, काम गर्ने रेखाको रूपमा काम गर्नुपर्छ। गस्ती ढाँचाहरू नाटकीयभन्दा अपेक्षाअनुसारको हुनुपर्छ। सञ्चार माध्यमलाई भावनात्मक विश्वासका कारणले होइन कि बरु बारम्बार प्रयोग र संस्थागत बानीका कारण विश्वास गर्नुपर्छ। जब चीन-भारत सीमामा स्थिरताले जरा गाड्छ, पश्चिमी बलको उपयोगिता कमजोर हुन्छ। त्रिपक्षीय सम्बन्धले तीक्ष्णता प्राप्त गर्छ। जब प्राथमिक सम्बन्धले अनुशासन प्राप्त गर्छ, सहायक दबाब विन्दुहरूले आफ्नो जबर्जस्ती मूल्य गुमाउँछन्। सांघाईमा थुनामा राखिएकी भारतीय नागरिकको अनुभव यस तर्कको मानवीय किनारमा उभिएको छ। उनी कुनै रणनीतिको हिस्सा थिइनन्। तैपनि, उनले आफूलाई एक अविस्मरणीय क्षणमा नसुल्झेको सीमाको भार बोकेको पाइन्। यो ट्याक्कै त्यही हो, जहाँ भूराजनीतिक भंगले उनीहरूको सामान्य जीवनमा मौन क्षति पुऱ्याउँछ।

चीन-पाकिस्तान सम्बन्ध जारी रहनेछ। यद्यपि, भारतको रणनीतिक कल्पनामा यो सम्बन्धको प्रभावलाई कम गर्न सकिन्छ (यदि यसलाई स्थायी संकटको रूपमा नभई स्थिर रूपमा व्यवहार गरियो भने)। आर्थिक अन्तर्निर्भरता, शान्त कूटनीतिक प्रोटोकल र दिगो सैन्य समझदारी भावनात्मक औजार होइनन्। तिनीहरू विश्वासका संयन्त्र हुन्। यस्ता परिदृश्यमा शान्ति विश्वासबाट जन्मिएको हुँदैन, यो निश्चितताबाट जन्मिएको हुन्छ। अरुणाचल प्रदेश र अक्साई चीन इतिहासबाट मेटिनेछैनन्। तिनीहरूको रूपरेखा अब दुई राज्यको चेतनामा स्थायी चिह्नका रूपमा ट्याटु गरिएको छ, जसलाई मेट्नुको सट्टा बचाउनुपर्छ। दुवै देशको अगाडिको काम मसी सफा गर्नु होइन, तर प्रत्येकपटक दाग सफा गर्दा छाला नउप्क्रियोस् भनेर सुनिश्चित गर्नु हो।

शिखर सम्मेलनका तस्बिर वा संयुक्त विज्ञप्तिमार्फत यहाँको शान्ति मापन गरिनेछैन। यसलाई शान्त मापदण्डद्वारा मापन गरिनेछ, साधारण नागरिक नसुल्झेका विवादको बोझ बोकेर हिँड्न सक्छन् कि सक्दैनन्, नोकरशाही प्रतिक्रियाले संयम सिक्छन् कि सिक्दैनन् र इतिहासलाई नीति बन्नेभन्दा स्मृतिमा रहन अनुमति दिइन्छ कि दिइँदैन।

- द टाइम्स अफ इन्डियाबाट

इतिहासमा आज

डिसेम्बर ८



सन् १८६३ : अब्राहम लिंकनले देशबाट छुट्टिएर गृहयुद्ध सुरु गरेका दक्षिणी राज्यलाई आममाफी दिने तथा ती राज्यमा पुनर्निर्माण सुरु गर्ने घोषणा गरे।

सन् १९४९ : चीनमा दशकौँदेखि शासन गरिरहेको राष्ट्रवादी सरकार कम्युनिस्टसँगको गृहयुद्धमा हारेपछि मूलभूमि चीनबाट ताइबान सऱ्यो।

सन् १९६६ : अमेरिका र सोभियत संघबिच आणविक हतियारलाई बाह्य अन्तरिक्षमा परीक्षणमा प्रतिबन्ध लगाउने सन्धिमा हस्ताक्षर भयो।

सन् १९७४ : सैन्य शासन अन्त्य भएपछि गणतन्त्र वा सैनिक शासनअधिको राजवंश फिर्ता गर्ने विषयमा ग्रिसमा भएको जनमत संग्रहमा राजतन्त्रविरुद्ध मत खस्यो। देशमा गणतन्त्र स्थापना भयो।

सन् १९८२ : कोलम्बियाली लेखक ग्राभियल गार्सिया मार्खेजले साहित्य विधामा नोबेल पुरस्कार पाए।

सन् १९८७ : अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र सोभियत नेता मिखाइल गोर्बाचेभबिच मध्यम दूरीको आणविक मिसाइल उन्मूलन गर्ने सन्धि भयो।

सन् १९९१ : सोभियत संघबाट स्वतन्त्र भएका तीन मुलुक रुस, बेलोरसिया र युक्रेनबिच 'कमवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स' निर्माण भयो।

सन् २०१० : एलन मस्कको स्वामित्वमा रहेको कम्पनी स्पेस-एक्सले 'स्पेस-एक्स ड्रागन'को सफलतापूर्वक दोस्रो प्रक्षेपण गऱ्यो। यससँगै स्पेस-एक्स अन्तरिक्षयान प्रक्षेपण गर्ने, पृथ्वीवरपर चक्कर लगाउने र पुनः पृथ्वीमा फर्काउन सफल पहिलो निजी कम्पनी बन्यो।

सन् २०१९ : सन्ना मरिन ३४ वर्षको उमेरमा फिनल्यान्डको सबैभन्दा कम उमेरकी प्रधानमन्त्री बनिन्।

नाइट क्लबमा आगलागी हुँदा २५ जनाको मृत्यु

गोवा/ भारतको गोवा राज्यको अर्पोरा गाउँमा रहेको एक नाइट क्लबमा आगलागी हुँदा कम्तीमा २५ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा चार पर्यटक र १४ जना कर्मचारी रहेको प्रहरीले जनाएको छ। सरकारले यस त्रासदीको अनुसन्धान गर्न आदेश दिएको छ। आइतबार मध्यरातमा नाइटक्लबमा ग्यास सिलिन्डर विस्फोट हुँदा आगलागी भएको स्थानीय प्रहरीलाई उद्धृत गर्दै प्रेस ट्रस्ट अफ इन्डियाले जनाएको छ। गोवाका मुख्यमन्त्री प्रमोद सावन्तले घटनाको अनुसन्धानको आदेश दिँदै दोषीविरुद्ध कडा कारबाही गर्ने वाचा गरेका छन्। 'आगलागीको कारण पहिचान गर्न अनुसन्धानको आदेश दिएको छु,' मुख्यमन्त्री सावन्तले भने। द टाइम्स अफ इन्डियाका अनुसार आगलागीमा ५० जना घाइते पनि भएका छन्।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आगलागीपछि सावन्तसँग कुरा गरेको र शोकसन्तप्त परिवारलाई समवेदना व्यक्त गरेको बताए। प्रत्येक पीडित परिवारलाई दुई लाख र घाइतेलाई ५० हजार रुपैयाँसम्म क्षतिपूर्ति प्रदान गर्ने मोदीले बताएका छन्। 'गोवाको अर्पोरामा भएको आगलागी दुःखद छ,' प्रधानमन्त्रीले सामाजिक सञ्जाल एक्समा भने, 'घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्छु।' सामाजिक सञ्जालमा प्रसारित तस्बिरमा उद्धारकर्मीले धेरै मानिसलाई आपत्कालीन सवारी साधनमा अस्पताल ओसारपसार गरिरहेको देखाइएको छ। अनलाइन पोस्ट गरिएका भिडियो क्लिपमा क्लबको तल्लो भवनबाट आगोका लप्का र बाक्लो धुवाँको मुस्लो उडिरहेको देख्न सकिन्छ।

पीडितमध्ये तीनजनाको जलेर र बाँकीको निसास्सिएर मृत्यु भएको थियो। पीडितमध्ये कम्तीमा तीनजना महिला थिए। आगलागी भएको ठाउँनजिकै काम गर्ने एक सुरक्षा गार्डका अनुसार आगो ग्यास सिलिन्डरबाट लागेको थियो। 'हामीले पछि थाहा पायौँ कि सिलिन्डर विस्फोटपछि आगो लागेको थियो,' गार्डले भने। सानो तटीय राज्य गोवा, विशेषगरी विदेशीमाझ लोकप्रिय पर्यटकीय गन्तव्य हो, जहाँ समुद्र तट र पहाडी परिदृश्य छन्। सरकारी तथ्यांकअनुसार वर्षको पहिलो ६ महिनामा विदेशबाट आएका दुई लाख ७१ हजारसहित लगभग ५५ लाख पर्यटकले गोवाको भ्रमण गरेका थिए।

खराब निर्माण अभ्यास, अत्यधिक भिडभाड र सुरक्षा नियमको पालनाको अभावका कारण भारतमा आगलागी सामान्य छ। मे महिनामा भारतीय सहर हैदराबादमा तीनतले भवनमा आगलागी हुँदा कम्तीमा १७ जनाको मृत्यु भएको थियो। त्यसको एक महिनाअघि कोलकाताको एक होटेलमा भीषण आगलागी भएको थियो, जसमा कम्तीमा १५ जनाको मृत्यु भएको थियो। केही मानिस भाग्नका लागि झ्यालबाट बाहिर निस्केका थिए। गत वर्ष पश्चिमी राज्य गुजरातमा खचाखच भरिएको मनोरञ्जन पार्क आर्केडमा आगलागी हुँदा कम्तीमा २४ जनाको मृत्यु भएको थियो।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाडौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति २०८२/०८/२२

यस बैंकको **कमर्शियल शाखा कार्यालय**बाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीले लिएको ऋण/कर्जाको साँवा, व्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८२/०९/०२ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ। उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनु हुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं। बोलपत्र फारम बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

तपसिल

शाखा कार्यालय : कमर्शियल, काठमाडौं

१. कर्जा शिर्षक : तदर्थ अल्पकालिन अवधिको माग कर्जा

ऋणी

नाम : अर्किड्स् ग्लोबल प्रा.लि.
दर्ता नं. १८१५३२/०७४/०७५, दर्ता मिति : २०७४/०९/२५
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३०, **शेयरधनी : १. मुकेश कुमार साह, २. अर्किड्स् टेक्सटायल्स प्रा.लि.**

जमानतकर्ताहरु

१. नाम : मुकेश कुमार साह	२. नाम : आरती शर्राफ	३. नाम : राम प्यारी देवी सोनार
ना.प्र.नं. ५९१५२५०४, जि.प्र.का. सर्लाही	ना.प्र.नं. २४२५/२४३८, जि.प्र.का. सर्लाही	ना.प्र.नं. ५९१२०९९५, जि.प्र.का. सर्लाही
जारी मिति : २०५१/०४/१६ मा जारी भई मिति २०७२/०२/३१ मा दोस्रो प्रतिलिपि जारी	जारी मिति : २०५६/१०/०२ मा जारी भई मिति २०७२/०२/२९ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०४१/१२/१३ मा जारी भई मिति २०७२/०९/३० मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : रामसागर साह सोनार	पतिको नाम : मुकेश कुमार साह	पतिको नाम : रामसागर साह सोनार
बाजेको नाम : गोपाल साह	ससुराको नाम : रामसागर साह सोनार	ससुराको नाम : गोपाल साह
स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३	स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३	स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३
हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०

२. कर्जा शिर्षक : कोष तथा गैर कोषमा आधारित विविध कर्जाहरु

ऋणी

नाम : अर्किड्स् मोटोकर्प प्रा.लि.
दर्ता नं. १६११५०/०७३/०७४, दर्ता मिति : २०७३/०९/१८
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३०, **संचालक/संस्थापक शेयरधनी : मुकेश कुमार साह**

जमानतकर्ताहरु

१. नाम : मुकेश कुमार साह	२. नाम : आरती शर्राफ	३. नाम : राम प्यारी देवी सोनार
ना.प्र.नं. ५९१५२५०४, जि.प्र.का. सर्लाही	ना.प्र.नं. २४२५/२४३८, जि.प्र.का. सर्लाही	ना.प्र.नं. ५९१२०९९५, जि.प्र.का. सर्लाही
जारी मिति : २०५१/०४/१६ मा जारी भई मिति २०७२/०२/३१ मा दोस्रो प्रतिलिपि जारी	जारी मिति : २०५६/१०/०२ मा जारी भई मिति २०७२/०२/२९ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०४१/१२/१३ मा जारी भई मिति २०७२/०९/३० मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : रामसागर साह सोनार	पतिको नाम : मुकेश कुमार साह	पतिको नाम : रामसागर साह सोनार
बाजेको नाम : गोपाल साह	ससुराको नाम : रामसागर साह सोनार	ससुराको नाम : गोपाल साह
स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३	स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३	स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३
हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०

३. कर्जा शिर्षक : कोष तथा गैर कोषमा आधारित विविध कर्जाहरु

ऋणी

नाम : अर्किड्स मोटर्स प्रा.लि.
दर्ता नं. २६०५२९/०७७/०७८, दर्ता मिति : २०७७/१२/१६
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३०, **संचालक/संस्थापक शेयरधनी : मुकेश कुमार साह**

जमानतकर्ताहरु

१. नाम : मुकेश कुमार साह	२. नाम : आरती शर्राफ	३. नाम : राम प्यारी देवी सोनार
ना.प्र.नं. ५९१५२५०४, जि.प्र.का. सर्लाही	ना.प्र.नं. २४२५/२४३८, जि.प्र.का. सर्लाही	ना.प्र.नं. ५९१२०९९५, जि.प्र.का. सर्लाही
जारी मिति : २०५१/०४/१६ मा जारी भई मिति २०७२/०२/३१ मा दोस्रो प्रतिलिपि जारी	जारी मिति : २०५६/१०/०२ मा जारी भई मिति २०७२/०२/२९ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०४१/१२/१३ मा जारी भई मिति २०७२/०९/३० मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : रामसागर साह सोनार	पतिको नाम : मुकेश कुमार साह	पतिको नाम : रामसागर साह सोनार
बाजेको नाम : गोपाल साह	ससुराको नाम : रामसागर साह सोनार	ससुराको नाम : गोपाल साह
स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३	स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३	स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३
हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०

४. कर्जा शिर्षक : कोष तथा गैर कोषमा आधारित विविध कर्जाहरु

ऋणी

नाम : अर्किड्स अनलाईन प्रा.लि.
दर्ता नं. २१८५४३/७५/०७६, दर्ता मिति : २०७६/०३/२२
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३०, **संचालक/संस्थापक शेयरधनी : मुकेश कुमार साह**

जमानतकर्ताहरु

१. नाम : मुकेश कुमार साह	२. नाम : आरती शर्राफ	३. नाम : राम प्यारी देवी सोनार
ना.प्र.नं. ५९१५२५०४, जि.प्र.का. सर्लाही	ना.प्र.नं. २४२५/२४३८, जि.प्र.का. सर्लाही	ना.प्र.नं. ५९१२०९९५, जि.प्र.का. सर्लाही
जारी मिति : २०५१/०४/१६ मा जारी भई मिति २०७२/०२/३१ मा दोस्रो प्रतिलिपि जारी	जारी मिति : २०५६/१०/०२ मा जारी भई मिति २०७२/०२/२९ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०४१/१२/१३ मा जारी भई मिति २०७२/०९/३० मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : रामसागर साह सोनार	पतिको नाम : मुकेश कुमार साह	पतिको नाम : रामसागर साह सोनार
बाजेको नाम : गोपाल साह	ससुराको नाम : रामसागर साह सोनार	ससुराको नाम : गोपाल साह
स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३	स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३	स्थायी ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ३
हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०	हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा. वडा नं. १०

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सर्लाही/रौतहट

क्र.सं.	न.पा./गा.वि.स. सावीक	न.पा./गा.वि.स. हाल	वडा नं. सावीक	वडा नं. हाल	धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (बिघा)	कैफियत
१	मलंगवा	मलंगवा	४	४	मुकेश कुमार साह	६०० ५९३	०-०-१९१/४-० ०-२-०-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
			१	१		१७६१ १५५१ २०४३ २०४२ ६५८ २१८६ २१८७ २१८८ २१८९	०-०-१०-० ०-०-१५-० ०-०-५-१० ०-०-५-११ ०-०-१७-० ०-१-११-० ०-०-६-० ०-१-१३-० ०-१-१-०	
२	जव्दी	लालबन्दी	७	९	मुकेश कुमार साह	१३० ७८० २२६१	०-२-०-० ०-०-१०-० ०-१-१०-०	
३	मलंगवा	मलंगवा	८	८	राम प्यारी देवी सोनार	७२३	०-२-१५-०	
			४	४		५९५ ६०८	०-०-१६-० ०-०-१५-०	
			१	१		२०२० २०८० २०७३ २०९२	०-१-१०-० ०-०-५-० ०-०-६३/४-० ०-०-५-०	
४	चपुर	चन्द्रपुर	५	५	मुकेश कुमार साह	३८७७ २७२१ ५४३० २७४० २७३९	०-०-१०-० ०-०-१०-० ०-१-१०-० ०-०-५-० ०-०-५-०	

१. माथी उल्लेखित कर्जा बापत (१) मा उल्लिखित कित्ताहरु मालपोत कार्यालय मलंगवा, सर्लाहीमा, (२) मा उल्लिखित कित्ताहरु मालपोत कार्यालय हरिवन, सर्लाहीमा, (३) मा उल्लिखित कित्ताहरु मालपोत कार्यालय मलंगवा, सर्लाहीमा र (४) मा उल्लिखित कित्ताहरु मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा रोक्का भई अर्किड्स् मोटर्स प्रा.लि., अर्किड्स् अनलाईन प्रा.लि., अर्किड्स मोटोकर्प प्रा.लि. तथा अर्किड्स् ग्लोबल प्रा.लि. ले लिएको कर्जाहरुको लागि समेत धितोबन्धक कायम भएको।


२. उपरोक्त ऋणीहरुले बैंकसँग कर्जा लिदाको बखत भएको सम्झौता बमोजिम हाईपोथिकेसन गरिदिएको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकि रकम सहित चल अचल सम्पत्ति।

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं. कमर्शियल, काठमाडौं ०१-४०२४०२४

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २२ मंसिर ०८२

बैंकमा ५१ अर्बको गैरबैंकिङ सम्पत्ति

बैंकहरूले सकार गरेको गैरबैंकिङ सम्पत्ति तीन वर्षभित्रै बिक्री गर्नुपर्ने बाध्यता हट्यो



काठमाडौं/ बैंक तथा वित्तीय संस्थाहरूले कर्जा असुलीका क्रममा सकार गरेको गैरबैंकिङ सम्पत्ति तीन वर्षभित्रमा बेचबिखन गर्नुपर्ने बाध्यता तत्काललाई हटेको छ। सरकारले भूमिसम्बन्धी ऐन, २०८१ दफा १२ (च) संशोधन गर्दै बैंक तथा वित्तीय संस्थाहरूले कर्जा असुलीका क्रममा सकार गरी आफ्ना नाममा दर्ता गरेको गैरबैंकिङ सम्पत्ति तीन वर्षभित्रमा बेचबिखन गर्नुपर्ने र उक्त अवधिभित्र बेचबिखन नगरेमा नेपाल सरकारको स्वीकृति लिएर मात्र बेचबिखन गर्नुपर्ने व्यवस्था गरेको थियो। सो व्यवस्थाविरुद्ध त्यसपछि बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल (सिबिफिन)ले त्यसविरुद्ध सर्वोच्चमा रिट दायर गरेको थियो। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाँल, डा. मनोजकुमार शर्मा र डा. नहकुल सुवेदीसमेत भएको पाँचजनाको संवैधानिक इजलासले रिट निवेदनमा सुनुवाइ गर्दै यस्तो अन्तरिम आदेश जारी गरेको हो। आदेश जारी भएसँगै तीन वर्षभन्दा बढी समयदेखि बैंक तथा वित्तीय संस्थाहरूको नाममा दर्ता भई बेचबिखन हुन नसकेका गैरबैंकिङ सम्पत्ति नेपाल सरकारको स्वीकृतिविना नै बेचबिखन गर्ने बाटो खुलेको हो।

संशोधित व्यवस्था संविधानको धारा १७(२)(च) र धारा २५ को सम्पत्तिसम्बन्धी हकसँग बाझिएको भन्दै सिबिफिनले बदर गर्न भन्दै सर्वोच्चको संवैधानिक इजलासमा रिट निवेदन दायर गरेको थियो। सोही रिट निवेदनमा सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले यस्तो निर्णय गरेको हो।

गैरबैंकिङ सम्पत्ति बैंक वा वित्तीय संस्थाले आफूसँग रहेको सुरक्षण लिलाम गर्न नसकी बाध्यात्मक रूपमा राख्नुपर्ने भएकाले गैरबैंकिङ सम्पत्ति तीन वर्षपछि बेचबिखन गर्न नेपाल सरकारले अनुमति नदिएमा बैंकको लगानी



जोखिममा पर्ने देखिएको र संविधानको धारा १७(२)(च) र धारा २५ सँग बाझिएको प्रश्नसमेत सन्निहित रहेको विषयको निरोपण निवेदनको अन्तिम सुनुवाइका बखत हुने हुँदा सो बखतसम्म यो व्यवस्था कार्यान्वयन गरिएमा बैंक तथा वित्तीय संस्थालाई अपूरणीय क्षति हुने भई सुविधा र सन्तुलनसमेतलाई दृष्टिगत गरी यो व्यवस्था यो निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू-नगराउनू भनी प्रत्यर्थीहरूका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ,' आदेशमा भनिएको छ। उक्त आदेशपश्चात् हाल मुलुकमा देखिएको आर्थिक संकुचनका कारण बैंकहरूको कर्जा असुली प्रभावित भई बैंक तथा वित्तीय संस्थाहरूको नाममा थुप्रिँदै गएको गैरबैंकिङ सम्पत्ति बेचबिखन व्यवस्थापन गर्न केही राहत हुने देखिएको छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आवको असोज मसान्तसम्म बैंकहरूको गैरबैंकिङ सम्पत्ति ५१ अर्ब १२ करोड ५० लाख रुपैयाँ पुगेको छ। त्यसमा वाणिज्य बैंकमा ४३ अर्ब २४ करोड ३० लाख रुपैयाँ, विकास बैंकमा चार अर्ब ८४ करोड २० लाख रुपैयाँ र वित्त कम्पनीमा तीन अर्ब तीन करोड ९० लाख रुपैयाँ गैरबैंकिङ सम्पत्ति रहेको नेपाल राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ।

मुख्यतः गैरबैंकिङ सम्पत्तिमा ऋण असुल नभएर लिलाम गरिएका घरजग्गाजस्ता सम्पत्ति हुन्छन्। जुन पछिल्लो समय बढ्दै गएको छ। पछिल्लो समय कर्जा असुली नहुँदा बैंकहरूले धितोमा राखेको घरजग्गाजस्ता सम्पत्ति लिलाम गरी आफैंले सकार गरेका छन्। बैंकहरूले त्यस्तो सम्पत्ति लिलामीका क्रममा सीधै खरिदकर्तालाई पनि बिक्री गर्न सक्छन्। तर, पछिल्लो समय देखिएको शिथिलताले त्यस्ता सम्पत्ति सोझै बिक्री हुन सकेका छैनन्। बैंकहरूले आफ्नो नाममा दर्ता गरेर राखेका छन्। साथै, उनीहरू आफैंले पनि त्यस्तो सम्पत्ति बिक्री गर्न सकेका छैनन्।

जसले गर्दा बैंकहरूमा गैरबैंकिङ सम्पत्ति बढ्दै गएको छ। असार ०८० सम्म बैंकहरूमा १८ अर्ब ६८ करोड ९० लाख रुपैयाँ गैरबैंकिङ सम्पत्ति थियो। असार ०८१ सम्म आउँदा त्यो झन्डै दोब्बरले बढेर ३५ अर्ब ५० करोड ९० लाख रुपैयाँ पुगेको थियो। असार ०८२ मसान्तसम्म आउँदा त्यो थप बढेर ५० अर्ब ५५ करोड १० लाख रुपैयाँ पुग्यो। त्यसपछि असोज मसान्तसम्म आउँदा अझ बढेर ५१ अर्ब १२ करोड ५० लाख रुपैयाँ पुगेको छ। सकार गरेको सम्पत्ति बिक्री गर्न नसकेपछि बैंकहरूमा यस्तो सम्पत्ति बढ्दै गएको छ।

कानुनी सहजता भयो, गैरबैंकिङ सम्पत्ति बिक्री हुन बजार नै चलायमान हुनुपर्छ

● **मनोज ज्ञवाली**
प्रमुख कार्यकारी अधिकृत, नबिल बैंक



बैंकहरूमा जति धेरै गैरबैंकिङ सम्पत्ति भयो, त्यति नै नाफालाई प्रभावित बनाउँछ। बैंकहरू आफैं यस्तो सम्पत्ति राख्न चाहँदैनन्। बैंकहरूलाई कति वेला यस्तो सम्पत्ति बिक्री गरौं भन्ने हुन्छ। त्यो अवस्थामा सरकारले यस्तो सम्पत्ति तीन वर्षभित्र बिक्री गर्नु भनेर भन्नैपर्ने थिएन।

यद्यपि, पछिल्लो समय देखिएको शिथिलताले गैरबैंकिङ सम्पत्ति बिक्री भएको थिएन। लिलाम गरेर सकार गरेको पाँच वर्षसम्म पनि सम्पत्ति बिक्री नभएको अवस्था छ। त्यो अवस्थामा तीन वर्षभित्र बिक्री गर्नुपर्ने व्यवस्थाले त्यस्तो सम्पत्ति कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा अन्योल नै थियो। सरकारबाट स्वीकृति लिनुपर्ने व्यवस्था भए पनि त्यसमा ढुक्क हुने अवस्था थिएन।

त्यो अवस्थामा अहिले उक्त व्यवस्था कार्यान्वयन नगर्न अन्तरिम आदेश आउनु सकारात्मक र स्वागतयोग्य छ। यद्यपि, यसले कानुनी तथा नीतिगत रूपमा सहजता प्रदान गर्ने हो। अहिले घरजग्गाको कारोबार शिथिल अवस्थामा छ। त्यस्ता सम्पत्ति बिक्री गर्न बजार नै चलायमन बनाउनुपर्छ।

आंशिक सञ्चालनमा आयो १११ मेगावाटको रसुवागढी जलविद्युत्

नयाँ पत्रिका



गत असारको बाढीले क्षतिग्रस्त एक सय ११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजना आंशिक रूपमा सञ्चालनमा आएको छ। गत २४ असारमा चीनको तिब्बतबाट बग्ने ल्येन्दे खोलामा हिमताल विस्फोटनबाट आएको बाढीले आयोजनाको बाँधलगायतका संरचना (हेडवर्क्स)मा ठुलो क्षति पुऱ्याएको थियो। त्यसपछि बन्द भएको आयोजनामा शनिबारदेखि ३७ मेगावाटको एउटा युनिट सञ्चालनमा ल्याइएको हो।

परियोजनामा ३७-३७ मेगावाटका तीनवटा युनिट अर्थात् टर्बाइन छन्। बाँकी दुई युनिट भने सञ्चालनमा आउन बाँकी छ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा रसुवामा निर्माण भएको यो आयोजना पुस ०८१ मा मात्रै सञ्चालनमा आएको थियो। त्यसको ६ महिनामै परियोजना बाढीले क्षतिग्रस्त भएको थियो। आवश्यक मर्मत-सम्भार तथा पुनर्निर्माण गरेर शनिबारदेखि एउटा युनिट सञ्चालनमा लाइएको हो।

हेडवर्क्सको मर्मतपछि अस्थायी रूपमा नदीबाट पानी डाइभर्सन गरी विद्युत्गृहमा रहेका तीनवटा युनिटमध्ये एउटा युनिट शनिबारबाट सञ्चालनमा ल्याइएको हो।

बाँकी दुईवटा युनिट एक महिनाभित्र सञ्चालनमा ल्याउने र हेडवर्क्स क्षेत्रको बाँकी मर्मतकार्य आगामी वर्षायामअगाडि नै सम्पन्न गर्ने योजना छ। सोहीअनुसार पुनर्निर्माणको काम भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललले बताए। 'आयोजनाबाट विद्युत् उत्पादन सुरु भएपछि हिउँदयामको विद्युत् माग व्यवस्थापन गर्न केही सहज हुनेछ,' उनले भने।

बाढीले आयोजनाको हेडवर्क्स क्षेत्रमा पानीसँग बगेर आउने काठ, झार, बोटबिरुवाजस्ता वस्तु रोक्ने मेसिन, गेटलगायतका उपकरण बगाएको थियो। हेडवर्क्स नियन्त्रणलगायतका भवनमा दुई मिटरभन्दा बढी लेदो थुप्रिएको थियो। हेडवर्क्समा ठुल्ठुला ढुंगा आएका थिए र पानीलाई सुरुङतर्फ पठाउन बनाएका संरचना भत्किएका थिए। साथै, विद्युत् उत्पादनपछि नदीलाई पानी पठाउन प्रयोग हुने टेलरेसबाट पानी बसेर टर्बाइन रहेको तला पूर्ण रूपमा डुबेको थियो।

उक्त दिन जलविद्युत् आयोजनामा कार्यरत २२ जना कर्मचारीलाई हेडवर्क्स क्षेत्र र आवास क्षेत्रबाट सेनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको थियो। कर्मचारी आवास क्षेत्र पूर्ण रूपमा बगाएको थियो।

बाढीका कारण आयोजनालाई मात्र नभई स्याफ्रुबेंसीबाट आयोजनास्थलसम्म जाने मुख्य राजमार्ग पहिरोबाट विभिन्न ठाउँमा अवरोध भएको थियो।

आयोजनाबाट १६ पुस ०८१ बाट व्यावसायिक रूपमा विद्युत् उत्पादन सुरु भएको थियो। तर, असारमा आएको बाढीले क्षति पुऱ्याएपछि आयोजनाबाट विद्युत् उत्पादन बन्द थियो। आयोजना पूर्ण रूपमा सञ्चालनमा आएपछि वार्षिक रूपमा ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत् उत्पादन हुनेछ। उक्त विद्युत् बिक्रीबाट कम्पनीलाई वार्षिक तीन अर्ब २५ करोड रुपैयाँ आम्दानी हुनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गेटा अस्पताल
कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

नेपाल स्वास्थ्य सेवा अन्तर्गत सेवा करार कर्मचारीको खुला भर्ना आवश्यकता सम्बन्धी २१ दिने सूचना

सूचना नं. ०१/२०८२/०८३
प्रथम पटक प्रकाशित मिति : २०८२/८/२२

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८२/०७/२४ गतेको निर्णयानुसार अस्थायी दरवन्दी स्वीकृत भए बमोजिम नेपाल स्वास्थ्य सेवा तर्फका निम्न सेवा, समुह, उपसमुह तथा तहका पदहरूमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकाले प्रचलित कानून बमोजिम ६ महिनासम्मको लागि खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले यस कार्यालयले तोकेको दरखास्त फाराम भरी बैंक दस्तुर बुझाएको सक्कल भौचर सहित यस कार्यालयमा बुझाउनु पर्नेछ। दरखास्त बुझाउने सम्बन्धी विस्तृत विवरण दृष्टव्यमा दिइएको छ। विज्ञापित सबै पदहरूको मौखिक अन्तर्वार्ताको कार्यतालिका दरखास्त समाप्त भएको मितिले सार्वजनिक विदा परेमा अर्को दोश्रो दिनमा प्रकाशित गरिनेछ।

स्वास्थ्य सेवा				
सि.नं.	विज्ञापन नं.	पद, सेवा, समुह, उपसमुह	विज्ञापन किसिम	पदसंख्या
१	०१/०८२/०८३	स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ्ग, पाँचौ तह	खुला सेवा करार	१५

दरखास्त बुझाउने मिति : २०८२ मंसिर २२ गते देखि पौष १३ गते सम्म (२१दिन)
परीक्षाको किसिम : अन्तर्वार्ताबाट अन्तिम नतिजा प्रकाशित गरिनेछ।
सम्पर्क मिति : २०८२ पौष १५ देखि १६ गते सम्म
परीक्षा केन्द्र : गेटा अस्पताल, गेटा।
परीक्षाको माध्यम : अन्तर्वार्ताको माध्यम (भाषा) नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।
दरखास्त दस्तुर : सहायक स्तर पाँचौको लागि रु. ६०० (छ सय) बुझाउनु पर्नेछ। यस गेटा अस्पतालको कार्यालय कोड नं. ३७०६१७७०१ राजश्व खाता नं. १४२२४ भएको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय धनगढी कैलालीमा जम्मा गरी भौचरको एक प्रति दरखास्तसाथ बुझाउनु पर्नेछ।
उम्मेदवारको उमेर हक : स्वास्थ्य सेवाको सहायक पदको हकमा २०८२ वैशाख सम्म १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको।
दरखास्तको माध्यम : दरखास्त फाराम लोकसेवा आयोग अनामनगर काठमाडौको आधिकारिक फाराम www.psc.gov.np वा यस गेटा अस्पतालको वेभसाइट www.getahospital.gov.np मा गई फाराम डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। उक्त दरखास्त फाराम भरी उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नो मोवाईल नम्वर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।
दरखास्त दस्तुर बुझाउने स्थान : गेटा अस्पताल, कैलाली।
पदमा रही गर्नुपर्ने कामको विवरण : सेवा,समूहसम्बन्धी
तलवः- प्रचलित कानून बमोजिम सेवा सम्बन्धी निकाय : सेवा, समूह,उपसमूहको गेटा अस्पताल सञ्चालन गर्न तोकिएका सम्बन्धि स्वास्थ्य तथा जनसख्या मन्त्रालयको सघीय अस्पताल गेटा अस्पताल, कैलाली।

आवश्यक न्यूनतम योग्यता :
नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको। साथै नेपाल स्वास्थ्य नियमावली, २०५५ को नियम १५ (१) बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ।
१. स्वास्थ्य/ स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ्ग पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उत्तिर्ण गरी अर्निवार्य २ वर्षको अस्पताल क्लिनिकल अनुभव र Skilled Birth Attendant (SBA) तालिम प्राप्त गरेको हुनु पर्नेछ।
२. अस्पतालको आवश्यकता अनुसार माग गरेको संख्या थप घट हुन सक्छ।
३. अन्तिम निर्णय पद पुर्ति समितिको निर्णय नै मान्य हुनेछ।

द्रष्टव्य
क. छोटो समयको लागि करार सेवा भएकोले दोब्बर दस्तुरको म्याद नभएको।
ख. अस्पतालद्धारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा मेडिकल काउन्सिल दर्ता भई नविकरण नभएको दरखास्त फारम स्वीकृत गरिने छैन।
ग. लिखित परीक्षामा उतीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र,नागरिकता प्रमाण पत्र, सेवाको अनुभव आवश्यक पर्नेको हकमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति, आफुले दरखास्त दिएको सेवा समुह सम्बन्धि परिषदमा दर्ता हुनुपर्ने पदहरू भएमा सो परिषदमा दर्ता /नविकरण भएको प्रमाणपत्रको सक्कल प्रति दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
घ. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी सस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता अनिवार्य रुपमा निर्धारण गराएको हुनुपर्नेछ।

गेटा अस्पताल, कैलाली
getahospital@gmail.com
Procurement.getahospital@gmail.com

बैंकलाई नाफा बढाउन सहज बनाएका छौं : गभर्नर

काठमाडौं/ मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाले वित्तीय संस्थाहरूलाई नाफा बढाउन सहज बनाएको राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलले बताएका छन्। बैंकहरूको आर्थिक गतिविधि चलायमान बनाउन नीतिगत परिमार्जन भइरहेको उनले बताए। 'मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा वित्तीय संस्थाहरूको नाफा बढाउन सहज बनाएका छौं। महानगरमा रहेका धेरै बैंकहरूका शाखा बन्द गर्ने बाटो खोलिदिएका छौं,' उनले भने, 'बैंक तथा वित्तीय संस्थाहरूको नाफामा ध्यान दिइरहेका छौं। सबैको गुनासो हेरेर हामी अगाडि बढ्ने गरेका छौं।'

कार्यक्रममा प्रमुख अतिथि अर्थमन्त्री रामेश्वर खनालले आन्दोलनका नाममा निजी क्षेत्रमाथिको आक्रमण गलत भएको बताए। 'निजी क्षेत्रले तयार पारेको संरचना र सम्पत्ति नेपाली जनाताको पनि हो। निजी क्षेत्रले निश्चित समयपछि छाड्ने नै हो। उनीहरूमाथिको आक्रमण ठिक होइन। निजी क्षेत्रको संरक्षण गर्नका लागि सबैले जोड दिनुपर्छ,' उनले भने।

यस्तै, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुशील ज्ञवालीले अहिले केही विदेशी लगानीकर्ता 'पर्ख र हेर'को अवस्थामा रहेको बताए। '१७ सय अर्बबराबरका प्रोजेक्ट पाइपलाइनमा छन्। केही लगानीकर्ता पर्ख र हेरको अवस्थामा छन्। तर, हालसम्म लगानी गर्न चाहेका लगानीहरूले हात झिक्छौं भनेका छैनन्,' उनले भने। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले निजी क्षेत्रविना आर्थिक गतिविधि सुदृढ हुन नसक्ने बताए। त्यसैगरी, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले वित्तीय प्रणालीमा रहेको लगानीयोग्य रकम स्थिर हुनु अहिलेको सबैभन्दा ठुलो चुनौती रहेको बताए।

नाफिजको पहिलो फेलोसिप नयाँ पत्रिकाकर्मी बमलाई



'श्रवणकुमार अग्रवाल-नाफिज फेलोसिप' नयाँ पत्रिकाका यम बमलाई प्रदान गरिएको छ। नेपाल आर्थिक पत्रकार संघ (नाफिज)को १६औं वार्षिक साधारणसभामा अर्थमन्त्री रामेश्वरप्रसाद खनालले ५० हजार राशिको फेलोसिपको प्रमाणपत्र प्रदान गरेका हुन्। यस्तै, एक लाख राशिको 'शारदा-दुण्डीराज नाफिज आर्थिक पत्रकारिता पुरस्कार २०८२' क्लिकमाण्डु डटकमका रोबिन पौडेललाई, ५०-५० हजार राशिको 'सिबिफिन-नाफिज बैंकिङ पत्रकारिता पुरस्कार २०८२' क्यापिटल नेपाल डटकमकी कमला भण्डारी र 'सिबिफिन-नाफिज आर्थिक पत्रकारिता पुरस्कार २०८२' टक्सार म्यागजिनकी अम्बिका शर्मालाई प्रदान गरिएको छ। साधारणसभामा नाफिज जर्नल 'अर्थतन्त्रको उन्नयन' विमोचन गरिएको छ।

प्राधिकरण र महानगर सहकार्यमा तार भूमिगत गरिने

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरण र काठमाडौं महानगरपालिकाको समन्वयमा काठमाडौंमा विद्युत्को तार भूमिगत गरिने भएको छ। तारलाई भूमिगत गर्ने काममा फिल्डमा देखिएका समस्या समाधान गर्न प्राधिकरणका निर्देशक र महानगरपालिकाका सार्वजनिक निर्माण विभागका प्रमुखलाई तोकिएको छ।

सडक विभाग, काठमाडौं महानगर लगायतका निकायबाट सहमति प्राप्त नहुँदा, निर्माण व्यवसायीबाट काम सम्पन्न भएपछि सडकलाई मर्मत नगरेकोजस्तो गुनासो आएपछि ऊर्जामन्त्री कुलमान घिसिङले आइतबार प्राधिकरणका कार्यकारी निर्देशक, आयोजना प्रमुख, महानगरपालिका प्रतिनिधि र निर्माण व्यवसायीसँग छलफल गरेका हुन्।

मन्त्री घिसिङले आगामी वर्षायाम सुरु हुनुभन्दा अगाडि काठमाडौंभित्र तार भूमिगत गर्ने काम सम्पन्न गर्न र सम्पन्न भएको ठाउँमा इन्टरनेट, टेलिफोन, टेलिभिजन सेवाप्रदायकसँग समन्वय गरी जमिनमाथिको तार हटाउन आग्रह गरे। प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललले सडक विभाग र स्थानीय तहसँग समन्वय गरी निर्माण अगाडि बढाइने बताए। काम सम्पन्न भएका क्षेत्रमा भूमिगत तारबाट विद्युत् आपूर्ति दिन सुरु गरिसकिएको र ओभरहेटलाई क्रमशः हटाउँदै जाने सिलवाललले उल्लेख गरे।

तीन अर्ब लागतमा नेपालगन्ज विमानस्थलको टर्मिनल भवन निर्माण

बाँकेमा **विश्वराज पछ्लडङ्गया**



नेपालगन्ज विमानस्थलमा अत्याधुनिक टर्मिनल भवन निर्माण भएको छ। तोकिएको मितिभन्दा दुई महिनाअघि नै सम्पन्न भएको उक्त भवन निर्माणका लागि १६ डिसेम्बर २०२२ मा सम्झौता भएको थियो। अन्तर्राष्ट्रिय मापदण्डमा निर्माण पूरा भएसँगै नागरिक उड्डयन प्राधिकरणलाई हस्तान्तरण गरिएको निर्माण कम्पनी शर्मा एन्ड कम्पनीका असिस्टेन्ट प्रोजेक्ट म्यानेजर स्मिता पुञ्जालीले बताइन्। नयाँ तीनवटा ब्लक बनाएर निर्मित टर्मिनल भवन, विमान पार्किङ क्षेत्र, सवारीसाधन पार्किङ, गेस्टहाउस, ढल व्यवस्थापन, बर्गैंचा, फुटपाथ, शौचालयलगायतका संरचना निर्माण भएको उनले जानकारी दिइन्। 'सम्झौताभन्दा दुई महिनाअघि निर्माण पूरा भई नागरिक उड्डयन प्राधिकरणलाई हस्तान्तरणसमेत भइसकेको छ,' उनले भनिन्।

नवनिर्मित भवनमा अन्डरग्राउन्डसहित यात्रु कक्ष, प्रशासनिक कक्ष, विमान कम्पनीका कक्ष, व्यापारिक सटर, शौचालय, भन्सार, अध्यागमन, क्वारिन्टाइनलगायत विभिन्न कक्ष निर्माण भएको छ। भ्याटबाहेक करिब तीन अर्ब रुपैयाँमा निर्माण भएको उक्त टर्मिनल भवन ५५ हजार स्क्वायर फिटमा फैलिएको छ। उक्त भवनमा प्रतिघण्टा ६ सय ९८ जना यात्रलाई सेवा दिन सकिन्छ। 'भवनमा अन्तर्राष्ट्रिय उडान हुने सम्भावनालाई दृष्टिगत गरी घरेलु तथा अन्तर्राष्ट्रिय उडानका लागि अलग-अलग यात्रु प्रस्थान र आवागमन ढोका तयार गरिएको छ,' पुञ्जालीले भनिन्।

टर्मिनल भवनको बाहिर बर्गैंचाका साथै पाँचदेखि १४ मिटर फराकिलो बाटो निर्माण गरिएको छ। टर्मिनल भवनको पेरिफेरीमा ढल निकास तथा बढी भएको पानी निकासका लागि नालाको उचित व्यवस्था गरिएको छ। 'टर्मिनल भवनबाहिर एटिआर-७२ जहाज तीनवटा र ट्विनओटर जहाज पाँचवटा एकैपटकमा पार्किङ गर्न मिल्ने संरचना तयार भएको छ,' उनले भनिन्।

एक चौकाबराबर एनसेलले चार शैक्षिक सामग्री वितरण गर्ने

काठमाडौं/ एनसेल फाउन्डेसनले बिहीबारसम्म नेपाल प्रिमियर लिग (एनपिएल) सिजन-२ मा हानिएका चौकाबापत दुई हजारभन्दा बढी शैक्षिक सामग्री वितरण गर्ने भएको छ। क्रिकेटलाई कक्षाकोठासँग र हरेक चौकालाई उज्ज्वल भविष्यसँग जोड्ने सामाजिक पहलअनुसार यी सामग्री सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने कम्पनीले जनाएको छ।

गत वर्ष सुरु गरिएको यो पहलले नेपालभरका सरकारी र सामुदायिक विद्यालयका विद्यार्थीलाई सहयोग गर्दै आएको छ। एनपिएल सिजन-२ का हरेक चौकामा चारवटा शैक्षिक सामग्री वितरण गर्ने प्रतिबद्धता फाउन्डेसनले जनाएको छ।

बिहीबार (मंसिर १८) ९० खेलाडीले कुल पाँच सय १० चौका प्रहार गरेका छन्। जसबापत कम्पनीले दुई हजार ४० शैक्षिक सामग्री वितरण गर्नेछ। चौका प्रहार गर्ने शीर्ष तीन खेलाडीको सूचीमा पोखरा एभेन्जर्सका एडम रोसिङ्टन २७ चौकासहित अगाडि छन्। त्यस्तै, लुम्बिनी लायन्सका डार्सी सर्टले १९, काठमाडौं गोर्खाजका बेन चार्ल्सवर्थ र सुदूरपश्चिम रोयल्सका विनोद भण्डारीले १७-१७ चौका प्रहार गरेका थिए। यो पहलले शैक्षिक सामग्रीको वितरणमार्फत विद्यार्थीको शिक्षामा सकारात्मक परिवर्तन ल्याउन योगदान दिने कम्पनीले विश्वास लिएको छ। विद्यार्थीलाई प्रदान गरिने प्रत्येक किटमा झोलासहित कापी, पेन्सिल, सार्पनर, इरेजरलगायतका आवश्यक सामग्री रहनेछन्। यी सामग्रीले विद्यार्थीलाई पठनपाठनका लागि आवश्यक स्रोतको कमी घटाउन मद्दत गर्ने र उनीहरूको सिकाइमा योगदान पुऱ्याउने विश्वास गरिएको छ।

सिटिजन लाइफको सिइओमा दोहोरिए पौडेल



काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले प्रमुख कार्यकारी अधिकृत (सिइओ) पदमा पुनः पोषकराज पौडेल नियुक्त गर्ने निर्णय गरेको छ। शुक्रबारको सञ्चालक समिति बैठकले हाल कम्पनीको सिइओ रहेका पौडेललाई आगामी ३० पुसदेखि लागू हुने गरी पुनः सोही पदमा नियुक्त गर्ने निर्णय गरेको छ। उनको कार्यकाल चार वर्षको हुने कम्पनीले जनाएको छ।

सिद्धार्थ बैंकको 'भर्चुअल क्रेडिट कार्ड' सार्वजनिक

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले भर्चुअल क्रेडिट कार्ड सार्वजनिक गरेको छ। बैंकले 'सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग'का अवसरमा आयोजित अनग्राउन्ड कार्यक्रममा उक्त कार्ड सार्वजनिक गरेको हो। विद्युतीय सेवालाई थप सुदृढ र पहुँचयोग्य बनाउन फोनपेसँगको साझेदारीमा सो कार्ड ल्याइएको बैंकले जनाएको छ।

यससँगै ग्राहकले भौतिक कार्डविना नै १८ लाखभन्दा बढी 'फोनपे क्युआर' व्यापारीहरूमा छिटो, सुरक्षित र सम्पर्करहित भुक्तानी गर्न सक्नेछन्। डिजिटल रूपमा सक्रिय ग्राहकको आवश्यकतालाई ध्यानमा राखी तयार पारिएको यस कार्डले तुरुन्त सक्रियता एवं नियन्त्रण तथा उच्च सुरक्षा प्रदान गर्ने बैंकले जनाएको छ। ग्राहकले 'बैंक स्मार्ट एक्सपी' मोबाइल बैंकिङ एपमार्फत तत्काल आवेदन दिन, कार्ड प्राप्त गर्न र सक्रिय गर्न सक्नेछन्। साथै, एपमार्फत



सीमा व्यवस्थापन, कार्डलक तथा अनलक, स्टेटमेन्ट जाँच, भुक्तानी र अन्य व्यवस्थापन कार्य पनि सजिलै गर्न सक्ने बताइएको छ।

यसै अवसरमा भर्चुअल कार्डमार्फत गरिने प्रत्येक कारोबारमा ५० प्रतिशत वा अधिकतम सात सय ५० रुपैयाँसम्म क्यासब्याक प्राप्त गर्न सकिने बैंकले जनाएको छ। यो अफर सीमित आगामी ७ जनवरीसम्म लागू हुनेछ।

सानिमा बैंकले मनायो २१औँ वार्षिकोत्सव



काठमाडौं/ सानिमा बैंक लिमिटेडले २१औँ वार्षिकोत्सव मनाएको छ। बैंक यही २१ मंसिरदेखि स्थापनाको २१औँ वर्ष पूरा गरी २२औँ वर्षमा प्रवेश गरेको हो। दुई दशकभन्दा बढी समयदेखि आफ्ना ग्राहकलाई निरन्तर सेवा दिँदै विश्वासिलो बैंक बन्न सकेको उपलक्ष्यमा २१औँ वार्षिकोत्सव मनाएको छ।

यसै अवसरमा बैंकले बैंकिङ यात्राभर निरन्तर सहयोग प्रदान गर्ने आफ्ना ग्राहक तथा सम्पूर्ण सरोकारवालाप्रति कृतज्ञता व्यक्त गरेको छ। आइतबार आयोजित एक कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पवनकुमार आचार्यले बैंकको लक्ष्य प्राप्त गर्न सामूहिक प्रयासका लागि सबैलाई धन्यवाद दिए।

नबिल बैंकले १२.५२ प्रतिशत लाभांश दिने



काठमाडौं/ नबिल बैंक लिमिटेडले यसपटक १२.५० प्रतिशत लाभांश वितरण गर्ने भएको छ। बैंकको शुक्रबार बसेको सञ्चालक समितिको बैठकले गत आवसम्म वितरणयोग्य मुनाफाबाट करसहित १२.५० नगद लाभांश दिने निर्णय गरेको हो। प्रस्तावित लाभांश बैंकको आगामी वार्षिक साधारणसभाले पास गरेपछि वितरण गरिने कम्पनीसचिव भीष्म नेउपानेले जानकारी दिए।

नेपाल इन्स्योरेन्सको फुटसल प्रतियोगिता

काठमाडौं/ नेपाल इन्स्योरेन्स कम्पनीले आयोजना गरेको फुटसल प्रतियोगिता सम्पन्न भएको छ। कम्पनीले १९ र २० मंसिरमा सामाखुसी फुटसलमा प्रतियोगिता आयोजना गरेको थियो। प्रतियोगितामा नेपाल बिमा प्राधिकरणलगायत सम्पूर्ण जीवन, निर्जीवन लघु, पुनर्बिमा कम्पनीहरू तथा सर्भेयरसहित २५ संस्थाबाट २८ टिमको सहभागिता रहेको थियो।

प्रतियोगितामा नेको इन्स्योरेन्स प्रथम, नेपाल माइक्रो इन्स्योरेन्स द्वितीय र हिमालयन एभरेस्ट इन्स्योरेन्सका खेलाडी तृतीय भएका थिए। विजेता खेलाडीलाई कम्पनीका सञ्चालक समितिका अध्यक्ष चन्द्रसिंह साउद र प्रमुख कार्यकारी अधिकृत वीरकृष्ण महर्जनले प्रमाणपत्र, पदक तथा शिल्ड प्रदान गरेका थिए।

साथै, प्रतियोगितामा बेस्ट गोलकिपर नेपाल माइक्रो इन्स्योरेन्सका रोमन सिंह, बेस्ट डिफेन्डर हिमालयन एभरेस्टका सुनील थापा र हाइएस्ट स्कोरर हिमालयन एभरेस्टकै दिनेशकुमार सिंह तथा बेस्ट प्लेयर अफ द टुर्नामेन्ट नेको इन्स्योरेन्सका युकेश तामाङ बने। उनीहरूलाई ट्रफी प्रदान गरिएको थियो।

प्राइम बैंकका पूर्वसिइओ मानन्धरको निधन



काठमाडौं/ प्राइम कमर्सियल बैंकका पूर्वप्रमुख कार्यकारी अधिकृत (सिइओ) नारायणदास मानन्धरको निधन भएको छ। मानन्धरले बैंकको संस्थापनादेखि लामो समयसम्म नेतृत्व गरेका थिए। ८३ वर्षको उमेरमा आइतबार निधन भएको हो।

सन् १९६९ मा भूमि सुधार तथा बचत निगमको शाखा प्रमुखका रूपमा सेवा प्रवेश गरेका मानन्धरले राष्ट्रिय धानचामल कारखानाको प्रमुख कार्यकारी, कृषि विकास बैंकका प्रथम श्रेणीका विभागीय प्रमुख र पछि नायब महाप्रबन्धकका साथै धानचामल निर्यात कम्पनीका महाप्रबन्धक बनेका थिए। संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनमा परामर्शदाता, राष्ट्रिय वाणिज्य बैंकका कार्यकारी सञ्चालक, लुम्बिनी बैंकका प्रमुख सिइओ, विश्व बैंकको जलविद्युत् विकास कोष र नेपाल बंगलादेश बैंक लिमिटेड हुँदै प्राइम कमर्सियल बैंकमा सिइओ बनेका थिए।

नेपालको आर्थिक तथा बैंकिङ इतिहासमा मानन्धर महत्त्वपूर्ण भूमिकाका लागि चिनिन्छन्। उनको निधनबाट आर्थिक जगत्ले अपूरणीय क्षति व्यहोर्नुपरेको बैंकले जनाएको छ।

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड
NADEP Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत पत्र प्राप्त राष्ट्रियस्तरको संस्था)
केन्द्रीय कार्यालय, गजुरी-१, धादिङ्ग
फोन नं. ०१०-४०२१११, ४०२१२४, फ्याक्सः ०१०-४०२१११

केन्द्रीय कार्यालय स्थानान्तरणको सूचना

यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय गजुरी गा.पा. वडा नं. १, धादिङबाट सोहि जिल्लाको धुनिवेशी न.पा.वडा नं. ६, धार्केमा स्थानान्तरण गर्न मिति २०८२।०२।२५ गते सम्पन्न दशौं वार्षिक साधारण सभाबाट प्रस्ताव पारित भई नेपाल राष्ट्र बैंकको प.सं.बैं वि.नि.वि./लघुवित्त/नाडेप/०८२/८३ मिति २०८२।०८।०१ को पत्रबाट अन्तिम स्वीकृती भई आएकोले मिति २०८२।०८।०३ गते देखि धुनिवेशी न.पा.वडा नं. ६, धार्केमा स्थानान्तरण गरी कारोवार सञ्चालन हुदैं आएको व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नबिल बैंक लिमिटेड, गोलबजार शाखा, सिराहा जिल्लाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/०८/२२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/१२/०१ को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकका **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा गोलबजार शाखा, सिराहा जिल्ला**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्वन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

प्राईभेट फर्म रजिस्टेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७८/०१/१२ मा प्रा.फ.र.नं १४२८२/२०७७/०७८ (स्थानीय ब्यापार) अन्तर्गत दर्ता भएको **उत्तम ट्रेडर्स**।
ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा वडा नं ६।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:
श्याम सुन्दर महतोकी छोरी, कैला साह सुडीकी बुहारी, सन्तोष कुमार साहकी श्रीमती सिराहा जिल्ला, गोलबजार न.पा वडा नं ०६ बस्ने ना.प्रा नं. १५-०१-७२-०११८० (जारी मितिः २०७२/०३/०१ स्थानः सिराहा) भएकी **ममता महतो।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

भोलाई साहको नाती, कैला साह सुडीको छोरा सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल सिराहा जिल्ला, गोलबजार न.पा वडा नं ६ बस्ने ना.प्रा नं. ६८२५३-०२८९५०७२ (जारी मितिः २०६२/०४/०४ स्थानः सिराहा) भएको **सन्तोष कुमार साह**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल सिराहा जिल्ला, गोलबजार न.पा वडा नं ६ बस्ने **सन्तोष कुमार साह**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ०७ नक्सा सिट नं. ७क मा अवस्थित कि.न. ५८१३ क्षेत्रफल ०-०-४-० विघा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण:
ऋणी **उत्तम ट्रेडर्स** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्र-२-०१-००१ च ०४३४ भएको TATA XENON YODHA PICKUP

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा गोलबजार शाखा, सिराहा जिल्ला**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/०८/२८ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा गोलबजार शाखा, सिराहा जिल्ला**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०८/२९ गते ३:०० बजे बैंकको **गोलबजार शाखा, सिराहा जिल्ला**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकका **गोलबजार शाखा, सिराहा जिल्ला**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८२।०८।२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।०८।२९ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः

१. ऋणीको नामः अनिष ईन्टरप्राईजेज — **कर्जा शिर्षकः** क्यास क्रेडिट सुविधा र डिमाण्ड कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा दर्ता रहेको), दर्ता नं.: ५५६/५३९०/०७/०७१, दर्ता मितिः २०७०/०८/२८, स्थायी लेखा नं.: ६०१६७११७७, ठेगानाः नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
उमेश यादवः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६१०७०/१९२(२०६६/१०/२६/नवलपरासी), बाजेको नामः त्रिवेणी अहिर, बाबुको नामः छाडगुर अहिर, ठेगानाः नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ हाल परिवर्तित नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६।

व्यक्तिगत जमानतकर्ताहरू:
क. वुध्दिमान यादवः ना.प्र.प.नं (जारी मिति/स्थान): ७५७९४(२०६१/०९/२९/नवलपरासी), बाजेको नामः त्रिवेणी अहिर, बाबुको नामः छाडगुर अहिर, ठेगानाः नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ हाल परिवर्तित नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६।
ख. लक्ष्मी यादवः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७५-००२०४(२०७५/०१/१२/नवलपरासी), ससुराको नामः छाडगुर अहिर, पतिको नामः उमेश यादव, ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६।
ग. पुनम कुमारी यादवः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७५-०३३६४(२०७५/०६/२४/नवलपरासी), बाबुको नामः लालमन यादव, ससुराको नामः छाडगुर अहिर, पतिको नामः वुध्दिमान यादव, ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६।

२. ऋणीको नामः वुध्दिमान यादव — **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ७५७९४(२०६१/०९/२९/नवलपरासी), बाजेको नामः त्रिवेणी अहिर, बाबुको नामः छाडगुर अहिर, ठेगानाः नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ हाल परिवर्तित नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६।

व्यक्तिगत जमानतकर्ताहरू:
क. उमेश यादवः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६१०७०/१९२(२०६६/१०/२६/नवलपरासी), बाजेको नामः त्रिवेणी अहिर, बाबुको नामः छाडगुर अहिर, ठेगानाः नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ हाल परिवर्तित नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६।
ख. लक्ष्मी यादवः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७५-००२०४(२०७५/०१/१२/नवलपरासी), ससुराको नामः छाडगुर अहिर, पतिको नामः उमेश यादव, ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६।
ग. पुनम कुमारी यादवः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७५-०३३६४(२०७५/०६/२४/नवलपरासी), बाबुको नामः लालमन यादव, ससुराको नामः छाडगुर अहिर, पतिको नामः वुध्दिमान यादव, ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा, वडा नं. १६।

माथि उल्लेखित दुई ऋणीहरूको लिलाम हुने धितोको विवरणः
त्रिवेणी अहिरको नाति, छाडगुर अहिरको छोरा, नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ हाल परिवर्तित नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६ बस्ने **उमेश यादव** को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स./न.पा. वडा नं. २/ख स्थित कि.न. ६६१ को क्षेत्रफल ०-९-७-२ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

ऋणी अनिष ईन्टरप्राईजेजको लिलाम हुने धितोको विवरणः
त्रिवेणी अहिरको बुहारी, छाडगुर अहिरको पत्नी, नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ बस्ने **ज्ञानिया अहिर**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स./न.पा. वडा नं. २/ख स्थित कि.न. ४०० र ६७१ को क्षेत्रफल क्रमशः ०-१०-०-० र १-१०-४-० विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

ऋणी वुध्दिमान यादवको लिलाम हुने धितोको विवरणः
क. त्रिवेणी अहिरको नाति, छाडगुर अहिरको छोरा, नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ हाल परिवर्तित नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६ बस्ने **वुध्दिमान यादव**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स./न.पा. वडा नं. २/ख स्थित कि.न. ७३९ को क्षेत्रफल ०-०-८ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।
ख. त्रिवेणी अहिरको नाति, छाडगुर अहिरको छोरा, नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ हाल परिवर्तित नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६ बस्ने **वुध्दिमान यादव**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, हकुई गा.वि.स./न.पा. वडा नं. २/क स्थित कि.न. ४९५ को क्षेत्रफल ०-०-१०-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।
ग. लालमन यादवको छोरी, छाडगुर अहिरको बुहारी, वुध्दिमान यादवको पत्नी, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६ बस्ने पुनम **कुमारी यादव**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम) जिल्ला, हकुई गा.वि.स./न.पा. वडा नं. २/ख स्थित कि.न. ७४२ र ७३८ को क्षेत्रफल क्रमशः ०-०-६.७५-० र ०-०-८-० विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको नामः तुलाधर इन्टरप्राइजेज — **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र चालुपूंजी कर्जा
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा दर्ता रहेको) दर्ता नं.: १४४४३१/०७५/७६, दर्ता मितिः २०७५/०६/१८, स्थायी लेखा नं.: ६०८२८१३४६, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २२।

प्रोप्राईटरः
प्रचण्ड मान तुलाधरः ना.प्र.प.नं (जारी मिति/स्थान): ४३४६(२०५६/०६/०३/काठमाण्डौ), बाजेको नामः अष्टमान सिंह तुलाधर, बाबुको नामः शान्त मान सिंह तुलाधर, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २७ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २।

व्यक्तिगत जमानतकर्ताहरुः
क. चिनीया लक्ष्मी तुलाधरः ना.प्र.प.नं (जारी मिति/स्थानः ६/१५९/२२७(२०४४/१०/२२/काठमाण्डौ), बाबुको नामः कपील मुनी तुलाधर, ससुराको नामः अष्टमान सिंह तुलाधर, पतिको नामः शान्त मान सिंह तुलाधर, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २७ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २।
ख. प्रज्वल मान सिंह तुलाधरः ना.प्र.प.नं (जारी मिति/स्थानः ४१८३(२०५५/०७/१६/काठमाण्डौ), बाजेको नामः अष्टमान सिंह तुलाधर, बाबुको नामः शान्त मान सिंह तुलाधर, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २७ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २।
ग. रोजिता तुलाधरः ना.प्र.प.नं (जारी मिति/स्थानः ८२२८(२०५८/०९/२५/काठमाण्डौ), बाबुको नामः रविन्द्र मान तुलाधर, ससुराको नामः शान्त मान सिंह तुलाधर, पतिको नामः प्रज्वल मान सिंह तुलाधर, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३० स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २।

लिलाम हुने धितोको विवरणः
कपील मुनी तुलाधरको छोरी, अष्टमान सिंह तुलाधरको बुहारी, शान्त मान सिंह तुलाधको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २७ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २ बस्ने **चिनीया लक्ष्मी तुलाधर**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. (डिल्लीबजार) गा.वि.स./ न.पा. वडा नं. २७ स्थित कि.न. ५७१, ५६८ र ५६९ को क्षेत्रफल क्रमशः ०-०-०-३, ०-०-१-१ र ०-०-१-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको नामः लार्के हिमाल जडिवुटी सप्लायर्स — **कर्जा शिर्षकः** डिमाण्ड कर्जा, चालुपूंजी कर्जा र क्यास क्रेडिट
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग बबरमहल, काठमाडौंमा दर्ता रहेको), दर्ता नं.: १२/०६३/०६४, दर्ता मितिः २०६३/०४/२२, स्थायी लेखा नं.: ३०२३४७९४६, ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
दिपक पाण्डेः ना.प्र.प.नं (जारी मिति/स्थान): २९६६९(२०४७/०७/०८/गोरखा), बाजेको नामः श्रीकान्त पाण्डे, बाबुको नामः देवी प्रसाद पाण्डे, ठेगानाः गोरखा जिल्ला, मसेल गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३।

व्यक्तिगत जमानतकर्ताः
कोपीला पाण्डेः ना.प्र.प.नं (जारी मिति/स्थान): ९९५२३(२०५९/११/२१/गोरखा), बाबुको नामः कृष्ण बहादुर के.सी., ससुराको नामः देवी प्रसाद पाण्डे, पतिको नामः दिपक पाण्डे, ठेगानाः गोरखा जिल्ला, मसेल गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३।

लिलाम हुने धितोको विवरणः
क. कृष्ण बहादुर के.सी.को छोरी, देवी प्रसाद पाण्डेको बुहारी, दिपक पाण्डेको पत्नी, गोरखा जिल्ला, मसेल गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ बस्ने **कोपीला पाण्डे**को नाममा मालपोत कार्यालय गोरखाको लगतमा दर्ता श्रेष्ता कायम रहेको गोरखा जिल्ला, रानीस्वार गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.न. १९९ र १५३८ को क्षेत्रफल क्रमशः २-१२-१-२ र ०-५-३-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।
ख. कृष्ण बहादुर के.सी.को छोरी, देवी प्रसाद पाण्डेको बुहारी, दिपक पाण्डेको पत्नी, गोरखा जिल्ला, मसेल गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ बस्ने **कोपीला पाण्डे**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोलढुंगा गा.वि.स./न.पा. वडा नं. ३/छ स्थित कि.न. ३६४ र ३६८ को क्षेत्रफल क्रमशः ०-१-२-३ र ०-१-३-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

५. ऋणीको नामः लैला कुमारी गहतराज — **कर्जा शिर्षकः** आवास कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): १२०२/७७९५० (२०५३/०१/२५/सिन्धुपाल्चोक), बाबुको नामः काले काजी, ससुराको नामः पहलमान गहतराज, पतिको नामः चरि बहादुर गहतराज, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, मांखा गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १४, ठैव।

व्यक्तिगत जमानतकर्ताः
चरिबहादुर गहतराजः ना.प्र.प.नं (जारी मिति/स्थान): ३९७१/७४०४ (२०४४/१२/२९/सिन्धुपाल्चोक), बाजेको नामः धन बहादुर गहतराज, बाबुको नामः पहलमान गहतराज, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, मांखा गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १४, ठैव।

लिलाम हुने धितोको विवरणः
काले काजीको छोरी, पहलमान गहतराजको बुहारी, चरि बहादुर गहतराजको पत्नी, सिन्धुपाल्चोक जिल्ला, मांखा गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १४, ठैव बस्ने **लैला कुमारी गहतराज**को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, ठैव गा.वि.स./न.पा. वडा नं. ७/क स्थित कि.न. ७४७ को क्षेत्रफल ०-७-२-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO | Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



साबिक विजेताको निराशाजनक बिदाइ

लिग चरणको अन्तिम खेलमा कर्णालीसँग पराजित भएपछि जनकपुर बोल्ट्स अंकतालिकाको पुछारमा

रमेश सुवेदी/नयाँ पत्रिका



साबिक विजेता जनकपुर बोल्ट्सले दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा आठौँ स्थानमा रहँदै यात्रा टुंग्याएको छ । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आइतबार लिग चरणको अन्तिम खेलमा जनकपुरले कर्णाली याक्सविरुद्ध प्रतिस्पर्धा गरेको थियो । यो खेलमा पराजित हुने टोली पुछारमा रहने समीकरण थियो । स्लो स्कोरिङ खेलमा जनकपुर कर्णालीसँग ३ रनले पराजित भयो ।

चालू एनपिएलमा दोस्रो जित निकालेको कर्णालीले भने रनरेटका आधारमा छैटौँ स्थानमा रहँदै यात्रा सकाएको छ । कर्णाली र चितवन राइनोजको समान ४ अंक भए पनि रनरेटमा चितवन सातौँ स्थानमा रह्यो । पहिलो ब्याटिङ गरेको कर्णालीले २० ओभरमा नौ विकेट गुमाएर १२९ रन जोडेको थियो । १३० रनको सहज लक्ष्य पछ्याएको जनकपुरले २० ओभरमा सात विकेटको क्षतिमा १२६ रन मात्र बनायो ।

यसअघि कर्णाली लगातार चार खेलमा पराजित भएको थियो । पोखरासँग ३४ रन, काठमाडौँसँग पाँच विकेट, विराटनगरसँग तीन विकेट तथा सुदूरपश्चिमसँग ४५ रनले लगातार खेलमा हारेको थियो । कर्णालीले आफ्नो दोस्रो खेलमा लुम्बिनी लायन्सविरुद्ध नौ विकेटको जित निकालेको थियो । जनकपुरको एक मात्र जित चितवनविरुद्ध रह्यो । उसले चितवनलाई ६ विकेटले हराएको थियो । जनकपुर काठमाडौँविरुद्ध पाँच विकेट, विराटनगरविरुद्ध नौ विकेट, पोखराविरुद्ध २५ रन, सुदूरपश्चिमविरुद्ध ६ विकेट तथा लुम्बिनीसँग चार विकेटले पराजित भएको थियो ।

कर्णाली र जनकपुरबिचको खेलसँगै दोस्रो एनपिएलको लिग चरणका खेल सकिएका छन् । लिगमा सुदूरपश्चिम रोयल्स शीर्ष र दोस्रो स्थानमा विराटनगर किंग्स छन् । सुदूरपश्चिम र विराटनगरबिच पहिलो क्वालिफायर हुनेछ । तेस्रो स्थानको काठमाडौं गोर्खाज र चौथो लुम्बिनीले इलिमिनेटरमा प्रतिस्पर्धा गर्नेछन् ।

अन्तिम ओभरमा जनकपुरले जोड्यो १० रन

दोस्रो इनिङ्समा लक्ष्य पछ्याउँदा पिच स्लो भइसकेको थियो । पहिलो १० ओभरमा कमजोर सुरुवात गरेको जनकपुर त्यसपछि आक्रामक बन्यो । सञ्जय कृष्णमूर्ति र संगिथ कुरेले पाँचौँ विकेटका लागि ७५ रनको साझेदारी गर्दै जनकपुरलाई जितको आशा दिलाएका थिए । दुवैले आवश्यक रनरेट सुधार गर्दै टोलीलाई २९-४ बाट उकासेका थिए । तर, इनिङ्सको १६.६ ओभरमा कुरे सोमपाल कामीबाट क्याच आउट भए । कुरेले ३२ बलमा २५ रन बनाए ।

इनिङ्सको १९.१ ओभरमा सञ्जयले गुल्सन झाबाट क्याच आउट भए । उनले ३९ बलमा चार छक्का र एक चौका प्रहार गरी सर्वाधिक ५१ रनको योगदान दिएका थिए । यसअघि जनकपुरलाई जितका लागि अन्तिम ओभरमा १४ रन बनाउनुपर्ने थियो । क्रिजमा कृष्णमूर्ति थिए । नन्दन यादवले फ्याँकेको बलमा उनले गुल्सनलाई क्याच दिन पुगे ।

जनकपुरका लागि नामिबियाका जान निकोल इटन क्रिजमा थिए । उनले नौ बलमा दुई चौका प्रहार गरी १३ रन बनाए । इनिङ्सको अन्तिम बलमा जनकपुरलाई ४ रन बनाउनुपर्ने थियो । आदित्य महता रन लिने प्रयासमा आउट भए । आदित्य रन आउट हुँदा कर्णालीले ३ रनको रोमाञ्चक जित निकाल्यो । यो ओभरमा जनकपुरले महत्त्वपूर्ण दुई विकेट गुमाएको थियो ।

कर्णालीको कसिलो बलिङ

कृष्णमूर्ति र सञ्जयबिचको पाँचौँ विकेटका लागि साझेदारी चलिरहँदा जनकपुर प्रतिस्पर्धामा माथि रहेको थियो । तर, कर्णालीले लिगकै अन्तिम खेलको डेथ ओभरमा उत्कृष्ट बलिङ प्रदर्शन गऱ्यो । यसमा दीपेन्द्र रावत, नन्दन तथा सोमपालले स्तरीय बलिङ प्रदर्शन गर्दा जनकपुर लक्ष्यसम्म पुग्न सकेन । सोमपालले १०औँ ओभरपछि दुईपटक बलिङ गरी ११ रन खर्चेर एक विकेट लिए । नन्दनले तीन ओभरमा २३ रन दिँदै एक विकेट लिए । अन्तिम खेलमा अवसर पाएका दीपेन्द्रले २९ रन दिए ।

यसअघि जनकपुरले पावर प्लेमा कमजोर ब्याटिङ गऱ्यो । पावर प्लेमा जनकपुरले दुई विकेट गुमाएर २६ रन जोडेको थियो । १० ओभरको समाप्तिसम्म जनकपुरले स्कोर बोर्डमा चार विकेट गुमाएर ४० रन बनाएको थियो । आसिफ शेख र अनिल साह शून्यमा आउट भए । विलियम बोसिस्टो, मार्क वाट र पवन सर्राफले एक-एक विकेट लिँदा जनकपुरले पहिलो १० ओभरमा फितलो ब्याटिङ गरेको हो । कर्णालीले आफ्नो अन्तिम खेलमा इमरान शेखलाई अवसर दिएको थियो । सुरुवातमै ब्याटिङ गरेको कर्णालीका लागि ओपनर इमरानले सर्वाधिक ३३ रनको योगदान दिए । उनले ३२ बलमा समान एक चौका र छक्का प्रहार गरे ।

आगामी खेल

क्वालिफायर १		
२३ मंसिर	सुदूरपश्चिम रोयल्स-विराटनगर किंग्स	४ बजे
इलिमिनेटर		
२४ मंसिर	काठमाडौं गोर्खाज-लुम्बिनी लायन्स	४ बजे
क्वालिफायर २		
२५ मंसिर	क्वालिफायर १ को पराजित - इलिमिनेटरको विजेता	४ बजे
फाइनल		
२७ मंसिर	क्वालिफायर १ - क्वालिफायर २ कोविजेता	३:३० बजे

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	७	६	१	१२	०.८३
विराटनगर	७	५	२	१०	०.६८
काठमाडौं	७	५	२	१०	०.५३
लुम्बिनी	७	४	३	८	-०.३९
पोखरा	७	३	४	६	-०.१७
कर्णाली	७	२	५	४	-०.३५
चितवन	७	२	५	४	-०.६१
जनकपुर	७	१	६	२	-०.४४



खेलपछिका भनाइ

सिजनको समीक्षा गर्नुपर्छ

● **सोमपाल कामी**, कप्तान, कर्णाली



जनकपुर बोल्ट्सविरुद्ध १३० रन रक्षा गर्न सकिने आत्मविश्वास थियो । यो पिचमा स्लो स्कोरिङ रक्षा भएको उदाहरण छन् । जनकपुरविरुद्ध सुरुदेखि अन्तिमसम्म योजनाबद्ध रूपमै बलिङ भएको थियो । अन्तिम दुई ओभरमा नन्दन र मैले योर्कर फ्याँकेर दबाबमा राख्ने रणनीति बनायौँ । यद्यपि, हामीसँग स्पिनर कमी हुँदा फास्टबलरमाथि दबाब बढेको हो । चालू एनपिएलमा केही न केही कमजोर भयो । सोचेजस्तो केही पनि हुँदैन । चितवन र विराटनगरसँगको खेल गुमाएकाले पनि प्लेअफ दौडबाट बाहिरिएका हौं । यी दुवै खेलमा धेरै गल्ती गरेका थियौं । अब कर्णालीले दोस्रो एनपिएलको समीक्षा गर्नुपर्छ । अर्को सिजनमा उत्कृष्ट टोलीका रूपमा आउनुपर्छ । विदेशी स्टार खेलाडीसँग घरेलु युवा खेलाडीले ड्रेसिङ रुम सेयरिङ गर्ने अवसर पाएका छन् । एनपिएलको यो एउटा राम्रो अनुभव हो । हामीले यस्तो अवसर कमै पाउँछौं ।

धेरै छक्का प्रहार गर्ने ब्याट्सम्यान

मार्क वाट (कर्णाली)

खेल : ७, **छक्का** : २१
चौका १३, **रन** : २४६



दोस्रो संस्करणमा कर्णाली याक्स छैटौँ स्थानमा रह्यो । कर्णालीका ओपनर मार्क वाटले एनपिएलमा सर्वाधिक छक्का प्रहार गर्ने रेकर्ड राखेका छन् । उनले सात खेलमा सर्वाधिक २१ छक्का प्रहार गरेका छन् । लिगकै अन्तिम खेलमा उनले जनकपुरविरुद्ध बाउन्ड्री लगाउन सकेनन् । एनपिएलमा उनले २४६ रन बनाएका छन् । उनी दोस्रो धेरै रन बनाउने खेलाडी हुन् ।

रवि बोपारा (चितवन)

खेल : ७, **छक्का** : १३
चौका : १२, **रन** : २३७



चितवनका लागि यसपटक चलेका ब्याट्सम्यान नै इंग्ल्यान्डका बोपारा हुन् । उनी लगातार दोस्रोपटक चितवनबाट सर्वाधिक रन बनाउने खेलाडी बने । चालू एनपिएलमा उनी तेस्रो धेरै छक्का लगाउने खेलाडी हुन् । सातै इनिङ्स ब्याटिङ गरेका उनले १३ छक्का ठोकेका छन् । उनले लगातार तीन अर्धशतक जमाएका थिए । बोपाराले १२ पटक चौका प्रहार गरे ।

एडम रोसिंटन (पोखरा)

खेल : ७, **छक्का** : १९
चौका : ३१, **रन** : ३२३



पोखराका ओपनर रोसिंटनले प्रतियोगितामा दोस्रो धेरै छक्का लगाएका छन् । उनले सात खेलमा १९ छक्का प्रहार गरे । उनले कर्णालीविरुद्धको प्रतिस्पर्धामा १०८ रनको शतकीय इनिङ्स खेलेका थिए । यस खेलमा सात छक्का प्रहार गरे । चालू एनपिएलमा उनले सर्वाधिक व्यक्तिगत रन (३२३) जोडेका छन् । दोस्रो एनपिएलमा उनी सर्वाधिक रन तथा चौका प्रहार गर्ने खेलाडी हुनेछन् ।

लोकेश बम (विराटनगर)

खेल : ७, **छक्का** : १३
चौका : ६, **रन** : १६५



विराटनगरको ओपनिङ बलियो हुनुका पछाडि लोकेशको आक्रामक ब्याटिङ हो । लोकेश चालू एनपिएलमा घरेलु खेलाडीमध्ये सर्वाधिक छक्का लगाउने खेलाडी हुन् । समग्रमा उनी एनपिएलकै चौथो धेरै छक्का हिर्काउने ब्याट्सम्यानसमेत हुन् । उनले १३ छक्का र ६ चौका प्रहार गरेका छन् । क्वालिफायर वानमा पुगेको विराटनगरबाट उनले बाउन्ड्री संख्या बढाउन अवसर पाउनेछन् ।

■ आजको तस्बिर



जितपछिको खुसी जनकपुर बोल्ट्सलाई ३ रनले हराएपछि कर्णाली याक्सका खेलाडी ।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

अन्तिम खेलमा चार खेलाडी परिवर्तन

दोस्रो संस्करणको एनपिएलमा कर्णाली याक्स र जनकपुर बोल्ट्सले आइतबार आफ्नो अन्तिम खेलमा खेलाडी परिवर्तन गरेका छन् । जनकपुर बोल्ट्ससँगको प्रतिस्पर्धामा कर्णालीले नियमित खेलाडीको स्थानमा दीपेन्द्र रावत र इमरान शेखलाई मौका दिएको हो । इमरानले एनपिएलमा डेब्यु गरेको खेलमै ओपनिङको अवसर पाए । उनले डेब्युमा ३३ रन जोडेका थिए ।

यसैगरी अर्को खेलाडी दीपेन्द्रले ११औँ क्रममा ब्याटिङ गरी २ रन बताए । यसैगरी जनकपुरले पनि कर्णालीविरुद्ध दुई खेलाडी परिवर्तन गरेको थियो । तुलबहादुर थापामगर र पप्पु यादवले मौका पाए । ट्यालेन्ट हन्टबाट छनोट भएका पप्पुसहित तुलबहादुरले दोस्रो सिजनमा डेब्युको मौका पाए । बलिङमा तुलबहादुरले दुई ओभरमा १५ रन खर्चेका थिए । जनकपुरविरुद्ध बलिङ गरेका दीपेन्द्रले तीन ओभरमा २९ रन खर्चेका थिए । पप्पुले भने ब्याटिङ र बलिङ गर्न पाएनन् ।

फराकिलो जितको अन्तर

▶ दोस्रो संस्करणको लिग चरणमा विराटनगर र पोखराले तेस्रो खेलमा प्रतिस्पर्धा गरेका थिए । खेलमा विराटनगरले ५३ रनको अन्तरले जित निकाल्यो । पहिलो ब्याटिङ गरेको विराटनगरले लोकेश बमको ७२ रनको सहयोगमा ६ विकेट गुमाएर २२० रन बनायो । प्रत्युत्तरमा पोखराले १८.५ ओभरमा सबै विकेट गुमाएर १६७ रन मात्र जोड्दा विराटनगरले चालू एनपिएलमा ठुलो अन्तरको जित आफ्नो नाममा लेखायो । लोकेशले ४८ बलमा सात छक्का र एक चौका प्रहार गरे । न्युजिल्यान्डका मार्टिन गुप्तिलले ३५ बलमा पाँच छक्का र तीन चौका प्रहार गरी ६१ रन जोडे । विराटनगरका लागि मर्चान्ट डी लांगे, प्रतिश जिसी, शुभम रन्जने तथा सन्दीप लामिछानेले समान दुई विकेट हात पारेका थिए ।

विराटनगर किंग्स २२०/६
पोखरा एभेन्जर्स १६७/१०
विराटनगर ५३ रनले विजयी

▶ चालू एनपिएलअन्तर्गत १५औँ खेल लो स्कोरिङ भएको थियो । काठमाडौंले सुरुवातमा ब्याटिङ गरी १९.४ ओभरमा सबै विकेटको क्षतिमा १४२ रन जोड्यो । चितवनले सहज मानिएको लक्ष्य भेट्टाउन सकेन । १७.२ ओभरमा चिवतन ८९ रनमै समेटियो । काठमाडौंले यो खेल ५३ रनले बाजी मारेको थियो । काठमाडौंका विकेटकिपर ब्याट्सम्यान जोन सिम्पसनले २९ बलमा ६० रन र दुई ब्याट्सम्यानलाई स्टम्पिङ गरे । उनले पाँच छक्का र तीन चौका प्रहार गरेका थिए । पाकिस्तानका सोहेल तनभिरले चार विकेट लिँदा काठमाडौं अलआउट भएको थियो । प्रत्युत्तरमा चिवतनका लागि देव खनाल तथा रवि बोपाराले समान २१ रनको योगदान दिए । रासिद खानले १.२ ओभरमा ३ रन खर्चेर तीन विकेट लिँदा काठमाडौंले ५३ रनको जित निकाल्यो ।

काठमाडौं गोर्खाज १४२/१०
चितवन राइनोज ८९/१०
काठमाडौं ५३ रनले विजयी

▶ सुदूरपश्चिम रोयल्स र चितवन राइनोजबिच एनपिएलको २४औँ खेल भएको थियो । सुदूरपश्चिमले चितवनमाथि ४९ रनको जित निकाल्यो । यो एनपिएलकै तेस्रो फराकिलो जित अन्तर रह्यो । पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले चार विकेटको क्षतिमा १६९ रन बनाएको थियो । क्रिस लियनले ५६ बलमा ७५ रनको योगदान दिए । प्रत्युत्तरमा चितवनले १७.१ ओभरमा १२० रन बनाउँदा तेस्रो फराकिलो हारको सामना गऱ्यो । लक्ष्य पछ्याएको चिवतनको इनिङ्समा रवि बोपाराले सर्वाधिक २९ तथा देव खनालले २८ रनको योगदान दिएका थिए । सुदूरपश्चिमलाई सानदार जित दिलाउने क्रममा पुनीत मेहराले २.१ ओभरमा १४ रन खर्चेर तीन विकेट हात पारेका थिए ।

सुदूरपश्चिम १६९/४
चितवन राइनोज १२०/१०
सुदूरपश्चिम ४९ रनले विजयी

▶ चालू एनपिएलमै सर्वाधिक योगफल बनाएको विराटनगर किंग्सले चौथो ठुलो अन्तरको हार निकालेको छ । एनपिएलअन्तर्गत १२औँ खेलमा विराटनगरले चितवन राइनोजविरुद्ध प्रतिस्पर्धा गरेको थियो । खेलमा चितवन ४८ रनले विजयी भयो । पहिलो ब्याटिङ गरेको चितवनले पाँच विकेट गुमाएर १७४ रन बनायो । विराटनगरले १६.५ ओभरमा सबै विकेट गुमाएर १२६ रन जोडेको थियो । चितवनको सानदार जितमा रञ्जित कुमारले घातक बलिङ गरी २१ रन खर्चेर पाँच विकेट लिएका थिए । यसअघि चितवनका रवि बोपाराले ३८ बलमा चार छक्का र तीन चौका प्रहार गरी सर्वाधिक ६५ रन जोडेका थिए । विराटनगरको ब्याटिङमा मर्चन्ट डी लांगेले २२ बलमा चार छक्का र दुई चौका प्रहार गरी ३९ रन जोडेका थिए । प्रतिश जिसीले १२ बलमा तीन छक्का र दुई चौकाको सहयोगमा ३० रनको योगदान दिँदा विराटनगरले सय रनमाथिको योगफल कटाएको थियो ।

चितवन राइनोज १७४/५
विराटनगर किंग्स १२६/१०
चितवन ४८ रनले विजयी

▶ सुदूरपश्चिमले फर्ममा रहेको कर्णालीविरुद्ध १० औँ खेलमा प्रतिस्पर्धा गरेको थियो । पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा नौ विकेट गुमाएर १३९ रन बनाएको थियो । १४० रन सहज लक्ष्य थियो, तर कप्तान दीपेन्द्रसिंह ऐरीले अलराउन्ड प्रदर्शन गर्दा सुदूरपश्चिमले १३९ रन रक्षा गऱ्यो । कर्णालीले १९.२ ओभरमा सबै विकेट गुमाएर ९४ रन जोड्दा सुदूरपश्चिम ४५ रनले विजयी भयो । दीपेन्द्रसिंहले ब्याटिङमा २८ बलमा ३९ रन तथा बलिङमा २३ रन खर्चेर चार विकेट हात पारेका थिए ।

सुदूरपश्चिम रोयल्स १३९/९
कर्णाली याक्स ९४/१०
सुदूरपश्चिम ४५ रनले विजयी



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com